“सहकारी संघ/संस्थाहरुको प्रवर्द्धन, विकास एवम् बैंकिङ्ग कारोबारको लागि सहकारी क्षेत्रको एक मात्र बैंक”

राष्ट्रिय सहकारी बैंक लिमिटेडद्वारा प्रकाशित

# सहकारिता

SAHAKARITA
(त्रैमासिक) Quarterly

वर्ष ७, अंक १३, श्रावण–आश्विन, २०७५ www.ncbl.coop (July - September, 2018)

## राष्ट्रिय सहकारी बैंकको कारोबार शुभारम्भ दिवस मनाइदैं

# प्रदेश स्तरीय शाखा सञ्चालन गर्न बजेट विनियोजन

*ललितपुर,*




देशभरका सहकारीहरुको एक मात्र बैंकका रुपमा स्थापित राष्ट्रिय सहकारी बैंक लिमिटेडले कारोबार शुभारम्भ गरेको २०७५ साउन १९ गतेदेखि १५ वर्ष पुरा गरी १६ वर्ष प्रवेश गर्दैछ । २०६० साल असार २५ गते सहकारी विभागमा दर्ता भएको बैंकले २०६१ साउन १९ गतेदेखि विधिवत रुपमा कारोबार शुभारम्भ गरेको थियो । सहकारी संघ/संस्थाहरुको प्रवर्द्धन गर्ने उद्देश्यका साथ नेपाल सरकारको एक करोड शेयर पूँजी र एक करोड सहकारी संस्थाहरुको गरी जम्मा दुई करोड बाट यात्रा शुरु गरेको बैंकले १५ वर्ष दौरानमा देशभर सञ्जाल विस्तार, ४४ शाखा स्थापना, करिव १० हजार संघ/संस्थालाई सदस्य बनाउन सफल भएको छ। कारोबार शुभारम्भ गर्दाको वर्ष (आ.व. २०६१/०६२) बैंकका ३ करोड ८७ लाख, १६ हजार १ सय शेयर पूँजि, ५ करोड ६२ लाख २७ हजार १ सय १३ निक्षेप र ८ करोड ८७ लाख ८९ हजार ४ सय ९४ रुपैया कर्जा लगानी रहेको थियो । निरन्तर सदस्य, शेयर पूँजि, निक्षेप, कुल कारोबारमा वार्षिक रुपमा वृद्धि गर्दै आर्थिक वर्ष २०७४/०७५ को अन्त्यसम्म करिव १० हजार शेयर सदस्यवाट १ अर्व भन्दा बढ़ी शेयर रकम, करिव २० अर्व निक्षेप, करिव १३ अर्व कर्जा लगानी गर्न बैंक सफल भएको छ । यो आर्थिक वर्षमा बैंकले २९ करोड ५० लाख रकम नाफा गर्न सफल भएको छ । आ.व. २०७३/०७४ मा आफ्ना सदस्य संघ संस्थाहरुलाई १४ प्रतिशत मुनाफा वितरण गरेको बैंकले २०७४/०७५ को कारोबारबाट १५ प्रतिशत लाभांश दिने लक्ष्य बनाएको छ । यस अबधिमा बैंकले सदस्य सहकारी संघ/संस्थाहरुका

>> बाँकी पृष्ठ १०




कारोबार शुभारम्भका अवसरमा आयोजित कार्यक्रम २०६१ साउन १९ गते ।

## के भन्छन् ? बैंकका महिला विभागिय तथा शाखा प्रमुखहरु

**सहकारी क्षेत्रमा रोजगारीका अवसरहरु दिन प्रतिदिन बढ्दै गैरहेका छन् । देशका सहकारीहरु एक मात्र बैंकका रुपमा रहेको राष्ट्रिय सहकारी बैंक पनि रोजगारीको गन्तव्य बन्दै गएको छ । पछिल्लो समय महिला कर्मचारीहरुको सहभागिता बढ्ने क्रममा छ । बैंकको रोजगारी र आफ्नो जिम्मेवारीका विषयमा के भन्छन्, राष्ट्रिय सहकारी बैंकका विभागीय प्रमुख र शाखा प्रमुखहरु :**

>> (पृष्ठ २० देखि २७ सम्म हेर्नु होला ।)

*राष्ट्रिय सहकारी बैंक लिमिटेडद्वारा प्रकाशित*

# सहकारिता

**सल्लाहकार:**

रमेशप्रसाद पोखरेल
के.बी. उप्रेती
कुलचन्द्र अधिकारी

**सूचना, सञ्चार तथा प्रकाशन उप-समिति:**

**संयोजक:**

रामबहादुर जि.सी.

**सदस्यहरु:**

डिल्ली पोखरेल, आर. एस. तिमल्सिना

**सदस्य सचिव**

नवीन कुमार कार्की

**सहयोगी:**

नबीन पौडेल, मनोज श्रेष्ठ, राजु ठकुरी

**ठेगाना:**

राष्ट्रिय सहकारी बैंक लिमिटेड
कर्पोरेट कार्यालय, कुपण्डोल, ललितपुर
फोन: ०१-५१८०१८२
फ्याक्स: +९७७-०१-५५५५६८७
Email: publication@ncbl.coop,
ncbl@ncbl.coop
Website: www.ncbl.coop

**मुद्रण:**

**Triumph Media Pvt. Ltd.**
Nayabazar, Kathmandu, Nepal
Tel. : 01- 4389321
www.triumphmedianepal.com

## सम्पादकीय

# सातै प्रदेशमा सहकारी बैंकका शाखाको स्तरोन्नती गरौ

मुलुक संघीय शासन प्रणाली अन्तर्गत सञ्चालन भैरहेको छ । स्थानीय तह, प्रदेश र संघीय तहका निर्वाचनहरु सम्पन्न भएर तीन वटै तहको सरकार बनि सकेको अवस्था छ । सहकारी क्षेत्रको प्रवर्द्धन लगायत नियमन अनुगमनको जिम्मेवारी पनि तीन वटै तहका सरकारको जिम्मेवारीमा परेको छ । संघमा एउटा, प्रदेशमा ७ वटा र स्थानीय तहमा ७ सय ५३ वटा सहकारी ऐन बन्ने र ति ऐन अनुसार सम्बन्धित ठाउँमा सहकारी सचालन हुने भएका छन् । संघीय संसदबाट पारित सहकारी ऐन कार्यान्वयनको करिव १ वर्ष हुन लागि सकेको छ । स्थानीय सरकारले आफ्नो ऐन निर्माण गर्ने क्रममा छन् भने प्रदेश सरकारहरुले पनि सहकारी ऐन निर्माणका लागि छलफलको प्रक्रिया अगाडि बढाएका छन् । तीन वटै तहका सरकारहरुले बनाउने ऐनहरुले सहकारी क्षेत्रलाई सवल बनाउन सहयोग गर्नु पर्छ । सहकारी ऐन तथा नियमावलीहरु सहकारी मैत्री बन्न जरुरी छ ।

राष्ट्रिय सहकारी बैंक लिमिटेड सहकारीहरुको प्रवर्द्धन र विकासका लागि स्थापित बैंक हो । यसले छोटो समयमा देशभर आफ्नो सञ्जाल विस्तारका साथै ४४ वटा शाखा समेत सञ्चालन गरेको छ । देशभरका सहकारीहरुलाई सदस्य बनाउने लक्ष्यका साथ अगाडि बढेको बैंकले देशको एक ठाउँमा रहेको पूँजिलाई अर्को ठाउँमा परिचालन गर्दै आएको छ । लगानी आवश्यक हुने ठाउँमा पूँजि नहुन पनि सक्ने भएकाले देशभरबाट पूँजि संकलन गर्ने र आवश्यक ठाउँमा लगानी गर्ने कार्यले पूँजि धेरै भएका ठाउँका सहकारीहरुले ब्याज र नाफा बढी पाउने तथा पूँजिको अभाव भएका ठाउँका सहकारी संस्थाहरुले कर्जा लिएर आफ्ना सदस्यलाई स्वरोजगारतर्फ अग्रसर गराउदै उद्यमशिल बनाउने भएकाले यसको संरचनालाई देशव्यापी नै बनाउन आवश्यक छ । प्रदेश स्तरमा सहकारी बैंक स्थापना गरियो भने कतै पूँजि धेरै हुने र कतै लगानीको अभाव हुने अवस्था सिर्जना हुने भएकाले देशव्यापी सञ्जाल भएको सहकारी बैंकका प्रदेश कार्यालयहरु प्रदेश सरकारको मातहतबाट सञ्चालन गर्ने तर कारोबार देशव्यापी गराउन आवश्यक छ । यसो गर्न सकियो भने एउटा प्रदेशको आवश्यकतालाई अर्को प्रदेशको स्रोतले सहयोग गर्न सकिन्छ ।

प्रत्येक प्रदेशमा छुट्टा छुट्टै सहकारी बैंक स्थापना गर्ने लक्ष्यका साथ प्रदेश सरकारहरु लागि परेका छन् । आफ्नो प्रदेशको मात्र सहकारीहरुको पूँजिले बैंक सञ्चालन गर्न सकिन्छ कि सकिदैन ? सहकारीमार्फत आर्थिक रुपान्तरणका लागि पूँजिको प्रर्याप्तता हुन्छ कि हुदैन ? आदी बारेमा छलफल गरी अगाडि बढ्दा नै सहकारीमार्फत आर्थिक विकासमा योगदान गर्न सकिन्छ । धेरै संस्था बनाउने भन्दा भएका संरचनाहरुलाई प्रभावकारी बनाउने तिर प्रदेश सरकारहरुको ध्यान जान जरुरी छ ।





बैंकको कार्यक्रममा प्रमुख अतिथिलाई उद्घाटन कार्यक्रमको फोटो सहितको मायाको चिनो प्रदान गरिदैं ।

# सहकारी अभियान र यसको वित्तीय योगदान



**रमेश प्रसाद पोखरेल**
**अध्यक्ष**
**राष्ट्रिय सहकारी बैंक लिमिटेड**

सहकारी एउटा विकास मोडल हो, जसमा पुंजीबादी र समाजबादी अर्थनीतिको समिश्रण हुन्छ, सहकारीमा सामुहिक उधमको माध्यामवाट सदस्यहरुलाई सिमित लाभ र असिमित सेवा प्राप्त हुन्छ ।

व्यक्तिहरुको स्वेच्छिक सहभागितावाट उनीहरुको साझा आर्थिक, सामाजिक र सांस्कृतिक आवश्यकता तथा आकांक्षा परिपूर्तिका निमित्त सामुहिक स्वामित्व र प्रजातान्त्रिक पद्दतिवाट नियन्त्रित र संचालित स्वायत उधम नै सहकारी हो, सन् १८४४ अक्टुबर २४ का दिन बेलायातको रोच डेल भन्ने ठाउँमा २८ जना मजदुरहरुको समिति बनेको रोचडेलका सामूहिक अग्रदूतहरुको समिति नै विश्वको प्रथम सहकारी संस्थाको रुपमा चिनिन्छ, यस संस्थाले समुदायमा पारेको प्रभाव र औधोगिक क्रान्तिवाट उत्पन्न समस्याको हलका निमित्त पुर्याएको योगदान प्रसंसनिय बन्न पुग्यो यसको प्रभाव अरु मुलुकमा पनि विस्तार हुने क्रम शुरुवात भयो । बहुआयामिक क्षेत्रमा यसलाई अगाडी बढाउन थालियो, एउटा मात्र विषय र क्षेत्रमा सहकारी सीमित रहेन सन् १८४९ मा जर्मनीमा बचत तथा ऋण सहकारी संस्था प्रत्येक सबैका लागि र सबै प्रत्येकका लागि (One for all, and all for one) भन्ने नाराका साथ स्थापना हुन् गयो । यसका संस्थापक F.W. Raiffeisen मानिनु हुन्छ, सन् १८८२ मा डेनमार्कमा दुग्ध सहकारी संस्थाको स्थापना हुन् गयो । दुग्ध सहकारी अभियानमा डेनमार्क अग्रणी मुलुकको रुपमा विश्वमा परिचित छ, त्यस्तैगरि सन् १९००, सन् १९०४ र सन् १९१२ मा क्रमश जापान, भारत र चीनमा सहकारी अभियानको प्रवेश बचत तथा ऋण प्रकृतिका संस्थाहरुको स्थापना संगै भएको देखिन्छ ।

विश्वको शक्तिशाली मुलुकको रुपमा रहेको अमेरिकाको कुल जनसंख्या ३२ करोड ६३ लाख ३२ हजार मध्य ठुलो परिमाणमा सहकारीको सदस्य रहेका छन् । अमेरिकामा २९ हजार सहकारी संस्थाहरु सक्रिय रहेका छन् २० लाख भन्दा बढीले रोजगारी पाएका छन् बार्षिक ७ खर्व अमेरिकी डलर भन्दा माथिको कारोवार हुने गरेको छ ।

युरोपका सबै देशमा वित्तीय क्षेत्रमा सहकारीको योगदान ४० प्रतिशत भन्दा बढी रहेको छ भने विश्वमै कृषि क्षेत्रमा सहकारीको योगदान ३२ प्रतिशत भन्दा माथि रहेको देखिन्छ विमा, आवास, शिक्षा, स्वास्थ्य, पर्यटन, यातायात, उधोग, व्यापार, उर्जा, महिला शशक्तिकरण, वित्तीय साक्षरताको क्षेत्रमा विश्वभरिनै सहकारीको योगदान उल्लेख्य रहेको देखिन्छ सामाजिक व्यबसायको रुपमा परिचित यो अभियान विश्वब्यापी रुपमा विकासबादी अभियानको रुपमा स्थापित भएको छ ।

नेपालको सन्दर्भमा वि.स. २०१० मा सहकारी विभागको स्थापना भएको भएता पनि वि.स. २०१३ साल चैत्र २० गतेवाट संस्थागत विकास अगाडी बढेको छ, वि.स. २०१६ मा सहकारी संस्था ऐन जारी भई २०१८ सालमा नियमावली जारी भएको थियो, पंचायती व्यवस्थामा यो अभियानले अन्तर्राष्ट्रिय मुल्य, मान्यता र सिद्धान्तलाइ पूर्ण पालना गर्न सकेन नियन्त्रित साझा (सहकारी) कार्यक्रमको रुपमा सिमित रहन पुग्यो ।

पटक पटक आदेश जारी गरिन्थियो । मुठ्ठीभर व्यक्तिहरुको स्वार्थ पूर्ति गर्ने थलोको रुपमा संस्थाहरु रहेका थिए, लगानीको हिसावले बढी लगानी राज्यले गर्ने क्षेत्रमा साझा (सहकारी) थियो तर उपलब्धि न्यून थियो वि.स. २०४१ सालमा साझा संस्था ऐन र २०४३ सालमा नियम जारी गरिएको थियो ।

वि.स. २०१९ सालमा सहकारी बैंक ऐन निर्माण गरि वि.स. २०२० सालमा सहकारी बैंकको स्थापना गरिएको थियो, तर २०२४ सालमा उक्त बैंक लाइ कृषि विकास बैंकमा परिणत गरियो, लामो समय सम्म साझा (सहकारी) संस्थाहरु कृषि विकास बैंकको एजेन्टको रुपमा काम गर्दै गरेको अवस्था रह्यो ।

वि.स. २०४८ सालको सहकारी ऐनको प्रादुर्भाव संगै नेपालको सहकारी अभियान अन्तर्राष्ट्रिय मुल्य मान्यता र सिद्धान्त अनुसार संचालित हुन् थाल्यो सहकारीका आफ्नै आधारभूत मुल्यहरु रहेका छन ।

- स्वालम्बन आत्म सहयोग (Self Help)
- स्व उत्तर दायित्व (Self Responsibility)
- प्रजातन्त्र (Democracy)
- समानता (Equality)

त्यसै गरी नैतिक मुल्यहरुका रुपमा समानता, एक्यबद्धता, इमान्दारिता, सामाजिक जिम्वेवारी, खुलापन, अरुको हेरचाह रहेका छन् ।

अन्तर्राष्ट्रिय सहकारी महासंघद्वारा प्रतिपादित सहकारीका ७ सिद्धान्त समेत रहेका छन् जसमा स्वेच्छिक तथा खुल्ला सदस्यता, सदस्यद्वारा प्रजातान्त्रिक नियन्त्रण, सदस्यको आर्थिक सहभागिता स्वायत्त तथा स्वतन्त्रता, शिक्षा, तालिम तथा सूचना, सहकारीहरु बिच सहयोग, समुदाय प्रति चासो यी सिद्धान्तहरुले विश्वभरिका सहकारी संघ संस्थाको संचालन प्रकृयामा एकरुपता ल्याउने गरेको छ ।

वि.सं.२०४८ पछिको समयलाई विश्लेषण गर्ने हो भने नेपालको सहकारी अभियानको ईतिहास त्यति लामो छैन । हाल नेपालका ७ वटै प्रदेश र ७७ वटै जिल्लामा सहकारी संघ संस्थाहरु दर्ता भई संचालनमा रहेका छन् । संख्यात्मक हिसावले प्रारम्भिक सहकारी संस्थाहरु ३४५१२, जिल्ला संघहरु ६९,

विषयगत जिल्ला संघहरु २५६, विषयगत केन्द्रीय संघहरु २०, राष्ट्रिय सहकारी बैंक लिमिटेड १, राष्ट्रिय सहकारी महासंघ १ गरी जम्मा ३४८४९ रहेका छन् । बचत तथा ऋणको नामबाट मात्र १४००० भन्दा बढी संस्थाहरु दर्ता भएका छन् भने बहुउद्देश्यीय र अन्य अमूख नामका समेत गर्दा कुल सहकारी संघ संस्थाको ५० प्रतिशत भन्दा बढीले आफ्नो कारोवार बचत तथा ऋणको मात्र गर्ने गर्दछन् । सहकारीमा आबद्ध सदस्यको संख्या ६३ लाख भन्दा बढी रहेको छन, सहकारीमा ६५ हजार भन्दा बढ़ीले प्रत्यक्ष रोजगारी प्राप्त गरिरहेका छन भने १० लाख भन्दा बढीले अप्रत्यक्ष रुपमा रोजगारी प्राप्त गरिरहेको तथ्याङ्क छ । कुल सदस्य मध्ये ५१ प्रतिशत माथी महिलाहरुको सहभागिता रहेको छ । नेतृत्वको क्षेत्रमा महिलाको सहभागिता ३७ प्रतिशत माथी रहेको देखिन्छ ।

अर्न्तराष्ट्रिय सहभागितामा नेपालको उपस्थिती प्रसंसनिय मानिएको छ । २३ भोट सहित राष्ट्रिय सहकारी महासंघ। राष्ट्रिय सहकारी बैंक लिमिटेड, केन्द्रिय कृषि सहकारी संघ लिमिटेड र केन्द्रिय बहुउद्देश्यीय सहकारी संघ लि अन्तराष्ट्रिय सहकारी महासंघको सदस्य रहेका छन् । एसोसिएट सदस्यको रुपमा राष्ट्रिय सहकारी विकास बोर्ड समेत रहेको छ । हाल अन्तराष्ट्रिय सहकारी महासंघको संचालक समितिमा एसिया प्यासिफिक क्षेत्रको समितिमा समेत नेपाल निर्वाचित भएको छ ।

## वित्तीय क्षेत्रमा सहकारी

सबै नितिको अगुवाई गर्ने नितिको रुपमा राजनितिलाई मानिए जस्तै सहकारी अभियानलाई उपलब्धीमूलक बनाउन र सामाजिक, सास्कृतिक क्षेत्रलाई जगेर्ना गर्न आर्थिक पाटो महत्वपुर्ण हुन जान्छ । नेपालको सन्दर्भमा सहकारी क्षेत्रको वित्तीय उपलब्धि प्रसंसनीय मनिएको छ । वित्तिय साक्षरताको अभियानलाई यसले महत्वपूर्ण भूमिका निर्वाह गरी रहेको छ । वर्तमान समयमा पनि नेपाली जनता करिब ४० प्रतिशतले मात्र बैंक वित्तिय संस्थाको पहुचमा पुग्न सकेको तथ्याङ्क छ । सहकारी अभियानले बचत गर्ने बानी बसाल्ने, फजुल खर्चको नियन्त्रण र सामाजिक विकृतिमा सुधार जस्ता कार्यमा सफलता प्राप्त गर्दै गईरहको छ । हिजो पैसा बासी राख्न हुन्न घरमा कुलछीन लाग्छ भन्ने समुदायलाई आज पैसा संचीत गर्दा खाँचो ग्राहो टर्छ भन्ने वातावरण र व्यवहारिक रुपमा रुपान्तरण गर्न सहकारी अभियान सफल बनेको छ ।

महिला ससक्तीकरण र आर्थिक क्षेत्रमा उहाँहरुको पहुच पऱ्याउने कार्यमा समेत सहकारी अभियानले ठुलै सफलता प्राप्त गरेको छ । दर्ता भई क्रियाशिल रहेका अधिकांश सहकारी संघ संस्थाहरुले आफ्नो सदस्य मार्फत बचत संकलन गर्ने गर्दछन । नेपाल कृषि प्रदान देशको रुपमा चिनिन्छ । नेपालमा ५६ लाख भन्दा बढी घर परिवार मध्ये करिब ६५ प्रतिशत कृषि पेशामा आबद्ध छन् । उनीहरुलाई व्यवसायीकरण गर्दै उत्पादन बृद्धि गनुपर्ने आजको आवश्यकता हो । सहकारी क्षेत्रमा संकलित पूँजीलाई अव उत्पादन क्षेत्रमा प्रयोग गर्दै अधिकत्तम रोजगारी सृजना गर्न आवश्यक छ। सहकारी क्षेत्रमा ७३ अर्व शेयर, ३०२ अर्वको निक्षेप परिचालन र २७५ अर्व कर्जा लगानी रहेको छ । जसले ६५० अर्वको कारोवार गरिरहेको क्षेत्रको रुपमा सहकारी क्षेत्र परिचीत भएको छ । सहकारी मार्फत गाउँ गाउँमा आर्थिक शक्तिको उदय भएको छ । नागरिकहरुवीच वित्तिय पहुँचमा विस्तार भएको छ। सहकारी पद्धतीको प्रयोगबाट वित्तिय साक्षरतामा सुधार आएको छ । हाम्रो भन्ने भावनाको बिकास भएको छ । राजनितिक क्षेत्रमा देखीएको अस्वस्थतामा सुधार भएको छ । आर्थिक, सामाजिक रुपान्तरण भएको छ । नेपालको संबिधानमा तिन खब्बे अर्थनिती उल्लेख भएको छ। सहकारी ऐन २०७४ को प्रादुर्भाव संगै सहकारी क्षेत्रको सकारात्मक सन्देश सम्प्रेषण हुर्दै गएको छ। कुल वित्तिय कारोवारमा २० प्रतिशत भन्दा बढीको योगदान सहकारी क्षेत्रको रहेको छ । यी उल्लेखित विषयलाई विश्लेषण गर्ने हो भने राजनितीक परिवर्तनलाई संस्थागत गर्न आर्थिक परिवर्तनको आवश्यकता पर्दछ र व्यक्ति सम्पन्न भएर होइन समाज सम्पन्न भएर मात्र मूलुक सम्पन्न, समृद्ध र समून्नत बन्ने भएको हुदाँ सहकारी अभियानबाट मात्र नेपालको सम्बृद्धिको यात्रा सफल हुने देखिन्छ ।

## राष्ट्रिय सहकारी बैंक लिमिटेड

सहकारी संघ संस्थाहरुको प्रबर्द्धन, बिकास र वित्तिय आवश्यकतालाई परिपूर्ति गर्ने उद्देश्यले वि.सं.२०६० साल असार २५ गते राष्ट्रिय सहकारी बैंक लिमिटेडको स्थापना भएको हो। नेपाल राष्ट्र बैंक संगको आबद्धता संगै यसले वि.सं.२०६१ साल श्रावण १९ गते देखी बैकिङ्ग कारोवार प्रारम्भ गरेको हो । प्रारम्भमा ५१६ वटा सहकारी संघसंस्थाहरु आवद्ध भई दर्ता भएको यो बैंक आज सहकारी क्षेत्रको वित्तिय अभिभावकत्व प्रदान गर्ने निकायको रुपमा स्थापीत हुन सफल भएको छ । मुलुक भरिका करिव १० हजार संघ संस्थाहरु आवद्ध भई सकेका छन् । त्यी संघ संस्थाका सदस्यहरुलाई गणना गर्ने हो भने करिव ३० लाख व्यक्ति यस बैंकमा आबद्ध भएको तथ्याङ्क छ। पूँजीगत हिसावले राष्ट्रिय सहकारी बैंक लिमिटेडको शेयर करिव १ अर्व रहेको छ। निक्षेप करिव करिब २० अर्व र सोही अनुपातमा कर्जा लगानी भईरहेको देखिन्छ । विगतमा ४ प्रतिशत देखी मूनाफा वितरण गर्दै आएको राष्ट्रिय सहकारी बैंक लिमिटेडले गत आ.व.मा १४ प्रतिशत मूनाफा वितरण गरेको थियो । र आ.व.२०७४।०७५ मा १५ प्रतिशत मूनाफा वितरण गर्न सफल हुने देखिन्छ ।

प्रत्यक्ष रोजगारी करिव ३०० जनालाई दिई रहेको राष्ट्रिय सहकारी बैंकले ४४ शाखा मार्फत आफ्ना सदस्यहरुलाई सेवा प्रदान गर्दै आएको छ । वित्तिय सहयोगका अतिरिक्त, तालिम, अध्ययन अवलोकन र नेतृत्वदायी भूमिका निर्वाह गर्ने कार्यमा समेत बैंकले योजना बनाई कार्य सम्पादन गर्दै आएको छ । अर्न्तराष्ट्रिय सम्बन्ध विस्तार गर्ने क्रममा अर्न्तराष्ट्रिय सहकारी महासंघ लगायतका निकायहरुमा आफ्नो आबद्धता जनाईसकेको छ ।

सहकारी क्षेत्रमा वित्तिय अभिभावकत्वको रुपमा स्थापीत यो बैंक आफ्नो उद्देश्यमा सफल भएको देखिन्छ ।

# सहकारी क्षेत्रमा तालिमको अवस्था र आवश्यकता



**सरिता भट्टराई**
संचालक
राष्ट्रिय सहकारी बैंक लिमिटेड

**पृष्ठभूमी** (Background)

सन् १८४४ मा वेलायतको रोचडेलवाट सुरु भएको सहकारी अभियान नेपालमा वि.सं २०१३ चैत्र २० गते चितवनको बखानपुरबाट प्रवेश गरेको हो । यसरी नेपालमा सहकारी अभियानले ६१ औं वसन्त पार गरि सकेको छ । समाजमा छरिएर रहेको पुंजी श्रम र सीपलाई एकीकृत गर्दै गरिवी निवारण गर्नका लागि आर्थिक तथा सामाजिक रुपान्तरण गर्दै सहकारीले प्रमुख भूमिका खेल्दै आएको सहकारी क्षेत्रले नेपालको शंविधान २०७२ वमोजिम केन्द्र प्रदेश र स्थानिय तहमा सहकारीहरुको आफ्नै भुमिका रहने गरि सपष्ट पारेको छ । सोहि अनुरुप डिभिजन सहकारी कार्यालय मार्फत स्थानीय प्रदेश र केन्द्रमा हस्तान्तरण गर्ने कम जारी छ । साथै राज्यले सहकारी ऐन २०४८ र नियमावली २०४९ को शंसोधन गरि सहकारी ऐन २०७४ पारित गरिसकेको छ र नियमावली बारे छलफल भइरहेको छ । साथै तिनै तहवाट सहकारी ऐन बनाइ कार्यान्वयन गर्ने क्रममा छ ।

हालसम्म नेपालमा विभिन्न उद्येश्य भएका करिव ३५००० प्रारम्भिक सहकारी संस्थाहरुको दर्ता भइ संचालनमा छन्, यसका अतिरिक्त विभिन्न जिल्ला सहकारी संघ, विषयगत जिल्ला सहकारी सघं, विषयगत केन्द्रिय सहकारी संघ र राष्ट्रिय सहकारी बैंकको समेत स्थापना भइसकेको छ र नया सहकारी ऐन अनुरुप प्रदेश सहकारी संघ र प्रदेश विषयगत सहकारी संघको समेत प्रावधान राखेको छ ।

राष्ट्रिय सहकारी महासंघ नेपालका सम्पुर्ण सहकारी संघ संस्थाहरुको छाता संघको रुपमा रहेको छ । राज्यले समेत सहकारी क्षेत्रलाई महत्व दिदै नेपालको आर्थिक विकासका लागि तिन खम्वे अर्थनिति लाई जोड दिएको छ , जस अन्तरगत सरकारी, सहकारी र निजी क्षेत्रको संलग्नतालाई आर्थिक विकासको मेरुदण्डको रुपमा परिकल्पना गरेको छ ।

सहकारी ऐन २०४८ अनुसार २५ जनाको समुह मिलेर सजिलैसंग सहकारी संस्थाको दर्ता गर्न सकिने प्रावधान बन्यो । फलस्वरुप छोटो अवधिमै स्वत: स्फुर्त रुपमा धेरै सहकारी संस्थाहरुको जन्म भयो । यंहा सम्म आइपुग्दा नेपालमा सहकारीको संख्यात्मक बृद्धि त भएको छ तर यसलाई व्यवस्थित र दिगो वनाउने विधि प्रभावकारी नभएको देखिन्छ । गुणात्मक बृद्धिका लागि खासै योजना नभएको हो कि भन्ने भान भएको छ । सहकारीको माध्यमवाट व्यवसायमा फड्को मार्नु पर्छ भन्ने नसिकाएर बचत गरे धेरै व्याज दिन्छौ भन्ने नारामा आधारित धेरै जसो शहरी क्षेत्रमा खुलिएका सहकारीहरु शुद्ध नाफा कमाउने उद्देश्यले संचालित छन् जंहा सदस्यहरुको सेवा बारे त्यति ध्यान दिएको पाइदैन । यसले सहकारीमा दुर्घटना निम्त्याउन सक्ने देखिन्छ । यस्ता संस्थाहरु स्थानीय रुपमा गठन भएका र सरकारी स्तरबाट हुने फितलो अनुगमनका शिकार भएका छन् जसले गर्दा अनेकौ समस्याहरु आउने गरेका छन् । यसका लागि सरोकारवाला निकायहरु समयमा सचेत रहनु पर्ने समेत देखिन्छ । त्यसैले गुणात्मक रुपमा सहकारी संस्थाहरुले फड्को मार्नु पर्नेमा आवश्यक सीप ज्ञान तथा कार्य कुशलताको अभावले गर्दा कतिपय सहकारी संस्थाहरुको अवस्था खस्किन पुगेको छ । यसरी सहकारी क्षेत्रमा संलग्न सदस्य र संचालकहरु समेतले आवश्यक अवलोकन, सीप, ज्ञान, शिक्षा तथा तालिम प्राप्त नहुदा यस क्षेत्रले उचित मार्गदर्शन नपाएको महसुस गरिएको छ । यसरि आ-आफ्नो इच्छा अनुरुपले सहकारी संचालन गर्नाले सहकारी क्षेत्रमा वाधा अडचन आउनुका साथै गुणात्मक रुपमा ह्रास आउने कम जारी भएको देखियो ।

अन्तर्राष्ट्रिय रुपमा सहकारी संस्थाहरुलाई एकरुपता प्रदान गर्ने उद्देश्यले अन्तराष्ट्रिय सहकारी महासंघ ले सहकारीका ७ सिद्धान्तको प्रतिपादन गर्‍यो । उक्त सात सिद्धान्तहरुले सहकारी संस्थाहरुलाई स्वनियन्त्रित, स्वचालित गतिशिल र पारदर्शी बनाउने उद्देश्य राखेको छ । उक्त सात सिद्धान्त मध्ये सहकारी संघ संस्थालाइ सक्षम र आत्म निर्भर वनाउन पांचौ सिद्धान्तको रुपमा शिक्षा तालिम र सुचना लाई जोड दिएको छ । यसै सन्दर्भमा सहकारी संस्थाको दीगो विकासका लागि आफ्ना शेयर सदस्य, पदाधिकारी, व्यवस्थापक तथा अन्य कर्मचारीहरु लगायत समुदायमा रहेका सदस्य परिवारलाई समेत आवश्यक शिक्षा तथा तालिममा सहभागि गराउनु अनिवार्य भएको देखिन्छ । निश्चय पनि सहकारी क्षेत्रले गर्ने व्यवसाय अन्य निजी व्यवसाय भन्दा फरक भएकोले पनि सहकारीमा संलग्न व्यक्ति वा समुहहरुलाइ छुट्टै विशेष प्रकारको ज्ञान सिप, शिक्षा र तालिम दिनु आवश्यक देखिन्छ । समुदायमा रहेका व्यक्तिहरुको आर्थिक सामाजिक सांस्कृतिक विकाशका लागि सहकारी संस्था स्थापना गर्ने हो भने उत्पादन तथा सेवामुखी काममा लाग्नु जरुरी हुन्छ जंहा सहकारीको मर्म हासिल हुन्छ ।

यस लेखमा सहकारी क्षेत्रसंग सम्बन्धित सवैलाई आवश्यक पर्ने शिप र तालिमको संक्षिप्त विवरण प्रकास पार्न खोजिएको छ ।

## तालिमको दर्शन तथा परिभाषा

तालिम के हो ? तालिमले व्यक्तिलाई के मद्दत पुग्छ ? अथवा यसले व्यक्तिमा के परिवर्तन ल्याउंछ ? भन्ने वारे विद्वानहरुको फरक फरक विचार भएको पाइन्छ ।

मंगरोन र थेचरका विचारमा तालिम एक औपचारिक प्रकृया हो, जंहा संस्थाहरुले आफ्ना कर्मचारीहरुको सिकाइ ,बुझाइ र आनीवानीहरुको परिवर्तन गरि संस्थाको लक्ष र उद्येश्य प्राप्त गर्नु हो ।

त्यस्तै वेवस्टरका अनुसार प्रशिक्षित गर्नु भनेको निर्देशन अनुसार अभ्यासवाट सिकाउदै योग्य वनाउनु हो ।।

माथिका भनाइलाई आधार मान्दै हामीले सरल भाषामा यि कुराहरु बुझ्न सकिन्छ ।

- तलिमभित्र श्रृखंलाबद्ध र नियोजित लक्ष्य प्रति उन्मुख कियाकलापहरु हुन्छन् ।
- तालिम भन्नाले व्यक्तिको ज्ञान, सीप र दृष्टिकोणमा परिवर्तन गराउनु हो
- तालिम निदृष्ट र छोटो समयको हुनाले सिकेका कुरालाई मापन गर्न, चिन्न सकिने ज्ञान, सीप अनुभव तथा हकहितका कुराहरुलाई अझ स्पष्ट रुपमा अगाडि ल्याउन सकिन्छ ।
- तालिमले निश्चित कार्य सेवा परियोजना वा संस्थागत आवश्यकतालाई समेटेको हुन्छ ।
- तालिम यस्तो कार्य हो जसले सम्बन्धित क्षेत्रमा सीपको विकास गराउंदछ , तर
- तलिम साध्य हैन यो लक्ष्यमा पुग्ने एक साधन हो,
- तालिम लक्ष्य हैन तर लक्ष्यमा कसरी पुग्ने भन्ने वाटो हो ।
- यो कति माथि जाने भन्ने हैन तर कसरि उड्ने भन्ने आधार हो
- यो हामीले सोचे जति उत्पादन चैं हैन तर केहि न केहि उत्पादन चैं पक्कै हो
- तालिम भविश्यको कल्पना हैन तर कल्पनालाई साकार गर्ने ज्ञान चैं हो

तालिम एक यस्तो सिक्ने कला हो जसबाट प्रशिक्षार्थिलाई आवश्यक ज्ञान प्राप्त हुन्छ, साथै विषयगत अवधारणा, सीप, नीति नियम आचरण तथा व्यवहारमा परिवर्तन ल्याई कार्यक्षमतामा अभिबृद्धि समेत गराउंदछ । तालिम भनेको एक वा एक भन्दा वढि कृयाकलापहरुलाइ प्रभावकारी ढंगले सम्पादन गर्न व्यक्तिको वानी आचरण सीप र व्यवहारमा सिकाइको अनुभवको माध्यमवाट परिवर्तन गर्ने योजना वद्ध प्रकृया हो ।

व्यवस्थापन शास्त्री सि.वि. मेमोरिया का अनुसार तालिम ज्ञानको प्रयोग हो यसले मानवले गर्ने व्यवहारको निती नियम र कार्य विधिहरुका विषयमा सचेत गराउंदछ ।

आम मानिसमा शिक्षा र तालिम सम्वन्धि भ्रमहरु भएको पाइन्छ। शिक्षा भनेको तालिम भन्दा व्यापक, पारम्परिक, औपचारिक र प्राथमिक शिक्षा देखि माध्यमिक हुंदै विश्वविद्यालय सम्मको अध्ययनक्रम चल्ने प्रकृया हो । शिक्षा सैद्धान्तिक, प्राज्ञिक हुन्छ जसले सम्पुर्ण व्यक्तित्वको विकासमा मद्धत गर्छ । यसले व्यक्तिलाई साक्षर र शिक्षित बनाउंछ । तालिम भनेको शिक्षित बनाउने क्रममा छोटो अवधिमा सिकाउन वा व्यवस्थापन विकाशको एउटा हतियार अथवा संयत्र हो ।

## तालिमको उद्देश्य

तालिमले व्यक्तित्व विकास कार्यक्षमता र कार्यदक्षताको विकास र आएका समस्या समाधान गर्ने क्षमताको विकास हुन्छ । समायानुसार नया नया प्रविधिहरुको प्रयोग गर्दै बैज्ञानिक विश्लेषणात्मक दृष्टीकोण राख्न सक्ने वनाउनु पनि यसको उद्येश्य हो । तालिम मार्फत कार्य कुशलतामा बृद्धि हुदै स्वस्थ प्रतिश्पर्धा गर्न सक्ने क्षमतामा बृद्धि गराउनु , जनशक्तिको भरपुर सीप ज्ञानको विकास गर्दै व्यक्ति विकासमा टेवा पुर्‍याउने र आवश्यक थप जनशक्तिलाइ समेत विकास मुलक सेवा मुलक र जनमुखी वनाउनु नै तालिमको प्रमुख उद्देश्य हो ।

## तालिमको महत्व

**जनशक्तिलाई निखार्न तालिमको अत्यधिक महत्व हुन्छ, जस्तै :**

- उत्पादकत्वमा बृद्धि गराउन
- सामुहिक भावनाको विकास गराउन
- जनशक्तिको अधिकतम उपयोग गरि कार्य सम्पादनमा सुधार गर्न
- नया प्रविधि, सिद्धान्त र प्रयोगको बारेमा जानकारी गराउन
- सकारात्मक भावनाको विकास गर्न
- गुणस्तरमा अभिबृद्धि गराउन
- स्वस्थ कार्य गर्ने वातावरणको विकास गराउन
- सोचाइ र मनोबृत्तिमा सुधार ल्याइ असल आचरणको विकास गर्न
- नेतृत्व विकास गर्न
- संस्थागत छवीमा सुधार ल्याउन
- संस्थालाई नाफामुखी वनाउने क्षमताको विकास गराउन
- व्यक्तिको मनोवलमा बृद्धि गराउन
- असहज परिस्थितीको सामना गर्न सक्ने वनाउन

त्यसैगरि तालिमवाट संगठनको विकास गर्ने क्षमता वढ्नुका साथै सहि निर्णय गर्ने क्षमताको विकाश हुन्छ । यसले संगठनमा बनेका नीति नियमका बारेमा स्पष्ट बुझ्न र बुझाउन सक्ने वनाउंछ। त्यस्तै तालिमको माध्यमबाट नेतृत्व विकास गर्नुका साथै नम्र व्यवहार र उत्प्रेरित गर्ने भावना विकाश समेत गराउंदछ ।

## सहकारी क्षेत्रमा तालिम

Co-operatives provide education and training for their members, elected representatives, managers and employees so they can contribute effectively to the development of their co-operative. They inform the general public, particularly young people and opinion leaders, about the nature and benefits of co-operation.n.

सहकारीको सात सिद्धान्त मध्ये पांचौ सिद्धान्तमा शिक्षा तालिम र सूचना । जस अनुसार सहकारी संस्थाले संस्थामा आवद्ध सदस्य, संचालक समिति तथा कर्मचारीहरुलाइ निरन्तर तालिम दिनाले संस्थाको विकासमा विशेष प्रभाव पर्दछ । तालिम प्राप्त व्यक्तिहरुमार्फत समुदायमा रहने युवा महिला तथा अन्य सरोकारवाला व्यक्तिहरुलाइ सहकारीको महत्व, विशेषता र फाइदाका बारेमा वुझाउन सक्छन । सहकारी मार्फत समुदायको विकाशमा टेवा पुग्न सक्छ ।

## नेपालमा सहकारी क्षेत्रमा तालिमको वर्तमान अवस्था

राष्ट्रिय सहकारी नीति २०६९ मा समेत सहकारी शिक्षा तालिम र सुचनालाइ व्यापक र प्रभावकारी बनाउन सम्बन्धित सरकारी निकाय तथा सहकारी संघ संस्थालाई प्रभावकारी ढंगले परिचालन गरिने साथै सदस्यहरुको चेतना अभिबृद्धि गर्न र व्यवस्थापन क्षमता बढाउन सहकारी अनु शिक्षण र तालिमलाई अनिवार्य गरिने, सहकारी सम्बन्धि तालिम दिने र सूचना सम्प्रेषण गर्ने काममा सहकारीका संघ संस्थाहरुको अग्रसरता र सहभागितालाई प्रोत्साहित गरिने छ भनि लेखिएको छ ।

त्यस्तै केन्द्रिय सहकारी प्रशिक्षण केन्द्रबाट प्रशिक्षक प्रशिक्षणमा विशेष जोड दिइने, सहकारी शिक्षा, सुचना तथा संचार

केन्द्रको स्थापना गरि सहकारी सुचना व्यवस्थापन प्रणालीमा सुद्धढ गरिने , सहकारी शिक्षा र तालिमका लागि सहकारी शिक्षाकोषको स्थापना गरिने, साथै संस्थाको खुद नाफाबाट केहि निश्चित प्रतिशत सहकारी शिक्षाकोषमा अनिवार्य राख्न विनियममा नै व्यवस्था गर्नु पर्ने भनि प्रमुख कार्यहरु तोकिएको छ । नेपालमा वि.सं. २०१९ सालमा सहकारीका नेतृत्व वर्ग र कर्मचारीहरुलाई सहकारी सम्बन्धि ज्ञान तथा सीप अभिबृद्धि गर्ने उद्येश्यले केन्द्रिय सहकारी प्रशिक्षण केन्द्रको स्थापना भयो । दिनानुदिन सहकारी संघ संस्थाहरु दर्ता हुने कम बढ्न थाले पछि वि.सं. २०६१ मा पांच विकास क्षेत्रमहरुमा क्षेत्रिय सहकारी प्रशिक्षण केन्दको स्थापना भयो । यस केन्द्रको मुख्य उद्येश्य सहकारीताको प्रबर्धन गर्न सहकारी संघ संस्थाका पदाधिकारी तथा कर्मचारीहरुलाई सक्षम वनाउन र कार्यकुशलतामा अभिबृद्धि गराउन ,अध्ययन अनुसन्धान तथा परामर्श प्रदान गर्नु हो । साथै संघ संस्थालाई व्यवसायोन्मुख वनाउदै लैजान आवश्यक तालिम प्रदान गर्नु समेत यसको प्रमुख उद्येश्य रहेको छ ।

पहिले नेपाल सरकारको तर्फबाट ३८ डिभिजन सहकारी कार्यालय ५ क्षेत्रिय सहकारी प्रशिक्षण केन्द्र र एक केन्द्रिय सहकारी प्रशिक्षण केन्द्र मार्फत तालिम प्रशिक्षण दिने कार्य भइ रहेको थियो भने नेपालको संविधान २०७२ ले अव सहकारीलाई केन्द्र प्रदेश र स्थानिय सरकारले हेर्ने प्रावधान रहेको छ ।

अव प्रत्येक पालिका प्रदेश र केन्द्रले समेत सहकारीको पांचौ सिद्धान्त शिक्षा तालिम सुचनालाई विशेष जोड दिदैं सहकारी अभियानको तर्फवाट राष्टिय सहकारी संघ लि. , राष्टिय सहकारी बैंक लि. , नेपाल बचत तथा ऋण केन्दिय सहकारी संघ लि.(नेफ्स्कुन) , विभिन्न विषयगत केन्दिय , विभिन्न प्रदेश सहकारी तथा जिल्ला सहकारी संघ लि., विषयगत जिल्ला सहकारी संघ लि.र प्रारम्भिक सहकारी संस्थाहरु संग समन्वय गर्दै शिक्षा तथा तालिम उपसमिती मार्फत पनि आफ्ना सदस्य र कर्मचारीहरुलाई थप व्यवस्थित तालिम दिने कार्य गर्न जरुरी छ । साथै विभिन्न निजि संस्थाहरुले पनि सहकारी क्षेत्रलाई लक्षित गरि तालिम दिन थालेको देखिन्छ ।

## सहकारी क्षेत्रमा कस्तो तालिमको आवश्यकता छ त ?

सहकारी भन्नाले एक आपसमा सहकार्य गर्दै काम गर्दै जाने हो । सहकारी भनेको पैसा वेच्ने र किन्ने हैन , वेच्ने पैसा कसरि जोहो गर्ने र किनेको पैसालाई कसरि उत्पादनशिल काममा लाउने भन्ने वारे चिन्तन गरि कार्यान्वयन गर्ने हो । हो यसैका लागि आफ्नो संस्थामा आवद्ध भएका सदस्य तथा कर्मचारीहरुलाई बुझाउन सिकाउन तालिमको जरुरी छ । शिक्षित हुनु र व्यवहारिक ज्ञानका लागि तालिम लिनु फरक हुन्छ । तालिमले आवश्यकता अनुरुप आइपरेका समस्याहरुलाई समाधान गरिदिने वाटो देखाउंछ । हिजो सिकें अव के सिकौं भन्ने भावना छाडेर हिजो सिकेको पुरानो भइसक्यो नया के सिकौं भन्ने धारणा नेतृत्ववर्ग ले लिन जरुरी देखिन्छ ।

सहकारी समुदायमा आधारित हुन्छ यो अकाट्य नै हो चाहे शहरको समुदाय चाहे ग्रामीण भेगको । त्यसैले त्यस समुदायमा वस्ने सम्पुर्ण व्यक्तिहरुलाई त्यस क्षेत्रको सदस्य वनाउन पहल गरि उनिहरुलाई दैनिक जिवनमा आवश्यक पर्ने सम्पुर्ण कुराहरुका लागि सहयोग गर्न सकिन्छ ।

## यो कसरी सम्भव छ त ?

एक व्यक्ति सहकारी संस्थाको नियमानुसार सदस्य वनेको हुन्छ। संस्थाको विनियमानुसार त्यस सदस्यले आफ्नो समुदायका सवै उमेर प्रकृति र व्यवसायमा संलग्न व्यक्तिहरुलाई सदस्य वनाउंदै जान्छ । त्यसमा महिला , दलित , अपांग , युवा, जेष्ठ नागरिक सवै पर्दछन् । साथै सदस्यका छोरा छोरी वालवचत कर्ताको रुपमा रहन्छन । यसरि एउटा परिवारका सम्पुर्ण व्यक्ति संस्थाको सदस्य रहन सक्ने प्रावधान छ । यती राम्रो संरचनालाई सहकारी संस्थाले उपयोग गर्दै निम्नानुसारको तालिम संचालन गर्दै सदस्यहरुलाई आर्थिक ,सामाजिक रुपमा सवल र सक्षम वनाउन सक्दछ ।

## सदस्यहरुका लागि सहकारी शिक्षा तालिम :

यस तालिममा सहकारीको इतिहास , आवद्ध सहकारी संस्थाको परिकल्पना , ध्येय , उद्येश्य संस्थाको वर्तमान अवस्था वारे सामान्य परिचय , सहकारीमा सदस्य वन्दाको फाइदा ,सदस्य भए पछि संस्थालाई गर्नु पर्ने योगदान र संस्थासंग सदस्यले गरेको अपेक्षा लगायतलाई समेटेर नया वन्न आउने सदस्यहरु तथा आवश्यकता अनुसार सदस्यहरु विच १ दिने छलफल अन्तरकृया गर्न सकिन्छ । यसमा सवै प्रकारका सदस्यहरुलाई सहभागी वनाउन सकिन्छ ।

## शेयर सदस्यहरुलाई उद्यमशिलता विकास तालिम

त्यस्तै संस्थामा आवद्ध भएका सदस्यहरुका लागि उनिहरुको आवश्यकता अनुसार विभिन्न किसिमको सिपमुलक तथा व्यवसाय प्रबर्धन तालिम उपलब्ध गराउन जरुरी देखिन्छ । सदस्यहरु कसरि के काम गर्दा आर्थिक रुपले सम्पन्न हुन सक्छन् वा आत्म विश्वास वढि र आत्म निर्भर हुन सक्छन् भन्ने उपाय सहितको उद्यम शिलताको विकाश र गरिवी निवारण सम्बन्धि तालिममा सहभागी वनाउनु पर्छ । जसले उनिहरुलाई केहि गर्न प्रोत्साहित गरोस । सदस्यहरुलाई व्यवसायको खोजी गर्न र आर्थिक उपार्जन गर्न समेत तालिम दिनु पर्दछ । तालिम पश्चात तालिममा सिकेको सीपहरुलाई प्रभावकारी कार्यान्वयन गर्ने वातावरण वनाउनु पर्छ साथै उत्पादित भएका वस्तुहरुका लागि वजार व्यवस्थापन तालिमको आवश्यक पर्दछ ।

## संचालक, लेखा र उपसमितिहरुलाई तालिम

संस्थाका निती नियम निर्माण कर्ता भनेकै संचालक समिती हुन भने कार्यान्वयन का लागि संस्थाको निति नियम अनुसार विभिन्न उपसमिति र कर्मचारीको समन्वय हुनु पर्छ । कार्यान्वयन सहि तरिका वाट भएको छ वा छैन भनेर हेर्ने काम लेखा समितिले गर्दछ । यस्ता समिति उपसमितिहरुलाइ समेत अनिवार्य रुपमा तालिमको आवश्यकता रहेको हुन्छ । संस्थालाई दिगो सक्षम र सवल वनाउने उद्येश्यले कम्तीमा पनि कार्यकालको सुरवातमा सम्पुर्ण संचालक समिती लेखा समिती उपसमितिहरु र उच्च पदका कर्मचारीहरु एक ठाउंमा वसेर लामो अवधिको संस्थागत विकाश सम्बन्धि आवसिय तालिम लिन जरुरी हुन्छ । साथै आवश्यकता अनुसार नियमित सहकारी व्यवस्थापन तालिम , समिती उपसमितिको काम कर्तव्य अधिकार तालिम , क्षमता अभिबृद्धि तालिम , नेतृत्व

विकास तालिम , रणनैतिक योजना वनाउने तालिम , शुसासन सम्बन्धि तालिम , वजेट निर्माण तालिम , कर्जा लगानी असुली तालिम , प्रभावकारी संचार विधि , तनाव व्यवस्थाप,दन्द व्यवस्थापन ,पर्ल्स अनुगमन तालिम लगायतका निति निर्माण सम्बन्धि तालिम निरन्तर दिन पर्दछ। लेखा समितीले लेखा सम्बन्धि तालिम का साथै विभिन्न उपसमितिले आफ्नो उपसमितिको संग जोडिएका विषयका तालिमहरु लिनु पर्छ ।

## कर्मचारीहरुका लागि विषयगत तालिम

संस्थाले वनाएको लक्ष प्राप्त गर्नका लागि संस्थामा कार्यरत व्यवस्थापक लगायत सम्पुर्ण कर्मचारीहरुलाई विभिन्न आवश्यक विषयगत तालिम दिन सकिन्छ । जस्तै सदस्य बृद्धिमा कर्मचारीको भुमिका , सदस्यलाई दिने सेवामा विविधिकरण , कर्जालगानी असुली प्रकृया , सहकारी व्यवस्थापन तालिम , कर्मचारीको काम कर्तव्य अधिकार , नया प्रविधि संचालन विधि , शुसासन विधि , प्रभावकारी संचार विधि , तनाव व्यवस्थाप,दन्द व्यवस्थापन ,लेखा व्यवस्थापन , वजेट निर्माण , रणनैतिक योजना, पर्ल्स अनुगमन तालिम र समय समयमा पुनर्ताजगी तालिम लगायत दैनिक कार्यमा आवश्यक देखिएका सम्पूर्ण चिजहरुको तालिम निरन्तर दिइनु पर्छ जसले संस्थालाई दिगो वनाउनुका साथै कर्मचारीहरुमा काम गर्ने थप उत्साह मिल्नेछ ।

## जेष्ठ नागरिक सदस्यहरुलाई सहभागी गराउने तालिम

संस्थामा आवद्ध जेष्ठ नागरिक सदस्यहरुको छुट्टै अभिलेख राखि समय समयमा वंहाहरुको भेला गराई संस्थासंग वंहाहरुले राख्ने इच्छा आकांक्षा अनुसारको सेवा दिने । वंहाहरुलाई समय समयमा सम्मान गर्ने , विभिन्न सम्बन्धित निकायमार्फत जेष्ठनागरिकको भुमिका वारे अन्तरकृया कार्यक्रम गर्ने। समय समयमा तिर्थाटन भ्रमण गराउने , वंहाहरुसंग भएका सकारात्मक कुराहरुको अनुसरण गर्ने । उमेरका कारण वंहाहरुमा आएको तनाव तथा नकारात्मक सोच भएमा त्यसको निराकरणका उपाय खोज्न पहल गर्ने । फरक फरक उमेर भए पनि परिवारमा एक आपसमा मिलेर वस्न सकिने आधारका वारेमा सिकाउने काम गर्न सकिन्छ । जसले सहकारी मार्फत समुदायमा एक परिवारको जेष्ठ सदस्यलाई समेटेको आभाष हुन्छ र सहकारीको महत्व वढेर जान्छ । जेष्ठ नागरिकहरुका लागि छुट्टै उपसमिती गठनको व्यवस्था समेत गर्नु पर्दछ ।

## युवा शेयर सदस्यहरुका लागि तालिम

सहकारी संस्थामा सवै प्रकृतिका सदस्यहरु हुन्छन् । जसअनुसार सहकारी क्षेत्रमा यूवा सदस्यहरुका लागि विशेष किसिमको स्थान जरुरी भइ सकेको छ। विस्तारै यूवा जनशक्तिहरुको सहकारी प्रति मोह भंग हुदै गएको आभाष भइरहेको छ। यसका लागि सहकारी संस्थाहरुले युवा मुखी तालिम योजना ल्याउन पर्छ। साधारणतया युवाहरु आफ्नो अध्ययन व्यवसाय र पेशामा संलग्न भएता पनि उनिहरु सहकारीका सदस्य भएका कारण उनिहरुले संस्थाप्रति गर्नु पर्ने योगदान र उनिहरुको अपेक्षाको पहिचान गरि उनिहरु संलग्न भएको शिक्षा पेसा र व्यवसायलाई ध्यानमा राख्नु पर्दछ। संस्थामार्फत उनिहरुको आवश्यकता हेरि तालिम दिन जरुरी देखिन्छ । उनिहरुलाइ थप क्षमता अभिबृद्धि र नेतृत्व विकास तालिम गराउन सकिन्छ । उनिहरुमा भएको क्षमताको पहिचान गरि एक अर्कामा क्षमता आदान प्रदान गर्ने जस्ता कार्यक्रम गर्न सकिन्छ । युवाहरु विश्वको वर्तमान अवस्थासंग चल्ने भएकाले नया प्रविधिहरुको प्रयोगका वारेमा एक अर्कालाई सिक्न सिकाउन सक्दछन्। साथै युवाहरुका लागि निजामती जागिर तथा अन्य रोजगारीका उपायका वारेमा तालिम दिन सकिन्छ साथै उनिहरुको शिक्षा र सहकारी संगको समन्वयता सम्बन्धित अन्तरकृयात्मक कार्यक्रमहरु , वचत गर्ने र त्यसलाई सदुपयोग गर्ने सिकाउन सकिन्छ। त्यस्तै समाज र देशविकाशमा यूवाको भूमिका विषयक तालिमहरु संचालन गर्न सकिन्छ। युवासंग सम्बन्धित राष्टिय अन्तराष्टिय सहकारीका कार्यकार्यममा सहभागीताका वारेमा तालिम सुचना मार्फत युवाहरुलाई सहकारी मैत्री वनाउन सकिन्छ। उनिहरुका नजरमा हाम्रा लागि सहकारी अपरिहार्य हो भन्ने बुझाउन पर्छ ताकी उनिहरु सहकारीका भावी नेतृत्वका लागि तयार हुन सकुन् ।

## बाल वचत कर्ताहरुका लागि तालिम

संस्थाका शेयर सदस्यहरुका छोरा छोरीहरु संस्थाका वालवचतकर्ताका रुपमा रहेका हुन्छन् । उनिहरुको उमेर पुगेपछि संस्थाको नियमानुसार शेयर सदस्यमा परिणत गर्न सकिन्छ। भविश्यका कर्णाधार वालवालीकाहरुलाइ पहिलो त बचत गर्ने परिपाटीको विकाश गराउने तालिम दिन पर्छ । साथै उनिहरुका वौद्धिक विकासमा आधारित विभिन्न प्रतियोगीता , क्षमता अभिबृद्धि र नेतृत्व व्यक्तित्व विकास तथा उनिहरुको आत्म विश्वास वढाउने खालको तालिम गराउनु पर्छ । गराउन सकिन्छ । वढ्दो उमेरमा हुने परिवर्तन र यसले पार्ने असर वारे जानकारी मुलक तालिम दिन सकिन्छ। सानै उमेर देखि उनिहरुले सहकारीको महत्व आफ्नो जिवनमा महसुस गरुन ताकि पछि गएर उनिहरु सहकारीको भावना अनुरुप सहकारी संस्था संचालन गर्न सकुन ।

## सदस्यहरुको सम्पुर्ण परिवारलाई सामुहिक तालिम

एक सदस्यलाई प्रत्यक्ष सेवा दिनु भनेको उसको परिवारलाई नै शिक्षित वनाउनु हो भन्ने उद्येश्यले सदस्यका परिवारमा जिवनयापनमा के कुराले वाधा अडचन आएको छ वा के समस्या छ त्यसको पहिचान गरि त्यस विषयका विशेषज्ञ वाट तालिम दिइ समस्या समाधान गर्न सकिन्छ । साथै सामुहिक व्यवसायका लागि सिप मुलक तालिम दिने समाजमा मेलमिलाप कसरि गर्ने समुदायको विकास योजनामा परिवारको भूमिका के हो भन्ने वारेको तालिम परिवारका सदस्यलाई एकै ठाउंमा राखेर दिन सकिन्छ।

## विभिन्न संघ संस्थामा सहभागी मुलक तालिम

सहकारी संस्था रहेको समुदायमा अन्य विभिन्न संघ संस्थाहरुलाई समय समयमा राज्यमा सहकारीको महत्व यसले यो समुदाय र संघ संस्थालाई गर्न सक्ने सहयोगका वारेमा जानकारी गराउने तथा सहकारी संस्था मार्फत समुदायको विकाशमा प्रत्यक्ष भूमिका वा सहयोग रहने वारे अन्तरकृया कार्यक्रम संचालन गर्दै जनमानसमा सहकारी प्रतिको विश्वास वढाउन सकिन्छ । यो पनि सहकारी संस्थावाट संचालित तालिम अन्तरगत पर्दछ।

## संस्थागत अवलोकन भ्रमण

सहकारीको छैठौं सिद्धान्त सहकारी सहकारी विचको सहकार्यलाइ ध्यानमा राख्दै सहकारी संस्थाका संचालक लेखा समिती उपसमितीहरु , सदस्यहरु र कर्मचारीहरुले समय सापेक्ष विभिन्न सहकारी संघ संस्थाहरुको अवलोकन गर्ने, त्यसैगरि देश विदेशको समेत सहकारी अवलोकन भ्रमण गरि थप ज्ञान हासिल गर्न सकिन्छ साथै त्यहांका राम्रा पक्षलाई समेटेर सदस्यहरुलाई सेवा दिन सकिन्छ। अव सहकारी संस्थाहरुले आफ्नो तथा सदस्यहरुको क्षमता व्यक्तित्व विकाशका लागि शिक्षा तालिम र अवलोकन मार्फत संस्थालाई दिगो वनाउने योजना वनाउन जरुरी छ।

## सहकारी क्षेत्रमा तालिमका समस्या

हाम्रो देशमा लामो समय देखि सरकार र सहकारी अभियानले समेत सहकारी संघ संस्थाका दिगो विकाश प्रबर्धनका लागि विभिन्न निती नियम र कार्य वनाएर तालिम कार्यक्रमलाई अगाडि वढाउन खोजिएता पनि निम्नानुसारकारका समस्याले अपेक्षाकृत रुपमा सफलता हासिल गर्न सकिएको छैन। जुन यसप्रकार छन् । ।

- लक्षित वर्गलाई पहिचान नगरि तालिम कार्यक्रम ल्याउनु
- विषयगत तालिमको पहिचान गर्न नसक्नु
- तालिमका लागि तालिम मात्र लिनु , तालिम बाट सिकेका कुरा व्यवहारमा नउतार्नु
- पंहुच वालाले मात्र तालिममा सहभागी हुन पाउनु
- राज्य संग कार्यक्रम अनुसारको बजेट नहुनु
- आवश्यकता अनुसार सहकारी निकायका सवैलाइ संस्थालाई गतिशिल वनाउन तालिमको भूमिका छ भन्ने महशुस नहुनु ।
- तालिमको प्रयाप्त अवसर नहुनु तथा आवश्यक श्रोत साधनको कमी हुनु ।
- नेतृत्ववर्गमा अरुले सिकोस जानोस भन्ने भावना नहुनु अथवा तालिम प्रति सकारात्मक नहुनु ।
- विषयगत ज्ञान भएका प्रशिक्षकहरुको अभाव हुनु ।
- तालिम पश्चात अनुगमन र मुल्यांकन नगर्नु ।
- तालिमलाई व्यवहारीक भन्दा सैधान्तिक ज्ञानमा जोड दिनु ।
- सम्बन्धित विषयगत तालिममा उपयुक्त व्यक्तिलाई सहभागी नगराइनु ।
- सहकारीको संख्यात्मक बृद्धिका आधारमा गुणात्मक विकास नहुनु ।
- सम्बन्धित निकायले तालिम प्राप्त व्यक्तिहरुको क्षमतालाई सदुपयोग वा व्यवस्थित नगर्नु ।
- सहकारी शिक्षा कोषमा जम्मा भएको रकमलाई शिक्षा तालिममा प्रयोग नगर्नु ।

## समस्या समाधानका उपायहरु

सहकारी क्षेत्रमा तालिममा देखिएका समस्याहरुलाई समाधान गर्न निम्नानुसारका उपाय अपनाउदा लक्षमा पुग्न सकिन्छ । समाधानका लागि सम्बन्धित सरोकारवालाहरु सचेत भइ कार्य गर्नु पर्नेछ ।

- लक्षित वर्गको पहिचान गरि तालिम कार्यक्रम संचालन गर्ने
- योजना कार्यक्रम वनाउंदा तालिमलाई महत्वपुर्ण योजना अन्तर्गत राख्ने ।
- संस्थालाई दिगो र गतिशिल वनाउने माध्यम तालिम हो भन्ने सोच नेतृत्व वर्गले राख्ने तथा सकारात्मक भइ महत्व दिने ।
- तालिम केन्द्रहरुमा आवश्यक श्रोत साधनको व्यवस्था गराउनु पर्दछ ।
- विषयगत प्रशिक्षकहरुको पहिचान गरि तालिम संचालन गर्नु तथा प्रशिक्षकहरु समेतलाई समय समयमा थप प्रशिक्षित गराउने ।
- तालिम पश्चात सिकेका बुझेका कुराहरुलाई तत्कालै व्यवहारमा उतार्ने प्रयास गर्ने ।
- तालिमलाई सैधान्तिक भन्दा व्यवहारिक र सिपमुलक तालिममा जोड दिने ।
- सम्बन्धित निकायले लामो अवधिका सहकारी सम्बन्धि तालिम लिएका व्यक्तिहरुलाई निजको क्षमताको आधारमा उपयूक्त ठाउंमा जिम्मेवारी वहन गर्ने वातावरण वनाउनु पर्ने ।
- तालिम पश्चात पुनरतार्जगी तालिमलाई अनिवार्य गराउने ।
- नेतृत्वमा आउनेले अनिवार्य सहकारीका वारेमा आधारभुत तालिम लिएको हुनु पर्ने ।
- सहकारीका सम्पुर्ण सदस्यहरुले समेत तालिममा अनिवार्य सहभागी हुनु पर्ने व्यवस्था गर्ने ।
- सहकारी शिक्षा कोषमा राखिएको रकम लाई शिक्षा तालिमका लागि नै सदुपयोग गर्ने ।
- नया तथा बैज्ञानिक विधि अपनाई तालिम प्रशिक्षण दिने व्यवस्था गर्ने ।
- प्रशिक्षण केन्द्रहरुलाई आत्म निर्भर वनाउने ।
- सम्बन्धित निकायले सहकारी संस्थाले सदस्यहरुलाई दिएको तालिम विवरण माग गरि तालिममा अनिवार्य सहभागी गराउने व्यवस्था गर्ने
- सहकारी संघसंस्था र सरकारको समन्वयमा सहकारी तालिमलाई प्रभावकारी ढंगवाट संचालन गर्ने ।
- सम्पुर्ण सहकारीकर्मीहरुले तालिम प्रशिक्षणलाई महत्वपुर्ण ठानी तालिममा सहभागि हुने वातावरण श्रृजना गर्ने ।

अन्त्यमा,

सहकारी क्षेत्रमा समर्पित व्यक्तिहरुको कार्यक्षमता बृद्धि गर्नका लागि तालिम अपरिहार्य भएको छ । जुन सुकै क्षेत्रमा काम गर्दा सफल हुन सो क्षेत्रका वारेमा सम्पुर्ण ज्ञान हासिल भएको हुनु पर्दछ । त्यसमा पनि सहकारी त्यस्तो क्षेत्र हो जंहा एउटा समुदायको व्यक्ति शेयर लगानी गरि सदस्यका रुपमा आवद्ध हुन्छ। त्यसका लागि सहकारी संस्थाहरुले समय सापेक्ष सदस्यहरुलाई माथि उल्लेखित तालिममा सहभागी गराउनु पर्दछ । सम्पुर्ण सहकारी संघ संस्थाहरुले तालिमको आवश्यकता महसुस गरि यसलाई कार्यान्वन गर्नु वाहेक अरु विकल्प छैन । सहकारी क्षेत्रमा आएको समस्यालाई पहिचान गर्न समेत आवश्यक तालिमको योजना वनाउनु पर्छ। यसरी सहकारीका पदाधिकारी , कर्मचारी तथा सदस्यहरु प्रशिक्षित भइ कार्यक्षमता अभिबृद्धि गरेमात्र संस्था संचालनमा सहजता आउंछ र सहकारी क्षेत्रको भविश्य उज्वल हुने देखिन्छ। आजै देखि सहकारीमा आवद्ध सम्पुर्ण सदस्य तथा कार्यरत कर्मचारीहरुले तालिम योजना वनाइ नया कुरा सिक्न तयार रहन आवश्यक छ ।

जय सहकारी ।

# सहकारी बैंकको कारोबार शुभारम्भ...

आवश्यकता अनुसारका विभिन्न तालिम कार्यक्रमहरु जस्तै प्रशिक्षक प्रशिक्षण तालिम, लेखा, कर्जा, सहकारी व्यबस्थापन लगायतका तालिमहरु सञ्चालन गर्दै आइरहेको छ ।

सहकारीका व्यबस्थापकहरुको लागी एशियाली ऋण महासंघका प्रमुख कार्यकारी अधिकृत लगायतका कर्मचारीको उपस्थितिमा राष्ट्रिय कार्यशाला गोष्ठी, कर्मचारी, संचालक र लेखा समितिलाई प्रभावकारी बनाउन विभिन्न राष्ट्रिय तथा अंतर्राष्ट्रिय तालिम तथा सेमिनारमा सहभागी हुन पठाई सिकेका सीपलाई बैंकको कार्य उत्कृष्ट र सरल बनाउन उपयोगमा ल्याएको छ ।

सामाजिक उत्तरदायित्व अन्तरगत बैंकले बाढी पहिरो पीडितलाई राहत प्रदान, २०७२ को महाभूकम्पका पीडितलाई राहत वितरण, वृद्ध आश्रममा फलफूल तथा कपडा बितरण, रक्तदान कार्यक्रम, बाग्मती सफाई महा अभियानमा सहभागिता लगायतका कार्यक्रममा सरिक भई आफ्नो तर्फबाट सक्दो योगदान गरेको छ। बैंकले अबलम्बन गरेको पांच बर्षे रणनीतिक योजना अन्तर्गत सन २०७६ को मंसिरसम्ममा देश भरका १६ हजार सहकारी संस्थाहरुलाई बैंकमा आबद्ध गराई सदस्य सहकारी संघ/संस्थाहरुको लागी एटिएम सेवा, ई-वालेट सेव, सहकारीको छुट्टै रेमिटेंन्स सेवा, अन्तर सहकारी चेक भुक्तानी सेवा लगायतका सेवाहरु प्रदान गर्ने लक्ष्य राखेको छ । बैंक सदैब आफ्नो सदस्य संघ/संस्थाको प्रबर्द्धन तथा सदस्य संघ/संस्थाका सदबस्यको जीवनस्तर उकास्न तत्पर रहेको साथै गरीवी निवारण लगायतका दीगो विकास लक्ष्य प्राप्तिमा भूमिका खेल्दै देश विकासको लागि उल्लेखनीय योगदान गर्न प्रतिबद्ध छ ।

सहकारीलाई राज्यले अर्थतन्त्रका तीन मुख्य आधार स्तम्भ मध्ये एक उल्लेख गरेको छ र त्यसका लागि सहकारी क्षेत्रले राज्यको सबै क्षेत्रमा ३३ प्रतिशत योगदान र सहभागिता खोजी रहेको छ । सहकारी क्षेत्रले राज्यलाई बुझाउने कर अन्तरगत पनि सहकारी क्षेत्रकै प्रमुख करदाताका रुपमा बैंक सम्मानित हुदै आएको छ । सहकारी बैंकले आर्थिक वर्ष २०७५/०७६ को अन्त्यसम्म १३ हजार ६ सय १५ शेयर सदस्य, १ अर्ब ३८ करोड, ४३ लाख ९५ हजार रुपैया शेयर पूँजि, २७ अर्ब ९७ करोड निक्षेप, १९ अर्ब २३ करोड ३६ लाख ३७ हजार कर्जा लगानी गर्ने लक्ष्य लिएको छ। यस आ.व.मा बैंकले ५५ करोड २१ लाख आमदनी गर्ने लक्ष्य लिएको छ ।

यसै आर्थिक वर्षमा संस्थले स्थानीय तहहरुमा शाखा विस्तार, प्रदेश स्तरीय कार्यालय स्थापना, उत्पादन क्षेत्रमा लगानी वृद्धि, सहकारी क्षेत्रमा दक्ष जनशक्ति उत्पादनमा सहयोग, संयुक्त राष्ट्र संघ अन्तर्गतको दीगो विकास लक्ष्यलाई सहयोग पुग्ने किसिमका कार्यक्रम सञ्चालन गर्ने लगायतका योजना अगाडि सारेको छ ।

बैंकले संघीय संरचना अनुसार पहिलो चरणमा ७ वटै प्रदेशका राजधानीमा रहेका शाखाहरुलाई प्रदेश स्तरीय शाखा बनाउने योजनाका साथ अगाडि बढेको छ । आ.व. २०७५/०७६ को बजेटमा प्रदेशस्तरीय शाखा निर्माणका लागि आवश्यक कर्मचारी, कार्यालय व्यवस्थापन लगायत आवश्यक काम गर्न ९५ लाख ३४ हजार रुपैया बजेट विनियोजन गरिएको बैंकका प्रवन्ध सञ्चालक के.बी.उप्रेतीले जानकारी दिनुभयो ।

# नयाँ कर्मचारीहरु लाई बैंकमा स्वागत

*ललितपुर,*

राष्ट्रिय सहकारी बैंक लिमिटेडद्वारा हालै नियुक्त गरेका नया ७४ जना कर्मचारीहरुलाई एक कार्यक्रमका विच बैंकमा स्वागत गरिएको छ, बैंकको कर्पोरेट कार्यालय कूपन्डोल ललितपुरमा श्रावण ९ गते आयोजित एक कार्यक्रमका विच बैंक उच्च ब्यबस्थापनका कर्मचारीहरुको उपस्थितिमा बैंकका प्रबन्ध संचालक के.वी. उप्रेतिले नव नियुक्त सहायक अधिकृत पदका १४ जना र कनिष्ट सहायक पदका ६० जना कर्मचारीहरुलाई स्वागत गर्नुभयो ।




सो अबसरमा कर्मचारीहरुलाई जिम्मेवारी तथा सुविधाको वारेमा जानकारी सहित नियुक्ति र सेवा प्रवेश तालीम सञ्चालन सम्बन्धमा आवश्यक जानकारी दिईएको थियो, बैंकले गत जेठ १ गते सहायक अधिकृत र कनिष्ट सहायक पदमा कर्मचारी नियुक्तिका लागी खुल्ला प्रतियोगिताको बिज्ञापन गरेको थियो, नव नियुक्त कर्मचारीहरुको श्रावण ११ देखि १७ गते सम्म सहकारी प्रशिक्षण केन्द्रको सभाहल नयाँबानेश्वरमा सेवा प्रवेश तालीम समेत सञ्चालन गरिएको थियो ।

# बैंकको स्थापना देखि हाल सम्म हासिल गरेका उपलब्धीहरु

| क्र.स. | शिर्षक / आ.ब. | २०६०/ ६१ | २०६१/ ६२ | २०६२/ ६३ | २०६३/ ६४ | २०६४/ ६५ | २०६५/ ६६ |
|---|---|---|---|---|---|---|---|
| १ | शेयर पँूजी | ३,३७,३१,१०० | ३,८७,१६,१०० | ४,४८,८७,१०० | ५,३७,०२,१०० | ६,१४,६९,१०० | १३,०९,७७,१०० |
| २ | निक्षेप | | ५,६२,२७,११३ | ११,८६,३८,१३० | १७,६८,४७,८७० | ३०,७०,५२,५१२ | ३७,५२,७७,०६५ |
| ३ | कर्जा लगानी | | ५,८७,८९,४९४ | १३,६०,८३,८९१ | १४,७७,०९,३३६ | २७,५५,५९,७३० | ३२,९६,६४,४२४ |
| ४ | जगेडा कोष वा अन्य कोष | | १०१३९ | ३६५४७ | २६,२९,३४८ | ५५,१५,१३९ | १,१६,३९,०३२ |
| ५ | खुद नाफा | | १०१३८ | २६४०८ | ३४,७४,४८२ | ६२,९४,७७० | ९६,२३,८९४ |
| ६ | कर भुक्तानी | | | | ७,९९,००० | १३,१७,२४४ | २४,१८,९६१ |
| ७ | कर्जा जोखिम कोष | | २,३२,०१२ | ५,९७,९२५ | १४,१९,४३० | २५,९६,७८९ | ३२,९९,५७१ |
| ८ | सदस्य संस्थाको संख्या | ६३७ | ७०० | १०२८ | १२६६ | १४४० | १८५० |
| ९ | शाखा | | | | | ८ | ११ |

| क्र.स. | शिर्षक / आ.ब. | २०६६/ ६७ | २०६७/ ६८ | २०६८/ ६९ | २०६९/ ७० | २०७०/ ७१ |
|---|---|---|---|---|---|---|
| १ | शेयर पूंजी | १५,३०,०७,३०० | १८,५१,५७,३०० | २३,६२,३५,००० | ५,०७,५१,०००० | ६१,२३,९३,००० |
| २ | निक्षेप | ६५,६५,४६,३०० | १,२३,२८,६१,१८६ | ३,३९,५६,९३,२३६ | ४,९९,४०,७६,६७८ | ७,६९,०७,४२,३१३ |
| ३ | कर्जा लगानी | ५३,८०,४५,६४८ | ९१,५०,६१,७२४ | १,६७,०७,७५,८६४ | ३,२१,११,२६,५९९ | ३,९६,३७,२६,५५२ |
| ४ | जगेडा कोष वा अन्य कोष | ८४,६१,८८३ | २,०३,७५,४१५ | ४,२९,३२,०३९ | ९,८९,६५,०२२ | ११,६१,७९,८१५ |
| ५ | खुद नाफा | १,५९,५२,८५१ | २,८९,१३,५३१ | ४,२१,५६,६२३ | १०,०२,३२,९८३ | ८,९९,३१,३४८ |
| ६ | कर भुक्तानी | ४०,१६,५९३ | ७२,२८,३८३ | १,०६,७०,२८२ | २,५०,३८,६५१ | ३,४६,४३,०२६ |
| ७ | कर्जा जोखिम कोष | ३३,११,६२० | ९,७३,६७,०९० | २,११,९९,३२२ | ४,९३,७८,५९७ | १२,३०,४९,८४४ |
| ८ | सदस्य संस्थाको संख्या | २५०० | ३२६० | ४४८५ | ६३०९ | ६९४८ |
| ९ | शाखा | ११ | २५ | २९ | ३४ | ३४ |

| क्र.स. | शिर्षक / आ.ब. | २०७१/ ७२ | २०७२/ ७३ | २०७३/ ७४ | २०७४/ ७५ |
|---|---|---|---|---|---|
| १ | शेयर पूंजी | ६९,०४,३३,००० | ७६,८२,६०,००० | ८६,२२,७६,००० | १,०४,२२,२२,००० |
| २ | निक्षेप | ८,६१,८१,४९,८२४ | ११,८३,८३,००,०८० | १४,०३,१३,७८,७१० | १९,९६,२९,८८,७०९ |
| ३ | कर्जा लगानी | ४,३२,४७,०७,४७० | ६,८९,८३,३५,९६० | ८,७९,९१,४८,१२८ | १२,८८,६०,११,४८६ |
| ४ | जगेडा कोष वा अन्य कोष | १५,८६,५४,२७९ | २२,३६,८१,९७५ | २७,३२,२१,६१३ | ४२,४३,०७,००० |
| ५ | खुद नाफा | १२,८३,५५,६६३ | १६१०४९६१६ | १६,२२,०६,६१३ | २९,५९,९१,००० |
| ६ | कर भुक्तानी | ३,३४,९९,६९३ | ४,०४,४३,४६८ | ४,४५,१८,०२३ | ७,३९,९८,००० |
| ७ | कर्जा जोखिम कोष | १५,२३,१९,५०१ | १६,५३,२८,०३७ | २६,०४,७०,९२४ | – |
| ८ | सदस्य संस्थाको संख्या | ७५२६ | ८३०९ | ९१७५ | ९९१२ |
| ९ | शाखा | ३७ | ३७ | ३७ | ४४ |

# विश्व परिवेशमा सहकारीको वर्तमान अवस्था



**डिल्ली पोखरेल**
सदस्य,
सूचना, संचार तथा प्रकाशन उप-समिति
राष्ट्रिय सहकारी बैंक लिमिटेड

आपसमा मिलेर कुनै पनि उद्देश्यमूलक कार्य गर्नु नै सहकारिता हो । मानव विकासको सुरुवाती समय देखिनै कुनै न कुनै रुपले सहकार्य हुँदै आएको पाईन्छ । विश्वमा औपचारिक रुपमा सहकारीको शुरुवात भएको झन्डै १ सय ७५ बर्ष पुगेको छ । यसले बेलायतवाट औपचारिकता पाएको हो भने त्यसको नेतृत्व रवर्ट ओवनले गरेका थिए ।

विश्वमा सहकारीको जन्म हुनुमा औधोगिक क्रान्तिवाट सृजित समस्यालाई मानिन्छ । त्यसमा पनि सन् १७५० देखि बेलायतमा भएको औधोगिक क्रान्तिले नै सहकारी जन्मको आधार निर्माण गरेको थियो । व्यापक रुपमा भएको औधोगिक तथा प्राविधिक परिवर्तनले श्रमिकलाई विस्थापित गरायो । सयौ श्रमिकले गर्ने काम एउटै मेशिनले गर्न थालेपछि रोजगारीको अवसरमा व्यापक कटौती भयो । औधोगिक क्षेत्रमा आश्रित परिवारहरु बेरोजगार बन्न पुगे । कृषि मजदुर हरुको पनि त्यस्तै हालत भयो । उत्पादन त बृद्धि भयो तर रोजगारी भने खोसियो । जसले गर्दा मानिसहरु बेरोजगार बन्न पुगे । आम्दानी हुन छोडयो, चारैतिर हा-हाकारको स्थिति पैदा भयो । साच्चिकै खान नपाएर मानिसहरुले मृत्युवरण गर्नु पर्ने अवस्थाको सृजना हुन थाल्यो । गरिव र धनी बीचको खाडल आकाशियो । कम लागतमा धेरै बस्तु उत्पादन गरेर छिमेकी राज्यहरुमा समेत बस्तु बिक्रि गरी उद्योगपतिहरु झन झन धनी बन्न थाले । अर्को तर्फ श्रमिकहरु झन झन गरिव बन्न थाले ।

श्रमिकहरुले आफनो रोजगारीको प्रमुख वाधकको रुपमा मेसिन अर्थात प्रविधिलाई लिन थाले । त्यसैले सन् १८०८ देखि मेशिन विरोधी आन्दोलन शुरु भयो । यो आन्दोलन झन्डै १ दशक सम्म निक्कै तेजिलो रुपमा संचालन भयो । श्रमिक र मालिकहरुका बिचमा ठूलो द्वन्द्वको स्थिति देखा पर्‍यो । यसरी आपसी द्वन्द्वले समस्या समाधान हुन नसक्ने तर्क दिदै बेलायतका रवर्ट ओवन लगायतले सहकारीको अवधारणा अघि सार्न थाले । उनले मेशिनको विरोधको विकल्पमा सहकारी अवधारणा अघि सारेका थिए । यहि अवधिमा उनीहरुले आपसमा मिलेर रोजगारी सृजनाका अवसरहरुको खोजी गर्न थाले । अनौपचारिक रुपमा गरिएका यस्ता प्रयासहरु सफल भए पछि सन् १८४४ अक्टोवर २१ का दिन बेलायतमा २८ जना मजदुरहरु मिलेर १/१ पाउण्ड रकम जम्मा गरी विश्वको पहिलो सहकारीको स्थापना गरे ।

सहकारी स्थापनाको यो क्रम बेलायतमा मात्र सिमित रहेन । बेलायतका श्रमिकहरुको जस्तै समस्या सारा युरोप अझ भनौ विश्वभरी थियो । त्यसताका युरोपमा त औद्योगिक क्रान्तिको बाढी नै आएको थियो । त्यसैले गरिबीको कुचक्रवाट पिल्सिएका अन्य देशका मानिसहरुमा पनि सहकारीको मोह जाग्न थाल्यो । यसक्रममा यहुदी व्यापारी तथा उद्योगपतिहरुको ऋणवाट मुक्ति पाउन जर्मनीका जनताले सन् १८४९ मा बचत तथा ऋण सहकारीको स्थापना गरे । अहिले पनि कृषि अर्थतन्त्रवाट विश्वमा धनि राष्ट्र कहलिएको मित्र राष्ट्र जापानमा सन् १८७९ मा पहिलो उपभोक्ता सहकारीको स्थापना हुन गयो । त्यसैगरी क्यानाडामा सन् १८७० देखि नै सहकारीको शुरुवात भएको थियो भने कृषि सहकारीको क्षेत्रमा क्यानाडा विश्वमै सफल राष्ट्रको रुपमा रहदै आएको छ ।

छिमेकी राष्ट्र चिनमा सन् १९१२ मा औपचारिक रुपमा सहकारी अभियान भित्रिएको पाईन्छ भने भारतमा सन् १९०४ मा विधिवत रुपमा यो अभियान भित्रिएको थियो । खासगरीकन दोस्रो विश्व युद्ध पछिको समयदेखि विश्वभर सहकारी अभियानले तिब्रता पाएको देखिन्छ ।

विश्वमा अहिले ६ अर्ब भन्दा केही बढी जनसंख्या रहेको अनुमान गरिएको छ । सहकारी क्षेत्रमा आवद्ध जनसंख्या १ अर्ब ३० करोड रहेको अन्तराष्ट्रिय सहकारी महासंघले जनाएको छ । यसको अर्थ विश्वमा प्रत्येक ६ जनामा १ जना व्यक्ति सहकारीको सदस्य रहेका छन । तर अधिकांश विकशित देशमा भने सालाखाला प्रत्येक ४ जनामा १ जना सहकारीका सदस्य छन । पछिल्लो तथ्यांक अनुसार नर्वे र क्यानाडामा ३ जनामा १ जना, जर्मनी र अमेरीकामा ४ जनामा १ जना सहकारीका सदस्य छन । त्यसैगरी आयरल्याण्डमा कुल जनसंख्याको ७० प्रतिशत, फिनल्याण्डमा ६० प्रतिशत, अष्ट्रियामा ५९ प्रतिशत र सिंगापुरमा कुल जनसंख्याको ५० प्रतिशत मानिसहरु सहकारीका सदस्य छन ।

त्यसैगरी बेलायतमा ९८ लाख, ब्राजिलमा ५६ लाख, अमेरिकामा ३५ करोड र छिमेकी राष्ट्रहरु चिन र भारतमा क्रमश : १९ करोड र २४ करोड २० लाख मानिसहरु सहकारीमा सदस्यका रुपमा आवद्ध छन् । यस हिसावले हेर्दा के भन्न् सकिन्छ भने प्रत्यक्ष सदस्य आवद्धताको आधारमा विश्वको सबै भन्दा ठूलो क्षेत्र सहकारी हो । विश्वका कुनै NGO, INGO, राजनीतिक दल वा अन्य कुनै संगठनमा पनि यति धेरै संख्यामा सदस्यहरु छैनन् । पछिल्लो समय सहकारी संस्थाहरुको संख्या विश्वमा ३० लाख पुगेको छ ।

सांगठनिक आधारमा मात्र होईन, सहकारी क्षेत्रले ठूलो संख्यामा रोजगारी पनि प्रदान गरीरहेको छ । सहकारीको क्षेत्रमा विश्वभर २५ करोड मानिसहरुले प्रत्यक्ष रोजगारी पाएका छन् । विश्वको कूल रोजगारीमा सहकारीको योगदान १० प्रतिशत भन्दा माथि रहेको छ । विश्वको सबैभन्दा धनी र सम्पन्न मानिएको अमेरिकामा पनि सहकारीले २० लाख मानिसहरुलाई प्रत्यक्ष रोजगारी दिएको छ । त्यसैगरी फ्रान्स, इटाली र ब्राजिलमा क्रमशः १० लाख, ११ लाख र ३ लाख मानिसहरुले सहकारीवाट प्रत्यक्ष रोजगारी प्राप्त गरिरहेका छन् ।

महिला शसक्तिकरण र महिला सहभागितामा विश्वभर सहकारी एउटा नमूना क्षेत्रका रुपमा स्थापित छ । विश्व सहकारी अभियानमा महिलाहरुको सहभागिता ४० प्रतिशतको हाराहारीमा छ । नेतृत्वमा पनि महिलाहरुको सहभागिता साच्चिकै उल्लेखनिय छ । विश्व सहकारी अभियानको सर्वोच्च निकाय अन्तराष्ट्रिय सहकारी महासंघको अध्यक्षको रुपमा लगातार दुई कार्यकाल महिलाहरुले नै नेतृत्व प्रदान गरेवाट यस कुराको पुष्टी हुन आउँदछ ।

# सहकारीको नीति बनाउँदा कर्णालीलाई पनि हेर्ने कि ?



रामसूदन तिमल्सिना

कर्णाली प्रदेश विकासको भोको छ । ऊ द्रुत गतिको विकास चाहिरहेको छ । यातायात, पर्यटन, हाइड्रोपावर, जडिबुटि लगायतको क्षेत्रमा व्यापक सम्भावना भएका कारणले पनि यतिबेला कर्णालीका जनता प्रदेश र स्थानीय सरकारबाट समृद्ध कर्णालीको सपना पुरा हुने आशा गरिरहेका मात्र छैनन्, आफै पनि त्यसमा योगदान दिन सक्ने अवसरको पनि खोजी गरिरहेका छन् । भौगोलिक अवस्थाका कारण यातायात सञ्जालसँग धेरै पछि जोडिन पुगेको कर्णाली अब द्रुत गतिमा दीगो विकास चाहिरहेको छ ।

भुगोलको हिसाबले सात वटा मध्येको ठूलो प्रदेशका रुपमा रहेको कर्णालीमा सहकारीको उपस्थिति पातलो देखिन्छ । देशभरि करिब ३५ हजार सहकारी संघ/संस्था रहेका छन् तर कर्णालीमा २ हजार २८ वटामात्र सहकारी संघ/संस्था रहेको देखिन्छ । जुन कुल सहकारीको ५ दशमलव ९६ प्रतिशत मात्र हो । यसरी कर्णाली प्रदेशमा आर्थिक, सामाजिक र साँस्कृतिक विकासका लागि सहकारीमार्फत अझै योगदान गर्न सक्ने धेरै सम्भावना रहेको छ ।

पुँजीको अभाव भएकाले यहाँ शिक्षा, उद्योग, पर्यटन, कृषि लगायतको क्षेत्रमा सहकारीमार्फत सामुहिक रुपमा पुँजी सिर्जना गरी कार्य गर्न सकिने देखिन्छ । तर सहकारीका नीति नियमहरु कर्णाली मैत्री नभएको स्थानीयहरुको गुनासो सुनिन्छ ।

सुर्खेतमा राष्ट्रिय सहकारी बैंक लिमिटेडले २०७५ जेठ १० गते सहकारी संघ/संस्थासँग सहकारी बैंकको सेवा सुविधा लगायतका विषयमा गरेको अन्तक्रियामा पनि सहकारीकर्मी, जनप्रतिनिधिहरुले सहकारीले समृद्ध कणालीका लागि भूमिका खेल्ने धारणा व्यक्त गरेका थिए । यसले के देखाउँछ भने कर्णाली प्रदेशवासीहरु सहकारी मोडेलको आर्थिक व्यवस्थाबाट प्रभावित छन् । तर, अझै पनि सहकारीमार्फत यहाँको शिक्षा, स्वास्थ्य, उद्योग क्षेत्रमा सहज रुपमा लगानी गर्ने वातावरण नबनेको उनीहरुको गुनासो छ । स्थानीय तहबाट सहकारी ऐन बनाउँदा व्यापक अन्तक्रिया छलफलको अभाव हुने र जनप्रतिनिधिले केन्द्रबाट आएको ड्राफ्टलाई नै अन्तिम आधार बनाएर सहकारी ऐन बनाउन खोज्दा स्थानीय मैत्री हुन नसकेको गुनासा पनि सुनिएका छन् । यस विषयमा सरोकारवाला सबैको चासो हुनुपर्ने देखिन्छ ।

तथापी कर्णाली प्रदेशका भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले सहकारीमार्फत दीगो विकासको परिकल्पना गरिरहेको छ । मन्त्री विमला केसीले त समृद्ध कर्णालीका लागि सहकारी बैंकको भूमिका महत्वपूर्ण रहेको औल्याउदै सहकारीको पुँजीलाई पर्यटन, कृषि, हाइड्रो लगायतको क्षेत्रमा लगानी गर्ने वातावरण बनाई जनतालाई नै विकासमा प्रत्यक्ष संलग्न गराउने योजना रहेको सुनाउनुभयो ।

कर्णालीको राजधानी सुर्खेतमा सो प्रदेशकै सबैभन्दा बढि सहकारी संस्था रहेको देखिन्छ । जहाँ राष्ट्रिय सहकारी बैंकको शाखा छ । सो शाखाले यस प्रदेशका अन्य जिल्लाका सहकारीहरुलाई समेत सेवा/सुविधा प्रदान गरिरहेको छ । यसरी कर्णालीमा सहकारी क्षेत्रको विकास र प्रवर्द्धनका लागि सुर्खेत र दैलेखमा रहेका सहकारी बैंकका शाखाहरुले महत्वपूर्ण योगदान दिएको कुरा स्थानीयसँगको छलफल पछि थाहा भयो । तर, उनीहरु अझै धेरै क्षेत्रमा सहकारी बैंकको उपस्थिति चाहन्छन् । राष्ट्रिय सहकारी महासंघका वरिष्ठ उपाध्यक्ष मिनराज कँडेल, राष्ट्रिय सहकारी बैंकका प्रबन्ध संचालक केवी उप्रेती, बैंकका संचालक हरिहर नाथ योगीसहितको टोलीसँग मैले पनि २०७५ जेठ १० देखि १७ गतेसम्म कर्णाली प्रदेशको सहकारीको विद्यमान अवस्थालाई अध्ययन र अवलोकन गर्ने अवसर प्राप्त गरेको थिए । जसले कर्णाली, यहाँको सम्भावना र सहकारीको अवस्थाबारे बुझ्ने अवसर प्राप्त भयो ।

विभिन्न जिल्लाहरुमा अन्तक्रिया छलफल र भेटघाट सहित भएको सो भ्रमणले कर्णाली प्रदेशलाई नजिकबाट बुझ्ने अवसर दिएको थियो । साँचै यो भ्रमणले सहकारी अभियानलाई कर्णाली प्रदेशलाई थप प्रवर्द्धन गर्नुपर्ने कुरामा बल गरेको पाइन्छ । अझै पनि एकताबद्ध रुपमा सहकार्यमार्फत सहकारी मोडेललाई आत्मसाथ गराउनका लागि प्रवर्द्धनात्मक कार्यक्रमको खाँचो देखिन्छ ।

२०७५ जेठ १० गतेका दिन राष्ट्रिय सहकारी बैंकले सुर्खेतमा शाखाको गतिविधिसहित सहकारीकर्मी, जनप्रतिनिधिलगायतसँग अन्तक्रिया गरेको थियो । जेठको चर्को गर्मीमा पनि २ सयभन्दा बढिले पसिना चुहाएरै भए पनि त्यो अन्तक्रिया कार्यक्रममा बसेर राय सल्लाह सुझाव दिने काम गरे । सहकारी संघ/संस्थाका प्रतिनिधिहरुले भने बैंकले सहकारीलाई ऋण प्रदान गरेर ठूलो गुण लगाएको बताउँदै ब्याजदर घटाउन माग गरेका थिए । कर्णाली प्रदेशको राजधानी सुर्खेतमा सहकारी बाक्लो भएकाले पनि हुनुपर्छ त्यसका स्थानीय दलका नेताहरुले समेत सहकारीको विषयमा चासो लिने गरेको पाइयो । तथापी स्थानीय तहले बनाउने सहकारी ऐन स्थानीय सहकारी मैत्री नहोलाकी भनेर त्यहाँका सहकारीकर्मी होशियार छन् । स्थानीय तहले सडक खन्ने कार्यलाई मात्र बढि फोकस गरेका कारण पनि सहकारी मोडेलको विकासलाई आत्मसाथ गर्न नसकेको गुनासो सुनियो ।

उपभोक्ता समितिमार्फत हुने काममा पछि विग्रिंदा भत्किदा पुर्ननिर्माणमा फेरी सरकारको मुख ताक्नुपर्ने अवस्थाको अन्त्य सहकारीमार्फत गर्न सकिन्छ भनेर केहि तहका स्थानीय जनप्रतिनिधिहरु सहकारी मोडेल विकास निर्माणका कार्यमा पनि आत्मसाथ गर्न चाहिरहेका छन् । तर, उनीहरु कतै कानुनले पो रोक्छ कि ? भनेर चिन्तित पनि छन् ।

कर्णालीका १० जिल्लामध्ये सुर्खेतमा सबैभन्दा बढि सहकारी संस्थाहरु रहेको पाइयो । जहाँ कृषि सहकारी संस्था २९७ छन् भने बचत तथा ऋणको कारोबार गर्ने

सहकारी संस्थाको सख्या १ सय ४२ र बहुउद्देश्यीय सहकारी संस्था ११४ देखिन्छ। त्यसपछि दुग्धका १५, उपभोक्ताको ५, विद्युत ३, जडिबुटीको १६, मौरीपालान १, संचार ६, स्वास्थ्य २ र अन्य १९ गरि कुल ६२० वटा सहकारी संस्था रहेको देखिन्छ । यसरी हेर्दा सुर्खेतमा मात्र कर्णालीको ३१ प्रतिशत सहकारी संस्था रहेका छन् । यसले कर्णालीका अन्य जिल्लामा सहकारीको कति पातलो रहेछ भन्ने प्रस्ट पार्दछ ।

राष्ट्रिय सहकारी बैंक लिमिटेडले सहकारी संघ/संस्थासँग दैलेखको जिल्ला समन्वय समितिको हलमा मिति २०७५ जेठ ११ गते आयोजना गरेको अन्तक्रियामा कर्णालीमा सहकारीताको शिक्षा आवश्यकता रहेको औंल्याइएको थियो । र यहाँका बासिन्दा पनि सहकारीमार्फत स्थानीय क्षेत्रको विकासमा योगदान दिन चाहिरहेका छन् । राष्ट्रिय सहकारी महासंघका वरिष्ठ उपाध्यक्ष मिनराज कँडेलले शहरमा पैसा भएको ठाउँमा रकम जम्मा गरेर कर्णालीका जिल्लाहरुमा ऋण प्रवाह गरेकोमा राष्ट्रिय सहकारी बैंकको प्रशंसा गर्नुभएको थियो । बैंकका प्रवन्ध संचालक केवी उप्रेतीले पनि कर्णाली प्रदेशमा कृषि, हाइड्रोपावर, पर्यटन लगायतको क्षेत्रको विकास र विस्तारका लागि बैंकले योगदान दिनसक्ने जति योगदान दिने प्रतिबद्धता जनाउँदा स्थानीय वासिन्दा खुसी भएका थिए ।

बैंकले आवश्यकताको आधारमा संघ/संस्थाले शाखामार्फत आवश्यक तालिमको माग गरेको आधारमा तालिम दिने गरेको देखिन्छ । यसरी बैंकले कर्णाली प्रदेशमा शिक्षा, तालिम र पुँजी बृद्धिमा फोकस गर्न थालेको कुराले त्यहाँका सहकारीकर्मीमा नयाँ उत्साह र जागर छाएको देखिन्थ्यो । सुर्खेत पछि बढि सहकारी भएको जिल्ला भएकाले पनि होला दैलेखमा सहकारीको विषयमा स्थानीय जनप्रतिनिधि र स्थानीयको पनि केहि चासो देखिन्थ्यो । दैलेखमा कुल २९४ सहकारी संस्था रहेको देखिन्छ । जसमध्ये ९१ वटा बचत तथा ऋण सहकारी संस्था छन् । बहुउद्देश्यीय ३६ वटा, कृषि १३८, उपभोक्ता १५ रहेको देखिन्छ ।

दैलेखका स्थानीय तहको प्राथमिकताको क्षेत्र भनेको बाटो देखियो । दैलेख बजारबाट देखिने वरिपरिका सबै डाँडाहरुमा डोजर नै डोजर दौडिएका देखिन्थे । कुनै पुर्वतयारी विना हचुवाका भरमा समेत बाटोको ट्र्याक खोल्ने कार्य भएकोमा कतिपय स्थानीय दुखी पनि भएका छन् । सडक संजाल विकासको मुख्य आधार हुन सक्छ, तर जथाभावी बाटो खन्दा प्राकृतिक विपत्ती लगायतका समस्या पनि निम्तिने देखिन्छ ।

२२ वटा नीति नियम बनाउने अधिकार स्थानीय तहमा रहेको छ । तर उनीहरु सहकारी आफ्नो मातहतमा आएपछि के आम्दानी हुन्छ भनेर लेखा जोखा गरिरहेको भेटिन्छन् । जसले गर्दा स्थानीय तहको मातहतमा आएर सहकारीको विकास, प्रवर्द्धन, नियमनमा समस्या आउने त होइन भन्ने चिन्ता पनि देखिन्छ । यसका लागि महासंघ, केन्द्रीय संघ तथा बैंकले नियमित रुपमा लविङ गरिदिनुपर्ने उनीहरुको माग पनि छ ।

कर्णालीको विकट जिल्लामध्येको एक कालिकोट हो । कालिकोटको बजार क्षेत्रमा सहकारीको अवस्था सुधारोन्मुख देखिए पनि गाम्राणी भेगमा अझै पनि सहकारीको प्रवर्द्धन र शिक्षाको आवश्यकता देखिन्छ । कालिकोटका सहकारीहरुले पनि पुँजी अभावका कारण सहकारीलाई ऋण दिन सक्ने बैंकको आवश्यकता रहेको औंल्याउँदै सहकारी बैंकको शाखा कालिकोटमा स्थापना गर्न माग गरेका थिए । राष्ट्रिय सहकारी महासंघले आयोजना गरेको सहकारीको प्रवर्द्धनमा स्थानीय तहको भूमिका विषयक कार्यक्रममा स्थानीय जनप्रतिनिधि देखि सहकारीकर्मीहरुले सहकारी शिक्षाका साथै सहकारी बैंकको शाखाको समेत माग गरेका थिए । कालिकोटमा करिब २ सयको हाराहारीमा सहकारी संस्था रहेको देखिन्छ ।

जुम्लामा राष्ट्रिय सहकारी बैंकले पहिलो पटक स्थानीय सहकारी संघ/संस्थासँग अन्तक्रिया गर्दा त्यहाका सहकारीकर्मी, स्थानीय जनप्रतिनिधि सरोकारवाला निकायका व्यक्तिहरु निकै उत्साहित देखिन्थे । देशभरका सहकारीहरुको एकमात्र बैंक राष्ट्रिय सहकारी बैंकको शाखा स्थापना गरी सहकारीहरुको प्रद्धर्वनमा सहयोग गर्न जुम्लाका सहकारीकर्मीहरुले माग गरेका थिए ।

स्याउ, जडिबुटी र कृषि लगायतका क्षेत्रमा लगानीको प्रशस्त संभावना रहेको जुम्ला जिल्लामा सहकारीहरुले काम गरीरहेको र सहकारी संस्थाहरुलाई कर्जा लगानी गर्ने एक मात्र बैंक सहकारी बैंकको शाखा स्थापना गर्न सके यो क्षेत्रमा थप उत्पादनको काम गर्न सकिने उनीहरुको बुझाई थियो । जुल्ला जिल्लालाई स्याउ, जडिबुटी र कृषि क्षेत्रको व्यावसायिक क्षेत्रका रुपमा विकास गर्नका लागि सहकारी क्षेत्रको योगदान आवश्यक रहेको उनीहरुको बुझाइ थियो । सहकारी बैंकको ४४ शाखा स्थापना भइसकेको भए पनि कर्णाली प्रदेशमा २ वटा मात्र शाखा रहेको छ । जसले गर्दा कालिकोट, जुम्लाले पनि शाखाको माग गरेको देखिन्छ । तर सहकारीको पातलो उपस्थितिका कारण बैकको शाखा संचालन गर्न सहज पनि देखिन्दैन । भएका शाखाहरुको स्तरबृद्धि गर्दै सहकारी प्रवद्धन, शिक्षा तालिममा पनि यी शाखाहरुले भूमिका खेल्नुपर्ने अवस्था यो भ्रमणका क्रममा देखियो । त्यसैगरि स्थानीय तहसँग सहकारी मैत्री ऐन नियम निर्माणका लागि पनि सहकारी अभियानमार्फत लविङ बहस पैरवीमा बढि जोड दिनुपर्ने अवस्था छ ।

सहकारी मोडेलले स्थानीय तहलाई कसरी फाइदा दिन सक्छ भनेर कन्भिन्स गर्नका लागि जिल्लास्तरीय सहकारी संघ/संस्थाको प्रयासमात्र काफी नहुने हो कि, त्यसका लागि पनि अभियानको जोड कर्णाली प्रदेशमा जानुपर्ने अवस्था छ । कर्णालीका धेरै स्थानीय तहमा अझै सम्म पनि वाणिज्य बैंक, विकास बैंक तथा वित्तीय कम्पनीहरुको कमजोर उपस्थिति देखिन्छ । त्यस्तो क्षेत्रमा सहकारी अभियानले स्थानीय जनतालाई सहज रुपमा वित्तीय पहुँच दिइरहेको र उनीहरुले बढ्दो माग पुरा गर्न नसकेका कारण सहकारी अभियानबाट पुँजी जुट्ने क्षेत्रको आवश्यकता पुरा गरिदिने आशा गरेको पाइन्छ ।

स्थानीय जनतालाई वित्तीय सेवा प्रदान गर्ने सहकारीलाई बलियो बनाउनका लागि यसको संचालन विधि, सहकारी शिक्षाका लागि व्यापक कार्यक्रमको आवश्यकता देखिन्छ । अर्को कर्णालीका धेरै क्षेत्रमा एनजीओ आइएनजीओको उपस्थिति त

छ तर स्थानीयको आवश्यकता तिनीहरुले पुरा गर्न सकेका छैनन् । त्यसैले पनि सहकारीमार्फत आफ्नो लागि आफै केहि गर्न जोश जाँगर कर्णालीमा देखिन्छ ।

कर्णालीमा क वर्गका वाणिज्य बैंकका १ सय ३ वटा शाखा छन् भने विकास बैंकका ८ वटा, ग वर्गको बैंकका २ वटा गरि १ सय १३ वटा मात्र शाखा रहेको छ । कर्णालीका अझै पनि ४४ वटा स्थानीय तहमा वाणिज्य बैंकको उपस्थिति छैन । तर ती क्षेत्रमा पनि सहकारीको उपस्थिति छ । कर्णालीमा मात्र होइन देशभरिका करिव २७ प्रतिशत स्थानीय तहमा अझै पनि बैंकको उपस्थिति छैन । ती क्षेत्रमा वित्तीय पहुँचको माध्यम भनेको सहकारी नै हो । यसरी हेर्दा नीति निर्माताले सहकारीको विषयमा नीति निर्माण गर्दा सहकारी अभियानको यो आवश्यकता, यो योगदानलाई ध्यान दिनु र मनन गर्नु जरुरी देखिन्छ । राजधानीका सहज स्थानमा बसेर बनेको नीति नियमहरु यी क्षेत्रका लागि कति उपयोग छन् त्यो विश्लेषण हुनै पर्छ ।

## कर्णालीमा सहकारीको अवस्थाः

सहकारी संस्थाको संख्या : २०२८

संचालकको सख्या : १७३१२

सदस्य सख्या : २९३५००

कर्मचारी : १७०३

शेयर पुँजी : ८९२,०००,०००

बचत २,७१,१७,००,०००

ऋण लगानी ३,७९,८०,००,०००

सडक

कुल सडक : ३६६१ किलोमिटर

कालोपत्र ४९० किलोमिटर

ग्राभेल १८४ ग्राभेल

कच्ची २९८७

प्रति कि.मि जसख्या ४४४

कर्णालीमा उद्योग

उद्योग सख्या ४४

संलग्न जनशक्ति : ५२२

रोजगार ४२४

कृषि भूमिको प्रयोग र सिंचाई

कुल खेतीयोग्य क्षेत्रफल : १३६२३२ हेक्टर

सिंचित क्षेत्रफल २३५३०

खेती गरिएको क्षेत्रफल : १०२८८४

आर्थिक रुपले सक्रिय जनसंख्या : ६७१६९२

कर्णालीको कुल जनसख्या : १६२३६०२

घरपरिवार सख्या ३०९३७६

क्षेत्रफल ३१८७३ कि.मि.

# भक्तपुरमा बैंकको अन्तरक्रिया कार्यक्रम

*भक्तपुर,*



राष्ट्रिय सहकारी बैंक लिमिटेडको आयोजनामा भक्तपुरमा बैंक र सदस्य संघ/संस्था सम्बन्धि असार ५ गते एकदिने अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो ।

कानुन, न्याय तथा संसदीय व्यवस्था मन्त्री शेरबहादुर तामाङले कार्यक्रमको उद्घाटन गर्नुभएको थियो । सो अवसरमा बोल्दै मन्त्री तामाङले सहकारीमैत्री ऐन नियमय निर्माण गरी सहकारी क्षेत्रको प्रवर्द्धनमा सबैको सहयोग आवश्यक रहेको बताउनु भयो ।

कार्यक्रममा प्रतिनिधि सभाका सदस्य महेश बस्नेत, प्रदेश नम्बर ३ प्रदेशसभाका सदस्य पशुपति चौलागाई, पुर्व सांसद केदार सञ्जेल लगायतका अतिथिहरुको उपस्थिति रहेको थियो, सो अबसरमा बोल्दै भक्तपुरको प्रतिनिधित्व गर्दै प्रतिनिधि सभाका सदस्य बनेका महेश बस्नेतले भक्तपुरका सहकारीको विकासमा राष्ट्रिय सहकारी बैंकले खेलेको भूमिकाको प्रसंशा गर्नुभयो, प्रदेश नम्बर ३ प्रदेशसभाका सदस्य पशुपति चौलागाइले सहकारी मार्फत दीगो विकास लक्ष्य प्राप्तिमा सहकारी बैंकको भूमिका समेत महत्त्वपूर्ण हुने सम्बन्धमा चर्चा गर्नुभयो । भक्तपुर क्षेत्रका विभिन्न सहकारी संघ/संस्थाकाहरुको प्रतिनिधित्व गर्दै २०० भन्दा बढी सहकारी प्रतिनिधिहरुको कार्यक्रममा सहभागिता रहेको थियो ।

अन्तरक्रिया कार्यक्रमको अबसरमा बैंकको ठिमी शाखामा गत आर्थिक बर्षमा नियमित र उत्कृष्ट कारोवार गर्ने २ सहकारी संस्थालाई सम्मानित समेत गरिएको थियो, सम्मानित हुने संस्थाहरुमा उत्कृष्ट कारोबार तर्फ शुभकामना सेभिङ्ग एण्ड क्रेडिट को-अपरेटिभ र नियमित कारोवार तर्फ पारिजात सेभिङ्ग एण्ड क्रेडिटको-अपरेटिभ लाई कार्यक्रमका प्रमुख अतिथिको हातवाट सम्मान पत्र प्रदान गर्दै सम्मानित गरिएको थियो ।

कार्यक्रमको अध्यक्षता बैंकका प्रबन्ध संचालक के.वी. उप्रेतीले गर्नुभएको थियो भने कार्यक्रम बैंकको ठिमी शाखाका प्रमुख सबीना श्रेष्ठको मन्तव्य र बैंकका संचालक सरिता भट्टराईको संचालनमा सम्पन्न कार्यक्रममा बैंकका सहायक महाप्रबन्धक हरिकृष्ण सापकोटाले बैंकका गतिविधि बारेको एक प्रस्तुतिकरण प्रस्तुत गर्नुभएको थियो ।

# लघुवित्त कारोवार गर्ने सहकारीको जोखिम व्यवस्थापन



**प्रमोदकुमार घिमिरे**
**कर्जा विभाग प्रमुख**

वित्तीय क्षेत्रमा देखिएका जोखिमहरुलाई जुन संस्थाले प्रभावकारी ढंगवाट समयमानै व्यवस्थापन गर्न सक्दछ त्यस संस्थाले नै सदस्य र सरोकारवालाहरुमा विश्वास कायम राख्न सफल हुन्छ र वित्तीय कारोवारलाई प्रभावकारी रुपमा वृद्धि गर्न र दीगोपना कायम राख्न सक्दछ । आर्थिक व्यवहारमा आवद्ध जुनसुकै व्यक्ति वा संघ संस्थामा जोखिमको संभावना रहन्छ । सामान्यतया संस्थागत उद्देश्यले गरिने कुनै पनि बस्तु वा कारोवारमा निहित वा सम्भाव्य हानी वा नोक्सानीलाई जोखिम भनिन्छ। लघुवित्त कारोवार गर्ने विपन्न वर्ग तथा गरीबहरु न्यून आय हुने मानिसहरु हुन्छन् र लघुवित्तले वित्तीय सेवा प्रदान गर्दा धितो नलिई ऋण लगानी गर्ने भएकोले अन्य वित्तीय कारोवार गर्ने संस्थाहरुको तुलनामा ऋण कारोवारमा बढी जोखिम हुने संभावना रहेको हुन्छ। तसर्थ संस्थाले उक्त जोखिमलाई समयमानै नियन्त्रण र व्यवस्थापन गर्नपर्ने आवश्यक हुन्छ । लघुवित्त कारोवार गर्ने संस्थामा जोखिमका पक्षहरु र त्यसको व्यवस्थापनको लागि आवश्यक आधार हरुलाई संक्षेपमा देहाय वमोजिम बर्णन गर्ने प्रयास गरिएको छ । लघुवित्त सम्बन्धि कारोवार गर्ने संस्थाले समय समयमा जोखिमको पहिचानका साथै जोखिमको वर्गिकरण गरी सोको व्यवस्थापनका औजार हरुको प्रभावकारी कार्यान्वयन गरेमा संस्था सक्षम र दीगो हुन सक्दछ । यसका लागि संस्थाले आफ्नो आवश्यकता अनुसारको जोखिम व्यवस्थापन नीति तथा कार्यविधी तयार गरी अद्यावधिक गर्दै कार्यान्वयनमा लगेमा जोखिम न्यूनीकरण हुनेछ । लघुवित्त कारोवार गर्ने संस्थाको दैनिक कारोवारमा हुने र भविष्यमा हुनसक्ने जोखिम र जोखिम व्यवस्थापनको उपायहरुलाई निम्न वमोजिम चर्चा गर्न सकिन्छ ।

### (क) कर्जा जोखिम (Credit Risk)

लघुवित्त कारोवारमा कर्जा लगानी पनि एउटा पाटो हुने भएको कुरामा हामी जानकार नै छौं । तसर्थ लघुवित्त कारोवार गर्ने संस्थाले आफ्ना सदस्यलाई लगानी गरेको वा गरिने कर्जा लगानीका तोकिएको शर्त सुविधा अनुरुप निश्चित समयावधि भित्र साँवा तथा व्याज फिर्ता प्राप्त हुने संभावना नहुनु वा केहीमात्रामा मात्र हुनु वा अनियमित हुनुलाई कर्जा जोखिम भन्न सकिन्छ। ऋणीले संस्थासंगको कर्जा सम्बन्धी कारोवार तथा अन्य आर्थिक कारोवार सम्बन्धी शर्तहरु पूर्ति वा पुरा गर्न इच्छुक हुँदैन वा असमर्थ हुन्छ वा सक्दैन अनी कर्जा जोखिम बढ्ने हुन्छ । संस्थाको वित्तीय कारोवारमा कर्जा नै पहिलो हुने भएकोले समस्या भएपछि तरलता व्यवस्थापनमा असहज हुन्छ, आम्दानी ह्रास हुँदै जान्छ र अन्य वित्तीय जोखिमहरु स्थापित हुँदै जान्छन । ऋणीको अनियमितता तथा खराब नियतको कारणले कर्जाको सदुपयोग नहुनु साथै कर्जाको भाखा नघाउनु र ऋणीको आफ्नो काबु भन्दा वाहिरको परिस्थिति सिर्जना हुँदै जान्छ। प्राकृतिक प्रकोप, दैवीक विपत्ति लगायतका कारणले शर्त वमोजिम तोकिएको समय सीमाभित्र कर्जा फिर्ता हुन नसक्दा कर्जाको जोखिममा बृद्धि हुँदै जान्छ। खासगरी कर्जामा जोखिमको प्रभाव बढ्नु भनेको कमसल वा खराब गुणस्तरको कर्जा हुनु र व्याज न्यून भई आम्दानी घट्नु भनेको नाफा घट्नु हो जसको कारण संस्थाको साख र प्रभावमा प्रत्येक्ष असर गर्दछ । संस्थाको कर्जा जोखिमलाई जोखिममा रहेको कर्जा, जोखिम बेहोर्ने कोष वा कर्जा जोखिम कोषको अनुपात र कर्जा अपलेखन अनुपात लगायतका संख्यात्मक सूचकबाट गणना एवम् मापन गर्न सकिन्छ । यस प्रकारको जोखिमलाई न्यून गर्ने आन्तरिक आधारहरुमा उपयुक्त ऋणी सदस्यको छनौट गर्न असफल हुनु, कर्जा सम्बन्धी शर्त सुविधाहरु स्पष्ट नहुनु, पर्याप्त कर्जा विश्लेषण नहुनु, व्यवस्थापन सूचना प्रणाली प्रभावकारी नहुनु, कर्जा लगानी नीति तथा प्रक्रियाहरु एकै स्थानमा अधिकेन्द्रित गर्नु, कर्जाको शिर्षक बनाउँदा व्याजदर, कर्जाको गुणस्तर, कर्जाको आकार, कर्जा असुलीको शर्त तथा सुविधाहरु लगायतका पक्षहरु लक्षित गरिएको व्यवसाय एवम् परियोजना ऋणीको अनुकुल नहुनु, संस्थामा आवद्ध कर्मचारी तथा पदाधिकारीहरुमा कर्जाको लगानी र असुलीको कृयाकलापहरुको बारेमा पर्याप्त ज्ञान नहुनु, नकारात्मक व्यवहार र गलत प्रवृत्ति हुनु, कार्य सन्तुष्ठि नहुनु जस्तो कारण तथा व्यवहारले पनि कर्जा जोखिम बढ्ने संभावना रहन्छ । त्यसको अतिरिक्त ऋणीहरुको परियोजना र व्यवसाय प्राकृतिक प्रकोप, राजनीतिकरण, सामाजिक द्वन्द, आर्थिक मन्दी र सम्बन्धित ऋणीको मृत्यु भएमा पनि कर्जा जोखिम बढ्न सक्दछ ।

### कर्जा जोखिम व्यवस्थापनको उपायहरु

- पर्याप्त वित्तीय तथा अन्य जोखिम विश्लेषण गरेरमात्र कर्जा लगानी पर्ने हुन्छ ।
- ऋणमा हुन सक्ने सम्भावित जोखिमलाई व्यवस्थापन गर्न नियामानुसार ऋण सुरक्षण कोषको व्यवस्था गर्ने वा कर्जा विमा गर्ने ।
- कर्जा प्रवाह भएपछि त्यसको उपयोग कसरी भईरहेको छ ? ऋणीको नगद प्रवाह नियमित वा पर्याप्त छ कि छैन ? कर्जाको किस्ता कसरी तिरिरहेको छ, ? धितोको अवस्था, बजार मुल्यका बारेमा अनुगमन गनुपर्दछ । दैनिक रुपमा भाखा नाघेको ऋणको विवरण तयार गरी ताकेता गर्ने, ग्राहक ऋणीसँगको व्यवसायिक सम्बन्ध प्रगाढ वनाउने ।
- ऋणीको कर्जा तिर्न सक्ने क्षमता अर्थात नगद प्रवाहलाई मुख्य आधार मानेर ऋण लगानी गर्ने ।
- धितोमा लगानी गरिने ऋणको धितो

मूल्याङ्कन गर्दा यथार्थ तथा सुरक्षित मूल्याङ्कन पद्धति अपनाउने, ऋण लगानी गर्दा कर्जा सूचना केन्द्र तथा सम्बन्धित वित्तीय संस्थाहरुसँग शाख सूचना अनिवार्य लिने व्यवस्था मिलाउने ।

- ऋणलाई औसत भन्दा ठूलो आकारको, लामो अवधिको, प्राथमिक पूँजीको ५ प्रतिशत भन्दा बढि, अनुत्पादक क्षेत्रको लगानीमा वर्गिकरण गरी अधिकेन्द्रित जोखिमको अनुगमन गर्ने ।
- कर्जा लगानीका क्षेत्र अनुसार अधिकतम सीमा तोकि कर्जाको केन्द्रीकरणलाई विबिधिकरण गर्ने र एकल ग्राहक वा आपसी सम्बन्ध भएका ग्राहकहरुको समूहलाई प्रदान गरिने कर्जाको अधिकतम सिमा नियमन निकायको निर्देशनहरु र प्रचलित ऐन नियमका व्यवस्था अनुसार गर्ने ।
- वित्तीय कारोवार गर्ने संस्थाहरुले ऋणको साँवा तथा व्याज मासिक किस्तामा असुली गर्ने गरी लगानी गर्ने । व्यवसाय वा परियोजनाको प्रकृतिको आधारमा कर्जा स्वीकृत गर्ने र सोही अनुसार उपयोगको आधारमा रकमको निकाशा गर्ने ।
- कर्जाको गुणस्तर अनुसार बर्गिकरण गरि नियम अनुसारको कर्जा जोखिम कोषको व्यवस्थापन गर्ने, ऋण अपलेखन नीति तयार गरी उठ्नै नसक्ने अवस्थामा पुगेका खराब ऋणलाई नियामानुसार अपलेखन गर्ने र अपलेखित ऋणको रेकर्ड अलग्गै खातामा राख्ने ।
- औचित्यको आधारमा ऋणीको काबु बाहिरको परिस्थितीमा मात्र ऋणको पुनरसंरचना गर्ने ।
- हरेक मसान्तमा ऋणको एजिङ्ग (अवधि अनुसार व्याज भाखा नाघेको तथा किस्ताको भाखा नाघेको समेत देखिने गरी प्रतिवेदन तयार गर्ने र सो को आधारमा ऋण जोखिम कोष व्यवस्थापन गर्ने ।

### (ख) तरलता जोखिम (Liquidity Risk)

संस्थाको दायित्व भुक्तानी गर्नसक्ने अवस्था तरलतासंग सम्बन्धित हुन्छ । तरलता अत्यधिक तथा न्यून दुवै संस्थाको लागि हानीकारक हुन्छ । कुनै पनि संस्थामा आवश्यकता भन्दा न्यून वा अधिक नगद तथा बैंक मौज्दात भएमा, बीमा रहित वा असुरक्षित तवरले भल्टमा नगद राखिएमा, जोखिमयुक्त वित्तीय संस्थामा रहेको बैंक मौज्दात तरलता जोखिम अर्न्तगत पर्दछन् । तरलता व्यवस्थापन समयमा नै व्यवस्थापन गर्न सकिएन भने जनमानसमा संस्थाप्रतिको विश्वासमा कमी हुन्छ ।

#### तरलता जोखिम व्यवस्थापनका उपायहरु

- समय समयमा वित्तीय अनुपातहरुको बिश्लेषण गरी तरलतालाई चालु दायित्व र निक्षेप वमोजिम सन्तुलन कायम गराउने ।
- अल्पकालको नगद आवश्यकता परि पूर्ती गर्न संस्थागत सापटीको प्रबन्ध मिलाउने ।
- अनावश्यक खर्चहरु नियन्त्रण गर्ने र तत्कालै भुक्तानी गर्नंपर्ने खर्चहरुलाई पहिलो प्राथमिकता दिने ।
- तत्कालै फिर्ता गर्न नपर्ने र संस्थाको बचत वृद्धि नियमित बनाउने खालका प्राथमिक बचत र अन्य बचतको अनुपात निर्धारण गर्ने र सोही अनुसार तरलता व्यवस्थापन गर्ने ।
- मासिक रुपमा आगामि महिनाको असुली, बचत वृद्धि, कर्जा वृद्धि तथा खर्चहरुको लेखा जोखा गरी नगद पर्याप्तता र माग बीच सन्तुलन मिलाउने/न्यए ब्लबथिकक्ष गर्ने पद्धती विकास गर्ने ।
- कम्तिमा निक्षेपको १५ प्रतिशतले हुने रकम बैंक तथा वित्तीय संस्थामा खाताखोली खर्च नगर्ने गरी जम्मा गर्ने ।

### (ग) सञ्चालन जोखिम (Operational Risk)

खासगरी सहकारी संस्थाको दैनिक कार्य सञ्चालनसंग सम्बन्धित व्यवस्था र प्रविधि चुस्त, दुरुस्त तथा प्रभावकारी नहुँदा वा प्रभावकारी रुपले संचालन नगरिएमा हुने जोखिमलाई सञ्चालन जोखिम भन्न सकिन्छ । सामान्यतया नीति, प्रणालीगत र प्रविधि जोखिम, लेखा तथा अभिलेख सम्बन्धी जोखिम, व्यवस्थापन सूचना सम्बन्धी जोखिम, लेखाप्रणाली जोखिम, आन्तरीक नियन्त्रण सम्बन्धी जोखिम, मानव संशाधन व्यवस्थापन सम्बन्धी जोखिम, प्राकृतिक प्रकोपबाट उत्पन्न हुने जोखिम, कानूनी उत्तरदायित्व सम्बन्धी जोखिम, सुरक्षा सम्बन्धि जोखिम, हिनामिना तथा दुरुपयोग, भ्रष्टाचार, अनियमितता, कर्मचारीले दैनिक कार्यमा पदिय मर्यादा कायम नगर्दा हुने जोखिम आदि ।

#### सञ्चालन जोखिम व्यवस्थापनका उपायहरु

- दैनिक कार्य संचालन कार्यविधि निर्माण गरी कार्यान्वयन गर्ने र गराउने । संस्थालाई प्रणालीगत ढंगले संचालन गर्न आवश्यकता अनुसार नीति, निर्देशिका तयार गरी लागू गर्ने र कम्तिमा वार्षिक रुपमा पुनरावलोकन गरी अद्यावधिक गर्दै जाने,
- संस्थाले पालना गर्नुपर्ने, नियामक निकायलाई जानकारी गराउनु पर्ने तथा स्वीकृत प्राप्त कारोवार मात्र गर्ने,
- लेखा तथा अभिलेख भरपर्दो, विश्वसनीय तथा आधिकारिक सफ्टवेयरमा हिसाब राख्ने, संस्थामा कार्यरत कर्मचारीले कुनै कारणवश सेवा छाड्न चाहेमा वा संस्थाले छोडाउन चाहेमा निजको जिम्मामा रहेका जिन्सी तथा अभिलेखहरु तोकिएको कर्मचारीलाई बुझाई सकेपश्चात हर हिसाब फरफारकका लागि क्लियरेन्स दिने, अभिलेख व्यवस्थापन चुस्त दुरुस्त, आधिकारिक तथा जवाफदेही बनाउने, अभिलेखलाई स्पष्ट, पूर्ण र अद्यावधिक गर्ने,
- व्यवस्थापन सूचना प्रणालीलाई

प्रभावकारी बनाई सफ्टवेयरवाट अधिकतम डाटावेश प्राप्त गरी संस्थाको जोखिम विश्लेषण गर्ने, जोखिम र कारोवार सम्बन्धी निर्णय गर्ने पदाधिकारीले KYO (Know Your Officials) सम्बन्धी न्यूनतम मापदण्ड पालना गर्ने

- संस्थामा कार्यरत कर्मचारीहरुको पद र जिम्मेवारी अनुसार एकाघरका घरमूलीसँग जमानत लिने, रकमको सीमा तोकि नगद, काउन्टर, नगद ओसार पोसारको बीमा गर्ने, ढुकुटीको साँचो संस्थाले तोकेका २ जना कर्मचारीहरुलाई जिम्मा लगाउने र समय समयमा संस्थाले तोकेको आधिकारिक व्यक्तिवाट ढुकुटीमा रहेको नगद जाँच गर्ने, कार्यालयका महत्वपूर्ण कागतजात तथा बहुमुल्य सम्पत्तिहरु दोहोरो नियन्त्रणमा राख्ने,

- विभागीय जिम्मेवारी सम्हालेका कर्मचारीलाई समय समयमा अर्को विभागमा परिवर्तन गर्ने,

- नगद तथा चेकको कारोवार हुने कक्षमा कर्मचारी वाहेक अन्य व्यक्तिलाई प्रवेश निषेध गर्ने,

- लेखा/लेखा परीक्षण समितिले कम्तिमा त्रैमासिक रुपमा आन्तरिक लेखापरीक्षण प्रतिवेदन माथि छलफल गरी सुधारका लागि आवश्यक निर्देशन दिने,

- कार्यालय सामानहरु सम्बन्धित प्रयोगकर्ताको जिम्मा लगाउने र कुन कुन सामान क-कसको जिम्मा छ सो को अभिलेख राख्ने, महत्वपूर्ण कागतजात तथा नगद राख्ने ठाँउमा बलियो ताला लगाउने,

- झ्याल ढोकाको चुकुलहरु राम्रोसँग लागे नलागेको जाँच गर्ने, बढि मुल्यवान सम्पत्तिहरुको बीमा गर्ने, अकस्मात हुन सक्ने आगलागी, चोरी डकैतिवाट हुन सक्ने क्षतिलाई न्यून गर्न कम्तिमा ५०० मि. वरपरको क्षेत्रफलमा आवाज सुन्न सक्ने गरी साइरनको व्यवस्था गर्ने र सोको प्रयोग सम्बन्धित कर्मचारीहरुलाई जानकारी गराउने, कार्यालय स्थानवाट नजिक रहेका दमकलहरु, सुरक्षा निकायहरु (प्रहरी, सेना) को सम्पर्क नं. सम्पूर्ण कर्मचारी तथा सम्बन्धित पदाधिकारीहरुले लिने र कार्यालय कक्षमा अग्नि नियन्त्रक ग्याँसको व्यवस्था गर्ने,

- संस्थामा कार्यरत कुनै पनि कर्मचारीले कार्यालय प्रयोजनका लागि प्रयोग गरेका संस्थाका सम्पत्ति सामानहरुको अभिलेख राख्ने, संस्थामा प्राप्त निक्षेपको वास्तविक र तथ्यगत स्रोत माग गर्ने आदि ।

## (घ) प्रविधिगत जोखिम (Technology Risk)

कुनैपनि संस्था संचालनमा प्रविधिको प्रयोग भएकै हुन्छ । समय समयमा सम्बन्धित बिज्ञबाट प्रविधिको रेखदेख र मर्मत गराउनु अपरिहार्या हुन्छ । संस्थाले प्रयोग गर्ने गरेका विभिन्न किसिमका प्रविधिमा वाह्य तथा आन्तरिक गडबडी हुन गई सृजना हुने जोखिमलाई प्रविधिगत जोखिम भनिन्छ । समान्यतया प्रविधिगत जोखिम देहाय वमोजिमका हुन हुन्छन् ।

- प्रयोगमा रहेको प्रविधि लोप भई बजारमा उपलब्ध नहुनु वा मर्मत नहुनु,

- उपलब्ध प्रविधि ब्राण्डेड नभइ र नक्कली हुनु,

- विद्युतीय जोखिम (अकस्मात बढि भोल्टेज आई उपकरण नष्ट हुन सक्ने, विद्युत सर्ट भई आगलागी हुन सक्ने आदि)

- विद्युतीय तथ्याङ्क तथा अभिलेख स्टोर सम्बन्धी जोखिम (कम्प्युटरमा प्रविष्टि गरेको तथ्याङ्क तथा अभिलेख हराउने, नष्ट हुने डिलिट हुने)

- सफ्टवेयर जोखिम (सहि तथ्याङ्क तथा सूचना प्राप्त नहुने, भएपनि अस्पष्ट हुने)

### प्रविधिगत जोखिम व्यवस्थापनको उपायहरु

- कम्प्युटर तथा बिद्युतिय सामान खरीद गर्दा ग्यारेन्टी निश्चित भएका ब्राण्डेड खरीद गर्ने र भाइरसले कम असर गर्ने ड्राइभमा फाइलहरु सेभ गर्ने, हरेक दिन गरेको कार्यको ब्याकअप लिने र व्याकअपलाई कार्यालय भन्दा बाहिर व्याकअप सेवा प्रदायक निकाय समक्ष राख्ने व्यवस्था मिलाउने वा आफैंले ब्याकअप सेन्टर राख्ने,

- प्रचलनमा रहेका, आधिकारिकता प्राप्त गरेको तथा विश्वसनीय र संस्थाको आवश्यकता अनुसारको सूचना दिन सक्ने सफ्टवेयर खरीद गर्ने र सूचना प्रविधी तथा सफ्टवेयर सञ्चालन सम्बन्धी बढी ज्ञान भएको दक्ष कर्मचारीको व्यवस्था गर्ने,

- कार्यालयमा जडान गरिएको विद्युतीय तार सुरक्षित भए नभएको एकिन गर्ने, कार्यालय समय पश्चात सम्पूर्ण विद्युतीय सामाग्रीहरु सम्बन्धित कर्मचारीहरुले राम्रोसँग बन्द गर्नु पर्ने,

- समय समयमा बिज्ञबाट मर्मत तथा हेरचाह गर्ने व्यवस्था मिलाउने,

- संस्थामा बिद्युत आपूर्ती नियमित बनाउन बैकल्पिक उर्जा (जेनेरेटर, इनभर्टर, सोलार) को व्यवस्था गर्ने र सो सञ्चालन गर्न सम्बन्धित कर्मचारीलाई प्रयोगात्मक तालिम दिने,

- संस्थाको सफ्टवेयर सञ्चालनमा प्रयोगकर्ता अनुसारको पासवर्डको व्यवस्था गर्ने र सुरक्षित तवरले प्रयोग गर्ने ।

## (ङ) ब्याजदर जोखिम (Interest Risk)

कुनैपनि संस्थाले निक्षेकर्तालाई प्रदान गर्ने ब्याज, कर्जामा लिने ब्याज र अन्य बैंक तथा वित्तीय संस्थाबाट लिने कर्जाको ब्याजदर बजारले निर्धारण गरे वमोजिम

समयानुकुल नभएमा संस्थाको प्रभावकारी संचालनमा वाधा उत्पन्न हुन सक्दछ । संस्थाले निर्धारण गरेको व्याजदरका कारण संस्थालाई भविष्यमा पर्न सक्ने संभावित हानी नोक्सानीलाई व्याजदर जोखिम भनिन्छ । यस प्रकारको जोखिम अन्तरगत व्याजदर बजारदर अनुरुप नहुने, पुँजीको लागत बढ्न जाने तथा व्याजदर परिवर्तन हुँदा आम्दानीमा फरक पर्न जाने हुन्छ । सामान्यतया व्याजदर बजारले निर्धारण गर्ने भएतापनि त्यसको अतिरिक्त वाहय तथा आन्तरिक तत्वहरुले पनि प्रभाव पारेको हुन्छ । व्याजदर निर्धारण गर्दा अर्थबजारमा रहेका प्रतिस्पर्धि संस्थाहरुको व्याजदरसमेत अध्ययन र बिश्लेषण गर्नँ पर्दछ ।

### व्याजदर जोखिम व्यवस्थापनको उपायहरु

- संस्थामा लगातार लामो समयसम्म अधिक तरलता भएको अवस्थामा बजारदरसँग प्रतिस्पर्धी हुने गरी बचतको व्याजदर घटाउने र तरलता अभाव हुनगई बचत फिर्ता गर्न तथा सदस्यहरुको ऋण माग आवश्यकता पुरा गर्न नसक्ने अवस्थामा पूँजीको लागत तुलनात्मक रुपमा कम हुने गरी बचतको व्याजदर बढाउने वा वाहय ऋण लिने,
- व्याजदर निर्धारण गर्दा पूँजीको लागत र बजारको प्रचलित व्याजदरलाई आधार मानी गर्ने, कम्तिमा त्रैमासिक रुपमा बजारको व्याजदर अध्ययन गरी संस्थाले तय गरेको व्याजदर पुनरावलोकन गर्ने, बचतमा दिने र ऋणमा लिने व्याजको औसत फरक दर नियामक निकायले तोके अनुरुप गर्ने,
- आवधिक बचतका प्रोडक्ट छोटो अवधिको राखि बजारको व्याजदरका आधारमा नविकरण गर्ने,
- पर्याप्त अध्ययन, बजार अनुसन्धान र जोखिम बिश्लेषण गर्ने आदि ।

### (च) लगानी जोखिम (Investment Risk)

संस्थाले अन्य संघ संस्था वा वित्तीय क्षेत्रमा गरिएको शेयर वा पूँजी लगानीमा निहित हानी वा नोक्सानीलाई लगानी जोखिम भनिन्छ । कुनैपनि संस्थामा लगानी गर्नँ पूर्व पर्याप्त वित्तीय तथा अन्य जोखिमको संभावना अध्ययन तथा अनुपात बिश्लेषण गरी उपयुक्त भएमा मात्र लगानी गर्दा सुरक्षित हुन्छ । देहायको क्षेत्रमा लगानी गरेको कारणवाट लगानी जोखिम देखा पर्दछ ।

- हक हस्तान्तरण हुन नसक्ने सम्पत्ति तथा क्षेत्रमा लगानी गरिएमा, असुरक्षित क्षेत्रमा लगानी, अधिक लगानी, प्रतिफल न्युन हुने क्षेत्रमा लगानी,
- आवश्यक परेको बखत बिक्रि गर्न नसकिने क्षेत्रमा लगानी, प्रतिबन्धित क्षेत्रमा लगानी आदि ।

### लगानी जोखिम व्यवस्थापनको उपायहरु

- लघुवित्त कारोवार गर्ने संस्थाले कुनै पनि निकाय वा संघ संस्थामा पूँजी लगानी गर्दा सो संस्थाको विश्वसनियता तथा वित्तीय परिसूचकका आधारमा संस्थागत मूल्याङ्कनवाट सक्षम देखिएमा मात्र लगानी गर्ने,
- वित्तीय लगानी गर्दा कम्तिमा पनि पूँजीको लागत भन्दा बढि प्रतिफल प्राप्त हुन सक्ने संभाव्य वा क्षेत्रमा मात्र लगानी गर्ने, कुनै एक क्षेत्रमा वा एक संस्थामा गर्ने लगानीको अधिकतम सीमा आन्तरिक रुपमा तयार गरी वित्तीय लगानी गर्ने, आवश्यक परेको बखतमा लगानीको हक हस्तान्तरण गरी बिक्रि गर्नु परेमा तत्कालै बिक्री गर्न सकिने क्षेत्र वा संस्थामा लगानी गर्ने, संस्थासँग सम्बन्धित ऐन, कानून तथा नियमनकर्ताले स्वीकृत दिएको क्षेत्रमा मात्र लगानी गर्ने ।

### (छ) साख जोखिम (Reputation/Goodwill Risk)

कुनैपनि संस्थाको समाज र परिवेशमा साखको महत्वपूर्ण भूमिका हुन्छ । साख बाटनै विश्वास कायम हुने र प्रतिस्पर्धामा टिकिरहन सकिने संभावना रहेबाट यसको महत्वपूर्ण योगदानलाई विर्सन सकिन्न । यस प्रकारको जोखिममा संस्थाको नकरात्मक सन्देश आम जनमानसमा जाने हुन्छ । जुनसुकै कारणवश संस्थाको प्रतिष्ठा वा साखमा पर्ने आघात वा हानी नोक्सानीलाई साख जोखिम भनिन्छ । जसले गर्दा सदस्यहरुले संस्था छाड्दै जाने, संस्थाको आय क्षमतामा ह्रास आउने तथा संस्था कमजोर हुदै गई अन्तत असुरक्षित अवस्थामा पुग्दछ ।

### साख जोखिम व्यवस्थापनका उपायहरु

- संस्थाले अल्पकालिन (मासिक, बार्षिक, त्रैमासिक, अर्धबार्षिक, बार्षिक) र दिर्घकालिन (त्रिबर्षिय, पञ्चबर्षिय वा सो भन्दा माथिको) रणनीतिक एवम् व्यावसायिक योजना बनाई कार्यसंचालन गर्ने र समय समयमा अद्यावधिक गर्ने,
- वित्तीय अनुशासन र संस्थागत शुसासन कायम राख्ने सरोकारवाला निकाय र सेवाग्राहीहरुसँगको सम्बन्ध दीगो तथा स्थायित्व बनाउन तथ्यपरक एवं प्रभावकारी सूचना प्रदान गर्ने, संस्थाको कारोवारमा अस्वभाविक उतारचढाव नआउने गरी योजना बनाई कार्यन्वयन गर्ने, सञ्चालक समितिमा विश्वासिला र क्षमतावान पदधिकारी चयन हुने गरी नीतिगत व्यवस्था मिलाउने,
- समयमा नै सहि र तथ्यपरक प्रतिवेदनहरु प्रकाशन गर्ने, सञ्चालक समितिका पदाधिकारी र कर्मचारीको आचारसंहिता बनाई लागु गर्ने, नियामक तथा अन्य सरोकारवाला निकायवाट प्राप्त सुझाव तथा कानूनी उत्तरदायित्वको कार्यान्वयन गर्ने,
- नियामक निकायवाट समय समयमा जारी गरीने निर्देशन वा परिपत्रहरुलाई पालना गर्ने,
- व्यवस्थापन सूचना प्रणाली प्रभावकारी वनाउने आदि ।

# राष्ट्रिय सहकारी बैंकमा महिला कर्मचारी



**मधु रायमाझी**
**विभागीय प्रमुख**
**व्यवसाय प्रवर्द्धन तथा सदस्य सेवा विभाग**

रोजगारीको लागि उपयुक्त संस्थाको रुपमा विकसित सहकारी क्षेत्रको एक मात्र बैंक राष्ट्रिय सहकारी बैंक लिमिटेडले छोटो समयमै ठूलो सफलता प्राप्त गर्दै आफूलाई यस क्षेत्रकै सबै भन्दा ठूलो करदाताको रुपमा परिचित गराएको छ । कर्मचारीको कुशल व्यवस्थापकीय क्षमतालाई अभिबृद्धि गरी थप जिम्मेवार बनाउन लैंगिक समानताको आधारमा व्यक्तित्व र नेतृत्व विकासका यथेष्ट अवसर प्रधान गरेको छ । सहकारी बैंक कर्मचारीको व्यवसायिक कुशलतामा नै बैंकको सफलता निहित हुन्छ भन्ने कुरामा विश्वास गर्दछ । कर्मचारीको बहुआयामिक विकास गर्ने संस्थाको रुपमा आफुलाई समाजको अग्रपंतीमा राख्न सफल भएको हुदाँ रोजगारीका लागि नयाँ पुस्ताको विशेष रोजाईमा पर्दै आएको छ ।

सहकारी ऐन २०४८ जारी भए पछि सहकारी संघ संस्थाको बृद्धि संगै त्यस क्षेत्रमा देखा परेको वित्तीय आवश्यकताले एउटा सहकारी बैंकको परिकल्पना गरायो । यसलाई पूरा गर्न तत्कालिन राष्ट्रिय सहकारी संघ र सहकारी अगुवाहरुको पहलमा २०५७ सालमा सहकारी ऐन २०४८ लाई शंशोधन गरी एउटा सहकारी बैंकको व्यवस्था गरीयो । सोही व्यवस्था अनुसार तत्कालीन नेपाल सरकारको रु. १ करोड शेयर पूँजी र सहकारी संघ संस्थाहरुको सहभागितामा २०६० साल आषाढ २५ गते सहकारी विभागमा दर्ता भई यस बैंकको स्थापना भएको हो । नेपाल राष्ट्र बैंकको सिफारिसमा दर्ता भएको यस बैकको उद्देश्य सदस्यहरुको वित्तीय आवश्यकता पुरा गरी तीनको बिकास र प्रबर्द्धन गर्ने र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सहकारी निकायहरुसंग समन्वय गरी सहकारी आन्दोलनलाई सहयोग गर्ने रहेको छ भने परिकल्पना र ध्येय यस प्रकार रहेका छन ।

**परिकल्पना** (Vision): **दीगो सहकारी**

**ध्येय** (Mission): सहकारीलाई सक्षम बनाउँदै क्षमता अभिबृद्धिका लागि गुणस्तीय वित्तीय सेवा प्रदान गर्ने

सीमित जिल्लामा रहेका आफ्ना सदस्यहरु वीच २०६१ साल श्रावण १९ गते बैकिङ्ग कारोवारको शुभारम्भ गरेको यस बैकले २०७५ साल सम्म आई पुग्दा ७७ जिल्लामा सदस्यता विस्तार गरी १० हजार भन्दा वढी सदस्यहरुलाइ बैकिङ्ग सेवा प्रदान गर्दै आएको छ । यद्यपी मूलुक भर विद्यमान करिव ३४ हजारको हाराहारीमा रहेका सहकारी सघं सस्थाहरुलाई बैकमा आवद्ध गराउने काम पुरा गर्न सकेको छैन । यसलाई पूरा गर्न बैंक सशक्त रणनीतिका साथ अघि बढ्नु पर्ने देखिन्छ र सो काममा केही सफलता पनी हासिल भएको छ। २०६७ साल श्रावण १० गते नेपाल राष्ट्र बैंकबाट सीमित बैकिङ्ग कारोवारको ईजाजत प्राप्त गरेको बैंकले ३५ जिल्लाका ४४ वटा शाखा कार्यालयहरुबाट बैंकिङ्ग कारोवार सञ्चालन गर्दै १ अर्व भन्दा वढी शेयर पूँजी, १८ अर्व भन्दा बढी निक्षेप संकलन गर्न र आफ्ना सदस्यहरुको माग बमोजिम विभिन्न शिर्षकमा १२ अर्व कर्जा लगानी गर्न सफल भएको छ । गत आ.व.०७३/०७४ मा सदस्यहरुलाई १४ प्रतिशत लाभांश वितरण गरेको थियो भने रु.४,४५,१८,०२३।–नेपाल सरकारलाई कर दाखिला गरेको थियो ।

यसरी सदस्य र कारोवारको बृद्धि संगै कर्मचारी सख्यामा पनि उल्लेखनीय बृद्धि हुदै आएको छ । २ जना महिला सहित ९ जना कर्मचारीबाट बैंकिङ्ग कारोवारको शुभारम्भ गरेको यस बैंकमा हाल ७३ महिला सहित जम्मा ३०० भन्दा बढ़ी जना कर्मचारी कार्यरत छन । महिलाका लागि राज्यले प्रत्याभूत गरेका विभिन्न अवसर र सेवाहरुलाई बैंकले क्रमश: लागु गर्दै आएको छ। महिला कर्मचारीलाई नियूक्तिमा उमेरको हद परीक्षणकाल र बढुवाको समयावधिमा कमी, प्रसुती विदा र सो अवस्थामा घर पायकमा सरुवाको अवसर लगायतका सुविधाहरुले राष्ट्रिय सहकारी बैकमा महिला कर्मचारीको सख्या दिन प्रति दिन बढदै गरेको छ । हाल बैंकबाट संचालनमा रहेका ४४ शाखा कार्यालयहरु मध्ये १२ वटा शाखा कार्यालय महिला प्रमुखबाट सञ्चालित छन् जसले यस बैंकमा महिला कर्मचारीलाई काम गर्ने सहज वातावरण छ भन्ने तथ्यको पुष्टी गर्दछ ।

बैंकलाई यस अवस्थामा पुऱ्याउन करिव ३६ प्रतिशतको हाराहारीमा कार्यरत महिला कर्मचारीहरुको महत्वपूर्ण भूमिका रहेको छ । बैंकका हरेक क्रियाकलापमा कर्मचारीहरुको प्रभावकारी सहभागिता रहदै आएको छ। बैंकले प्रदान गर्ने अवसर प्राप्त गर्ने र जिम्मेवारी बहन गर्ने कार्यमा महिला कर्मचारी पछि हटेका छैनन् । बैकबाट सञ्चालित तालिम गोष्ठी तथा बैकलाई प्राप्त हुने राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका तालिम गोष्ठी एवं शैक्षिक कार्यक्रमहरुमा सहभागि हुने अवसर महिला कर्मचारीहरुले प्राप्त गर्दै आएका छन् । हरेक वर्ष भारत लगायत तेस्रो मुलुकका विभिन्न ठाउँमा हुने कार्यक्रमहरुमा महिला कर्मचारीहरु सहभागि हुदै आएका छन् भने जिम्मेवारी लिने कुरामा पनि महिला कर्मचारीहरु अगाडी छन। चाहे त्यो दुर्गम स्थानमा गई काम गर्ने सवालमा होस वा शाखा प्रमुख तथा विभागीय प्रमुखको जिम्मेवारी समाल्ने सवालमा नै किन नहोस हरेक जिम्मेवारी सफलता पूर्वक वहन गर्दै आएका छन् ।

हाल बैंकमा महिला कर्मचारीको उपस्थिति यस प्रकार रहेको छ :–

विभागिय प्रमुख ---- १
अधिकृत स्तर ------१५
शाखा प्रमुख ------१२
सहायक स्तर -------५५

कार्यालय सहायक ––– ३

विभागीय प्रमुख र शाखा प्रमुखको जिम्मेवारी उल्लेखित पदहरु भित्रबाट दिईको छ । उपरोक्त तथ्यांकलाई हेर्दा संख्यात्मक रुपमा महिला कर्मचारीको उपस्थितीले बैंकमा महिला कर्मचारीहरुलाई काम गर्ने अनूकुल वातावरण रहेको आभाष मिल्दछ यद्यपी धेरै कुराहरु सुधारकै क्रममा छन् । अन्य पदको तुलनामा माथिल्लो तहमा महिला कर्मचारीको सख्या न्यून छ । यसका लागि बैकले राज्यको नीति बमोजिमको कर्मचारीको संरचनामा सुधार ल्याउन र महिला कर्मचारीले प्रतिस्पर्धी क्षमतामा विकास गरी आफूलाई खरो रुपमा उतार्न जरुरी देखिन्छ ।

बैंकले आफ्नो उद्देश्य बमोजिम विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सहकारी निकायहरुसंगको आवद्धता बढाउदै आएको छ । आफ्नो परिकल्पनालाई पूरा गर्न बैंकको सेवामा गुणस्तर बृद्धि गर्न त्यस्ता निकायबाट प्राप्त हुने तालिम, कार्यशाला गोष्ठी शैक्षिक भ्रमण जस्ता कार्यक्रमामा आफ्ना कर्मचारीहरुलाई सहभागि गराउनुको साथै संस्थाका प्रतिनिधिहरुलाई समेत सहभागि हुने अवसर प्रदान गर्छ । यसको साथै संस्थालाई सक्षम बनाउन संस्थाको आवश्यकता अनुसार तीनका संचालक र कर्मचारीहरुलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय निकायका स्रोत व्यक्तिहरुको प्राबिधिक सहयोगमा तालिम सञ्चालन गर्ने कार्यलाई समेत बैकले निरन्तता दिदै आएको छ ।

सहकारी ऐन बमोजिम मूलुकभर दर्ता भएका सबै प्रकृतिका सहकारी संघ/संस्थाहरुलाई प्रत्यक्ष सदस्य बनाउन सक्ने सहकारी क्षेत्रकै सबै भन्दा बृहत सञ्जाल भएको यस बैंकले आफूलाई राष्ट्रकै सबै भन्दा ठूलो बैकको रुपमा स्थापित गर्ने संभावना बोकेको छ । यो संभावनालाई यर्थाथमा परिणत गर्न बैंक परिवार कडा मेहनतका साथ लाग्नु पर्छ । हरेक वर्ष बढ्दो क्रममा नाफा आर्जन गर्ने सफलता, अन्तराष्ट्रिय स्तरको पहुँचले प्रविधिमा नविनता, राष्ट्र बैंकको नियमित अनुगमनले सेवाको गुणस्तरमा बृद्धि, महिला मैत्री वातावरण, आर्कषक सेवा सुविधा जस्ता तथ्यहरुले यो बैंक रोजगारीको क्षेत्रमा लोकप्रिय बन्न पुगेको छ ।

# सहकारी व्यवसायमा महिला सहभागिता

**मीना कुमारी शर्मा**
**अधिकृत**
**तालिम विभाग**



सिंगो मुलुकभरिको जनसंख्याको आधा भन्दा बढी रहेको महिला जनसंख्या राज्यको राजनीतिक क्षेत्र नीति निर्माण तहमा महिला सहभागिता न्यून रहेको अवस्थामा नेपालको सहकारी क्षेत्रमा महिला सहभागिता उल्लेखनीय नभए पनि आशातित् अवस्थामा रहेको देखिन्छ ।

सहकारी विभागले प्रकाशित गरेको २०७४ आषाढ मसान्तको तथ्याङ्कलाई हेर्दा जम्मा सहकारी संघ, संस्थाको संख्या ३४,५१२ मा महिला सहकारी संस्थाहरु कति छन् भन्ने तथ्याङ्क पाईदैन, भने देशभरिका सहकारी संस्थाका संचालकहरुको तथ्याङ्कलाई हेर्दा कुल संचालक संख्या २४७,८२७ रहेकोमा महिला संचालकहरुको संख्या १७,५१२ रहेको छ भने कुल सदस्य संख्या ६,३०५,५८१ मा महिला सदस्यहरुको संख्या ३२,१३,५१४ र जम्मा कर्मचारीहरुको संख्या ६०,५१७ मा महिला कर्मचारीहरुको संख्या २९,०४२ रहेको छ ।

महिला सशीक्तकरण एक विमर्श को लेख अनुसार असुरक्षित रोजगारीमा ४९.१ प्रतिशत महिलाहरु संलग्न रहने गरेको पाइएको छ भने ८५-९० प्रतिसत महिलाहरु घरमा नै खाना पकाउने काममा संलग्न हुने गरेको पाईन्छ । विश्वमा १.२ अर्व मानिस दैनिक १ अमेरिकन डलरभन्दा कम आय भएका अर्थात गरिब छन् त्यसमध्ये ७० प्रतिसत महिला नै छन् । त्यस्तै नेपालको निजामति सेवामा कुल ८१,१०८ कर्मचारीहरुमा महिलाको प्रतिनिधित्व करिव १७ प्रतिसतमात्र रहेको छ । महिलाको आय आर्जनसंग सम्बन्धित कार्यमा भने ३०% रहेको छ । कुल साक्षरता ६५.९% रहेकोमा महिलाको साक्षरता ६५ वर्ष भन्दा माथिलाई हर्दा १९.७१% भने समग्रमा ५७.४ % मात्र छ । महिलाहरु दैनिक १८ घण्टा सम्म घरायसी काममा संलग्न रहेका हुन्छन्, तर त्यस कामलाई आर्थिक मुल्य दिइदैन । ७० प्रतिशत भन्दा बढी घरायसी काम गर्ने महिलाको आर्थिक श्रोतमा पहुँच कमजोर भएकोले उनिहरुको आर्थिक र सामाजिक अवस्था दयनिय रहेको देखिन्छ ।

विश्वमा नै महिलाको अवस्थालाई हेर्दा कमजोर रहेको देखिन्छ त्यसमा पनि नेपालको अवस्था झनै कमजोर छ । महिलाको कमजोर अवस्थाले गर्दा उनीहरुको आर्थिक सामाजिक तथा राजनीतिक क्षेत्रमा पनि कमजोर अवस्था रहेको छ । तसर्थ महिलालाई विकासको मूल प्रवाहमा ल्याउनको लागि शासकीय प्रणालीमा प्रतिनिधित्व बढाउनु पर्दछ । महिलालाई नेतृत्व दिदा सरकार सफल हुने सम्भावना बढी भएको अध्ययनले देखाएको छ । महिलामा आर्थिक पहँच पुर्याउनको लागि मूलत:सहकारी एक उपयुक्त माध्यम भएकोले यसको विस्तारमा ध्यान दिनु आवश्यक छ । सहकारीले महिलाको आर्थिक क्षेत्रमा पहुँच बढाउनुको साथै सशक्तिकरणमा समेत सहयोग गर्दछ । इथियोपियामा भएको एक अध्ययनले सहकारीबाट प्राप्त ऋणबाट ९४% ले आफ्नो आम्दानी बढाएको ,६५% ले समयमा नै ऋण तिर्न सफल भएको र ५२% महिलाको जीवनस्तरमा सुधार आएको पाईयो ।

नेपालको नयाँ संविधान दक्षिण एसियामा नै उत्कृष्ट र महिलामैत्री मानिन्छ । अन्य देशको तुलनामा राजनीतिक क्षेत्रमा नेपाली महिलाहरु धेरै अगाडी बढेका छन् कानुनले महिलाहरुका लागि ३३% आरक्षणको व्यवस्था गरेको छ । उत्पीडित, जनजाती, दलित, पिछडिएका वर्ग आदि महिलाका लागि निर्वाचनमा थप आरक्षणको व्यवस्था

गरिएको छ। महिलाका नाममा घरजग्गा पास गर्दा २०% कम राजश्व तिरे हुने व्यवस्था गरेको छ । यसले महिलामा राजनैतिक, आर्थिक, सामाजिक र साँस्कृतिक चेतनाको विकास गर्न सहयोग गरेको छ । नेपालको संविधानको धारा ३८ मा महिलाको हकको व्यवस्था गरेको छ । नेपालको तीन तहको संरचना अनुसार स्थानीय तहमा करिब ४२% महिला निर्वाचित भएका छन्, तर हरेक तहको माथिल्लो दुई पदमध्ये एक पद महिलाको लागि अनिवार्य गरिए तापनि धेरै जसो स्थानमा महिलाको उपस्थितिलाई दोस्रो तहमा नै सिमित गरेको पाइएको छ ,त्यसो भएको हुनाले अब राज्यका हरेक उच्च निकायमा महिलाको उपस्थितिलाई दह्रो रुपमा प्रस्तुत गर्नको लागि महिलाहरुले पनि आफुलाई आरक्षित कोटामा सिमित गर्नुभन्दा आफुलाई बराबरी स्थानमा पुर्याउनको लागि आफ्नो क्षमताको विकास गर्दै प्रतिस्पर्धि रुपमा अगाडी आउनु जरुरी हुन्छ ।

महिलाहरुले आफुलाई सक्षम बनाउनको लागि शिक्षामा नै जोड दिनुपर्ने हुन्छ भने नेतृत्वदायि भुमिकाका साथै व्यावसायिक तथा आय आर्जनको पाटोमा महिलाको उपस्थिति बढाउनु पर्ने आवश्यकता रहेको छ । आय आर्जनमा र व्यावसायिक रुपमा आफ्नो क्षमता अभिबृद्धि गर्न विभिन्न किसिमका सिपमुलक तालिमहरु लिने, आफुसंग भएका सिप र क्षमताको भरपूर उपयोग गर्दै व्यावसायिकतामा लैजाने र समय सापेक्ष नयाँ प्रविधिहरु अवलम्बन गर्दै अगाडी बढ्नु आवश्यक छ ।

राज्यका अन्य सेवा प्रदायक निकायहरुको तुलनामा सहकारी क्षेत्रमा महिलाको सहभागिता केहि मात्रामा भएपनि अगाडी रहेको पाइन्छ । त्यसैगरी राष्ट्रिय सहकारी बैंकमा आबद्ध ९८०८ सहकारी संस्थाहरु मध्ये महिला सहकारी संस्थाको संख्या ३९८ रहेको छ, भने राष्ट्रिय सहकारी बैंककमा महिला कर्मचारीहरुको संख्या करिब ३६ प्रतिसत रहेको छ । सोहि अनुरुप सहकारी क्षेत्रका सरकारी निकाय, महासंघ, संघहरुका साथै राष्ट्रिय सहकारी बैंकले सहकारीकर्मि महिलाहरुको क्षमता विकास गर्न, व्यवसाय बृद्धि गर्न र आर्थिक स्थिति सुदृढ गर्नको लागि संस्थागत रुपमा बैंकिङ्ग कारोबारको साथै विभिन्न किसिमका तालिमहरुको व्यवस्था समेत गरेको छ । सहकारी क्षेत्रमा देखिएको महिलाको आश लाग्दो उपस्थितीलाई पचास प्रतिशतको अवस्थामा पुर्याई अगाडी बढ्ने वातावरण सृजना गरौं र महिला उपस्थितीको नमूना क्षेत्रको रुपमा सहकारी क्षेत्रलाई प्रस्तुत गर्न महिलाहरु घनिभूत रुपमा अगाडी बढौं र राज्यको तेस्रो खम्बाको रुपमा रहेको सहकारी क्षेत्रलाई महिलामैत्री वातावरणको सृजना गरी सहभागिताको अवस्था मजबुत पार्दै महिला सशक्तिकरणको उत्कृष्ट उपायको रुपमा स्थापित गरौं ।

- जय सहकारी ।

# आफुमा आत्मविश्वास बढेको छ साथै क्षमता बढाउने अवसर प्राप्त भएको छ



**अपर्णा पन्त लोहनी**
**शाखा प्रमूख**
**कलंकी शाखा**

राष्ट्रिय सहकारी बैंकमा २०६५/०७/०१ बाट प्रवेश गरि विभिन्न विभागहरुमा कार्य गर्दै शाखा प्रमुख भइ कार्य गरेको १० वर्षको अनुभवमा सहकारीको माध्यमवाट आर्थिक क्षेत्रमा वित्तीय कारोवार त्यस्तै सामाजिक क्षेत्रमा सहकारीको माध्यमबाट विपन्न वर्ग अन्तरगत लघुवित्त कर्जा लगानी गरी सदस्यहरुको जीवनस्तर सुधारी आत्मनिर्भर बनाई सहयोग गर्ने मौका पाइएको छ। विभिन्न सहकारी सस्था/संघको सहयोग सल्लाहले बैंक अगाडी बढीरहेको अवस्था छ। त्यस्तै गरि आफ्नो कार्यहरु गर्दै जादाँ धेरै चुनौति र समस्याहरुको सामना गर्नु परेता पनि हरेक पटक नयाँ कुरा सिक्ने मौका प्राप्त गर्दछन । आफ्नो अध्ययन र क्षमता बढाउने अवसर प्राप्त भएको छ। त्यस्तै गरि सबै क्षेत्रमा कार्य गर्ने ठुला साना र सम्पन्न र न्युन वर्गका व्यक्तिहरुसँग काम गर्ने, विचार आदान प्रदान गर्ने अवसर प्राप्त भएको छ । राष्ट्रिय सहकारी बैंक अन्य बैंक तथा वित्तीय संस्थाहरु भन्दा फरक प्रकृतिको बैक हो भन्ने थाहा हुदा हुदै पनि सहकारी संघ/संस्थाहरुवाटै तुलना गर्दा दुख लाग्छ । सहकारी बैक सहकारी क्षेत्रको राष्ट्र बैंकवाट स्वीकृत प्राप्त र नेपाल सरकारको शेयर रहेको एक मात्र बैक हो । राष्ट्रिय सहकारी बैंकको उद्देश्य गुणस्तरीय वित्तीय सेवा प्रदान गरि सहकारीलाई सक्षम बनाउदै क्षमता अभिबृद्धि गराउनु साथै सहकारी सस्था/सघंहरुलाई दीगो बनाउन तालिम, बचत तथा ऋण कारोवार र सहकारीमा आई परेको समस्या समाधनको लागी महत्वपूर्ण भुमिका खेल्दै आईरहेको छ ।

अहिलेको समयमा अन्य बैंक तथा वित्तीय संस्थाहरुको आपसी व्याजको प्रतिस्पर्धामा व्यक्ति, स-साना उद्योग र व्यवसायमा असर परेको तथ्य विभिन्न माध्यवाट बाहिर आई रहेको अवस्थामा तीन खम्बे अर्थतन्त्रको एक खम्बा सहकारी पर्ने भएकोले सहकारीहरुवाट बैंकको पहुच नपुगेको ठाँउमा वित्तीय सहयोग पुऱ्याउन आवश्यक थप सहयोगको लागी यस राष्ट्रिय सहकारी बैंकले महत्वपुर्ण भूमिका खेलेको छ । अन्त्यमा शाखामा कार्य गर्दा समस्या भन्दा जिम्मेवारी बढेको महशुस आफूलाई लागेको कुरा व्यक्त गर्दै बैंकले दिएका जिम्मेवारीहरु निभाउन आफु प्रतिबद्ध रहेको जानकारी गराउछु, स्थापनाको १६ औं बर्षमा बैंक प्रवेश गरेको अबसरमा बैंकको पूर्ण सफलताको शुभकामना व्यक्त गर्दछु ।

# शाखालाई उत्कृष्ट बनाउने चाहना र कार्यमा कमी छैन



**रमा घिमिरे**
**शाखा प्रमूख,**
**लगनखेल शाखा**

वि.स. २०६६ साल मंसिर २७ गते नेपालको सहकारी क्षेत्रको एक मात्र बैक राष्ट्रिय सहकारी बैकमा प्रवेश गर्ने मौका पाएको थिएँ । जुन मैले राष्ट्रिय सहकारी बैकमा प्रवेश गर्दा आफुले धेरै मेहेनत र परिश्रम गरि आफ्नो जिम्मेवारी, काम प्रति लगाव भई आफूले काम गरेको शाखालाई उत्कृष्ट बनाउने लक्ष्य राखि काम गर्दै गए र मैले २०७०/७१ मा नेपालको एक मात्र बैक राष्ट्रिय सहकारी बैकका २९ वटा शाखाहरु मध्ये उत्कट शाखा प्रमुखको रुपमा छनौट हुने मौका पाएँ । त्यसको लागि म कार्यरत रहेको बैकको पुरा व्यवस्थापन र म संग कार्यरत सम्पूर्ण कर्मचारी साथीहरु र सम्पूर्ण सहकारी संघ/संस्थाहरु जो जसले मलाई हरेक कुरामा काम गर्न जोस जागर हौसला प्रदान गर्नु भयो त्यसैले म त्यो स्थानमा पुग्न सफल भएँ र त्यति बेला देखि आजका मिति सम्म पनि त्यसैगरी काम गर्दै आएको र आफ्नो काम नै सबै भन्दा ठूलो जिम्मेवारी हो भन्ने मानसिकता वोकी कार्य गर्दै आएको छु ।

हाल ४४ वटा शाखा कार्यालयहरु रहेकोमा म कार्यरत लगनखेल शाखामा कार्य गर्दा मलाई कुनै पनि असहज वातावरण भएन सम्पूर्ण काममा सजिलैसंग सबैको साथ र सहयोग पाइरहेकोमा म खुसी छु । ललितपुर जिल्लाका सम्पूर्ण सहकारी संघ/संस्थाहरुसंग नजिक भएर काम गर्ने मौका पाएकोमा सबै प्रति आभारी छु । यसै गरी सधै सबैको साथ सहयोगको अपेक्षा राख्दछु साथै बैकको केन्द्रिय कार्यालय उच्च व्यवस्थापन र सम्पूर्ण विभाग प्रति मलाई काम गर्न हौसला प्रदान गर्नु भई विभिन्न तालिम तथा कार्यक्रमहरुमा भाग लिने मौका प्रदान गर्नु भएकोमा हृदयदेखि नै धन्यवाद दिन चाहन्छु । म कार्यरत लगनखेल शाखामा रहनु भएका सम्पूर्ण कर्मचारी साथीहरु प्रति आभारी छु जुन मेरो सफलतामा तपाईहरुको साथ र सपोटले आज लगनखेल शाखा यो स्थानमा पुग्न सफल भएको छ त्यसैले मेरो लागि यो सफलताको श्रेय तपाईहरुलाई दिन चाहन्छु । ललितपुरमा रहेको यो शाखा कार्यालय मिति २०६५ साल पौष १३ गते उप शाखा उद्घाटन गरी कारोवार भएको र मिति २०६७ कार्तिक १ गते शाखामा परिणत भई कारोवार विस्तार भएको यस शाखा कार्यालयको कारोवार २०६५/०६६ सालमा १३ करोड बराबरको कारोवारवाट शुरु भएकोमा हाल यस शाखामा निक्षेप २ अर्ब ६० करोड रहेको, कर्जा १ अर्ब ६४ करोड, ललितपुर जिल्लाका यस शाखा अर्न्तगत सदस्य ४७३ सदस्य रहनु भएको र अब सदस्य बन्न बाँकी रहनु हुने सम्पूर्ण सहकारी संघ/संस्थाहरुलाई सहकारीहरुकै आफ्नै बैकमा सदस्य बनिदिनुहुन समेत आग्रह गर्दछु । अन्त्यमा बैंकको कारोवार शुभारम्भ दिवसको अबसरमा प्रकाशित हुन लागेको सहकारितामा आफ्ना अनुभव राख्ने स्थान दिनुभएकोमा आभार व्यक्त गर्दै बैंकको सफलताको शुभकामना व्यक्त गर्दछु ।

# जीवनको पहिलो जागिर, यसैमा सन्तुष्ट छु



**सविना बस्नेत**
**शाखा प्रमुख,**
**बिर्तामोड शाखा**

नेपालको अर्थतन्त्रमा एउटा छुट्टै भुमिकामा रहेको छ राष्ट्रिय सहकारी बैक लिमिटेडको समग्र सहकारी संस्थाहरुलाई बैंकिंग सेवाको माध्यमबाट एउटै भाडामा राख्ने काम यस बैकले स्थापनाकालबाट गर्दै आएको छ । सहकारी संस्था आफैमा एक वित्तीय कारोबार गर्ने निकाय हो र सो निकायलाई बैंकिंग सेवा दिदैं देशको समग्र अर्थतन्त्रमा यसले प्रमुख भुमिका खेलेको छ ।

विगत २०६७ साल भाद्र १२ गते विधिवत रुपमा १२ औं शाखाको रुपमा बिर्तामोड शाखाको स्थापना भएको थियो । सो भन्दा अगाडी झापा जिल्ला सहकारी संघ लिमिटेडले आफ्नो व्यवस्थापनमा उप-शाखाको रुपमा राष्ट्रिय सहकारी बैकको प्रतिनिधि भई कारोबार गरेको थियो । बैंकको आवश्यकता तथा सहकारी संस्थाहरुको मागलाई मनन गर्दै छुट्टै शाखाको स्थापना गरियो । शाखा स्थापनाको समयको करिव एक वर्ष र त्यस पश्चात ६ बर्षको अन्तरालमा यस शाखालाई पुन नेतृत्व गर्ने अवसर प्राप्त गरे । यस अवधिमा बैंकले विशेष गरि झापा जिल्लामा रहेका ग्रामिण भेगका मानिसहरुको आर्थिक रुपमा स्तरोन्नतीमा महत्वपूर्ण भुमिका खेलेको छ ।

२०६५ साल मंसिर ५ बाट झापा जिल्ला सहकारी संघ तथा २०६७ साल भाद्र ११ बाट राष्ट्रिय सहकारी बैंक लिमिटेड मार्फत सहकारी अभियानमा प्रत्यक्ष रुपमा सहभागी हुदैआएको छु । यो नै मेरो जीवनको पहिलो जागिरको शुरुवात थियो । बिर्तामोड शाखाबाट शुरु गरिएको सहकारी यात्रामा चावहिल शाखा ३ वर्ष तथा ठिमी शाखामा ३ बर्ष र हाल बिर्तामोड शाखामा रहदा करिव ८०० सहकारी संस्थाका पदाधिकारी, कर्मचारीहरु तथा सदस्यहरुसँग प्रत्यक्ष तथा अप्रत्यक्ष सम्पर्कमा रहे । गत बर्ष मैले नेतृत्व गरेको ठिमी शाखाले उत्कृष्ट शाखाको रुपमा सम्मानीत भएकोमा उक्त क्षेत्रमा रहेका शाखालाई उत्कृष्ट बनाउन भुमिका खेलेका सम्पूर्ण संस्थाहरुलाई हार्दिक धन्यबाद तथा सो सम्मान समर्पित समेत गर्न चाहान्छु । सदस्य संस्थाहरुलाई बैकले कर्जा दिने, निक्षेप स्वीकार गर्ने, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तालिम तथा अन्तरक्रियात्मक कार्यक्रममा सहभागी गराउने, रेमिट, SMS, E-Banking, IPS लगायतका सेवा सुबिधा उपलब्ध गराउदै आएको छ ।

हाल बैंकको करिव १० हजार शेयर सदस्यहरुलाई बैकले ४४ बटा शाखा मार्फत आफ्ना सेवा तथा सुविधा दिदैं आईरहेको छ । लगभग ८ बर्षको कार्य अनुभवमा यस बैकमा रहदा कर्मचारीहरुको जनसम्पर्क अत्याधिक बढने मैले पाएको छु । नियुक्तिको समय देखि हाल सम्म नै शाखा प्रमुख जस्तो जिम्मेबारी पद मलाई दिनुभएकोमा बैंक व्यवस्थापन प्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु । सो अवधिमा मेरो मातहतमा रहेर कार्य गर्ने सम्पूर्णमा हार्दिक धन्यबाद भन्न चाहन्छु । आगामी दिनहरुमा पनि मेरो आदरणीय तथा सम्पूर्ण सहकर्मीहरुबाट त्यस्तै सहयोगको अपेक्षा राख्दछु ।

अन्त्यमा बैंक स्थापना भई कारोवार शुरू गरेको दिनको अबसर पारी प्रकाशित हुन लागेको सहकारीताको विशेषांकमा आफ्ना अनुभवहरु राख्ने अबसर दिनुभएको प्रति धन्यवाद दिदै यस अबसरमा बैंकले देशका सबै खाले सहकारी संघरसंस्थाहरुलाई समेट्दै अगाड़ी बढ्न सफल रहोस भनी शुभकामना व्यक्त गर्दछु ।

# महिलाहरुले उचित अवसर पाए हर क्षेत्रमा सफल हुन सक्छन



**मुना के.सी.**
**शाखा प्रमूख**
**शाखा कार्यालय, उर्लाबारी**

राष्ट्रिय सहकारी बैंकमा २०६९ सालमा वरिष्ठ सहायक र २०७२ सालमा सहायक अधिकृत तहमा नियुक्ति पाई केन्द्रीय कार्यालयको विभिन्न विभागमा काम गर्ने अबसर मैले पाए । २०७४ साल जेठ बाट मोरङको बिराटनगर शाखा र त्यस पछि उर्लाबारी शाखामा शाखा प्रमुख भई सरुवा भएपछि काम प्रतिको जिम्मेबारी बढे संगै आफुमा कार्य कुशलता अझ बढेको महशुस गरेकी छु । बैंकले म माथि बिश्वास गरि पदीय जिम्मेबारी प्रदान गरेकोमा आभार व्यक्त गर्दछु ।

महिला कर्मचारी त्यस माथि पनि अझ जिम्मेवार पदमा बसेर काम गर्न हाम्रो जस्तो समाजमा केही कठीनाइ त पक्कै पनि छन् तर सबै चुनौतीलाई सामना गर्दै अगाडि बढ्दा आत्मबल अझ बढ्ने रहेछ । पुरुषको तुलनामा हामी महिला केही संबेदनशिल तथा भावनात्मक बढी हुने हुनाले कति निर्णय लिन असहज पनि पर्ने गर्दछ। भनाइनै छ "No Emotions in Business" तर यो भनाइलाई सहर्ष पालना गर्न पनि त्यति सहज हुदैन जस्तो मेरो भोगाइ र बुझाइ छ। व्यवहारिकता र भावनालाई आत्मसाथ गर्दै लिइएको निर्णयले पनि नसोचेको फल दिने गरेको अनुभबलाई पनि नकार्न सकिन्न। यस बैंकमा काम गर्दा एउटा महिला कर्मचारीले पाउनु पर्ने समाजिक तथा नैतिक साथ, सहयोग र सुविधाको कमी पाएको छैन । साँच्चैनै अहिलेको यो २१ औ शताब्दीमा आएर कहि पनि महिला र पुरुषमा विभेद गरि महिलालाई पछि पार्नु भनेको ठूलो भुल हो भन्दै हामी महिलाहरुले उचित अवसर पाए हर क्षेत्रमा सफल हुन सक्छौ भन्ने कुरा ब्यक्त गर्दै बैंक स्थापनाको १६ औं बर्षमा प्रवेश गरेको अबसरमा शुभ-कामना व्यक्त गर्दछु ।

# योग्यता अनुसारको जस्तो जिम्मेवारी पाए पनि सहजै स्वीकार गर्छु



**जानुका नेपाल**
**शाखा प्रमूख,**
**चावहिल शाखा**

सहकारी क्षेत्रको एक मात्र बैंक राष्ट्रिय सहकारी बैंक लिमिटेडको स्थापनाको डेढ दशकमा महिला संचालक एवं महिला कर्मचारीहरुको उल्लेखनिय योगदान रही आएको छ । यस बैंकमा महिला कर्मचारीहरुले आफुलाई योग्य सावित गर्नु भएको छ । राष्ट्रिय सहकारी बैंकको उपत्यकामा रहेको ८ वटा शाखाहरु मध्ये ४ वटा शाखामा हामी महिला प्रमुख छौ । बैंकके सबै भन्दा ठुलो शाखा लगनखेल शाखामा पनि महिला शाखा प्रमुख रहनु भएको छ यस बाट के प्रमाणित हुन्छ भने महिलाहरु नेतृत्वदायि भुमिका र क्षमताको हिसाबले पुरुष भन्दा कम छैनौ र हामी महिला कर्मचारी तथा शाखा प्रमुखहरुलाई बैंकको व्यवस्थापन टिम ले उत्तिकै विस्वास तथा भरोसा गर्नु भएको छ ।

२०६३ साल फाल्गुन १ गते बाट नुवाकोट जिल्ला सहकारी संघ तथा २०६७ साल कार्तिक १ गतेबाट राष्ट्रिय सहकारी बैंक लि. मार्फत सहकारी क्षेत्रमा काम गर्ने अवसर प्राप्त भयो । जिल्ला सहकारी संघ लिमिटेड नुवाकोटबाट बैंकको प्रतिनिधि कार्यालय संचालन भएको हुँदा सुरुको दिन देखिनै मैले राष्ट्रिय सहकारी बैंकमा नै कार्य गर्दै आएको थिए । मेरो सेवा प्रवेशको झन्डै १२ वर्षमा विभिन्न पदमा रहि विभिन्न शाखामा काम गर्दै आएकोमा २०६९ साल श्रावण १ गते देखी शाखा प्रमुखको हैसियतले सिन्धुली शाखामा काम गर्ने अवसर प्राप्त भयो । स्थापनाको पहिलो वर्षमा नै सिन्धुली शाखालाई नाफामा लैजान सफल भएका थियौ । त्यस यता केन्द्रिय कार्यालय कर्जा विभागमा, गोंगबु शाखाको प्रमुख हुँदै हाल चावहिल शाखा प्रमुखको भुमिकामा आफ्नो जिम्मेवारी सम्हाल्दै आई रहेको छु । यस विचमा मोफसल एवं राजधानीका काठ एवं दुर दराज र राजधानीको मुटु क्षेत्रका उत्पादनशील एवं बित्तिय क्षेत्रमा अवद्ध सहकारी संघ संस्थाहरुसँग काम गरी रोचक र स्मरणिय क्षणहरु विताउने अवसर प्राप्त भएको छ। गोंगबु शाखाबाट चावहिल शाखामा सरुवा भई आउँदा ४७ करोड डिपोजिट थियो भने अहिले १ अरब नाघेको अवस्था छ । अधिकांश शाखामा स्टाफ महिला छौ । आज हामी ३ जना टेवल स्टाफ १ जना सहयोगी र १ जना सुरक्षा गार्ड रहेको शाखामा १ अरब भन्दा बढीको कारोबार गरिरहँदा आफैलाई गर्व लाग्छ। राष्ट्रिय सहकारी बैंकले सदस्य सहकारी संघ /संस्थाहरुलाई विभिन्न सेवा हरु प्रदान गर्दै आइरहेको छ । निक्षेप स्वीकार गर्ने, कर्जा लगानी गर्ने सहित अन्य सेवाहरु जस्तै राष्ट्रिय तथा अन्तराष्ट्रिय तालिम, रेमिट, IPS सेवा, SMS Banking, Internet Banking, बैंक ग्यारेन्टि जस्ता सेवाहरु हामीले उपलब्ध गराइ रहेका छौ । चावहिल शाखाबाट बिहान १० बजे देखी बेलुका ७ बजे सम्म बसेर सेवा दिइरहेका हुन्छौ, सन्ध्याकालिन काउन्टरबाट सदस्य सहकारी संस्थाहरु धेरैनै सहज भएको अनुभव सुनाउनुहुन्छ ।

हाल बैंकमा करिव १० हजार शेयर सदस्यहरु आवद्ध हुनुहुन्छ भने बैंकको ४४ वटा शाखा मार्फत सेवा प्रदान गर्दै आइरहेको छ। झन्डै १२ वर्षको कार्यानुभवबाट मैले धेरै कुराहरु सिक्ने अवसर प्राप्त गरे, बैंकिङ ज्ञानको साथसाथै पब्लिक रिलेसन, सहकारी संघ/संस्थाहरुका कार्यक्रममा भाषण गर्ने, कार्यक्रमहरु गर्ने, तालिम संचालन गर्ने अन्तरकृया कार्यक्रम गर्ने आदी अवसर प्राप्त भएको छ। मानिस कहिले पनि पर्फेक्ट हुदैन, उसले नमरुन्जेल सम्म सिकी नै रहेको हुन्छ , मैले पनि सिक्नुपर्ने धेरै कुराहरु बाँकी नै छन् । मैले नियुक्तिको बेला देखी हाल सम्म केन्द्रिय कार्यालय, नुवाकोट शाखा, पोखरा शाखा, सिन्धुली शाखा, गोंगबु शाखा हुँदै हाल चावहिल शाखामा शाखा प्रमुखको रुपमा कार्यरत छु। मलाई विश्वास गरेर यतिका धेरै जिम्मेवारी प्रदान गर्नु हुने बैंक व्यवस्थापन तथा मेरो सिनियर सर म्याडमहरु प्रति हार्दिक आभार प्रकट गर्न चाहन्छु र मेरा मातहतमा रहेर मलाइ सपोर्ट गर्ने कर्मचारीहरुलाई हार्दिक धन्यवाद भन्न चाहन्छु । बैंकको उच्च व्यवस्थापनले मेरो योग्यता र क्षमताका आधारमा थप जिम्मेवारी र अवसर दिनुभयो भने पनि सहजै स्विकार गरी यस बैंकलाई अगाडी बढाउन सक्नेछु भन्ने विस्वास छ। अन्त्यमा बैंकको कारोवार शुभारम्भ दिवसको अवसरमा बैंकको थप सफलताको शुभाकामना व्यक्त गर्दै सहकारी बैंकलाई यहाँ सम्म ल्याउन प्रत्यक्ष तथा अप्रत्यक्ष सपोर्ट गर्ने सम्पूर्ण सहकारी संघ/संस्थाको प्रतिनिधिहरुलाइ धेरै धेरै धन्यवाद दिन चाहन्छु।

# सहकारी संघ/संस्थाहरुको विश्वासले थप उत्साहित बनाएको छ ।

सर्वप्रथम मलाई विश्वास गरेर यस ठिमी शाखामा प्रमुख पदमा रहेर काम गर्ने अवसर दिनुभएकोमा राष्ट्रिय सहकारी बैंक लिमिटेडको उच्च व्यवस्थापनप्रति हार्दिक आभार प्रकट गर्न चाहन्छु । शाखा प्रमुखको हैसियतमा म उत्कृष्ट शाखाहरुमध्ये एक यस शाखामा नियुक्त हुंदा शुरुका दिनहरुमा आफ्नो कार्यसम्पादन कस्तो होला भन्ने कुरामा डर र छटपटी भएको थियो तर आफ्नो अथक लगन, पूर्व शाखा प्रमुख लगायत कर्मचारी मित्रहरुको उचित सहयोग, जिल्लाका अनगिन्ती सहकारी संस्थाहरुको म र यस संस्थाप्रतिको अधिक विश्वास एवं यस बैंकको ब्यबस्थापकीय सहयोगको कारण केही अन्तरालमा मैले आफू केही हदसम्म सफल भएको अनुभव गरेको छु सबैको यस्तै निरन्तर सहयोग पाएमा आफ्नो सामर्थ्य र परिश्रमलाई बढाउंदै यस शाखालाई सबैभन्दा उत्कृष्ट शाखामा परिणत गर्न सक्छु भन्ने विश्वास लिएको छ ।



**सविना श्रेष्ठ**
**शाखा प्रमुख,**
**ठिमी शाखा**

बैंक १५ औं बर्ष पूरा गरी १६ औं बर्षमा प्रवेश गरेको अबसरमा बैंकको ठिमी शाखा सदस्य सहकारी संघ/संस्था प्रति अझै प्रतिबद्ध हुदै उत्कृष्ट सेवा दिन प्रतिबद्ध रहेको जानकारी गराउछु ।

# राष्ट्रिय सहकारी बैंकमा मेरो नौ बर्षको कार्य अनुभव

मेरो जागिरे जीवनको अठार बर्षे अवधि मध्ये यस राष्ट्रिय सहकारी बैक लिमिटेडमा आज भन्दा नौ बर्ष पहिले २०६६/०८/१६ गते देखि मैले बरिष्ठ सहायक कर्मचारीको रुपमा करार सेवामा प्रवेश गरेकी थिए । मलाई लाग्छ यो बैंकको १६ जना कर्मचारी मात्र रहेको अवस्थामा मैले यस बैंकमा सेवा प्रवेश गरेकी थिए । मैले सेवा प्रवेश गर्दा बैंकले आफ्नो पाँचौ बार्षिक साधारण सभा सम्पन्न गरी छैटौं बार्षिक साधारण सभा गर्ने तैयारी क्रममा रहेको थियो । बैंकले २०६६ माघ २३ गते झापाको चन्द्रगढीमा आफ् नो छैटौ बार्षिक साधारण सभा गर्ने मिति र स्थान तोकेको थियो । सेवा प्रवेशको बेलामा मैले रिसेप्शन, प्रशासन र शेयर सम्बन्धि कामबाट कार्य शुरु गरे । सहकारी क्षेत्रमा सदस्यको रुपमा २०६३ भन्दा पहिला देखि नै सहभागी भई सहकारीको मूल्य मान्यता र सहकारी सिद्धान्तको बारेमा जानकारी भएकोले सहकारी क्षेत्रको बैकमा काम गर्न सजिलो भयो । शुरुका दिनमा बैंकको छैठौ साधारण सभाको तैयारी, पत्राचार, निमन्त्रणा, फोन सम्पर्क गर्दा नै माघको २३ सम्म त्यहि सम्बन्धि कार्य गरियो । त्यस बेला सम्म यस बैकका धेरै शाखाहरु पनि थिएनन् ।

केन्द्रीय कार्यालय, नयाँ बानेश्वरको खरेल हाउसमा रहेको थियो भने शाखा कार्यालयहरु विराटनगर, बाग्लुङ्ग, बुटवलमा मात्र थिए भने बाँकी रहेका उपशाखा कार्यालयहरु लगनखेल ललितपुर, गोगंवु, काठमाण्डौं, मकवानपुर हेटौडा, ईटहरी सुनसरी, दमक झापा, नुवाकोट, पोखरा कास्की र बनेपा काभ्रेमा संचालनमा रहेका थिए । उपशाखा कार्यालयहरु सम्बन्धित जिल्ला सहकारी संघ सँग सहकार्यमा संचालनमा रहेका थिए । ती उपशाखा कार्यालयहरु केही २०६७ श्रावण १ र केही कार्तिक १ देखि बैक आफैंले संचालनमा ल्यायो । अन्य केही शाखा स्वीकृतीको क्रममा थिए । विस्तारै काठमाण्डौ लगायत देशका विभिन्न ठाउँमा शाखा विस्तार हुँदै गए । म केन्द्रीय कार्यालयमा कार्यरत हुँदा काठमाण्डौंमा, कलंकी, न्यूरोड, चावहिल, ललितपुरमा, चापागाउँ, दोलखा, तनहुँ, भक्तपुर, झापामा बिर्तामोड, बारा सिमरा, सुनसरी धरान र मोरङ्गमा उर्लावारी शाखा स्वीकृती लिने कार्यमा मैले पनि सक्दो योगदान गर्न पाएकोमा खुशी छु । सो समयमा बानेश्वरको केन्द्रीय कार्यलयमा मैले २०६६ देखि २०६७ चैत्र ८ गते सम्म कार्य अनुभव लिए । त्यस पछि शाखा कार्यालय कलंकीमा सरुवा भयो । २०६७ चैत्र देखि २०६८ आषाढ मसान्त सम्म कलंकी शाखामा शाखाको कार्य अनुभव लिदै फेरि केन्द्रीय कार्यालय बानेश्वरमा सरुवा भयो ।

२०६८ श्रावण देखि केन्द्रीय कार्यालय नयाँबानेश्वर प्रशासनमा कार्य शुरु गरे । २०६८ असोजबाट बैकको केन्द्रीय कार्यालय खरेल हाउस नयाँबानेश्वर काठमाण्डौंबाट ललितपुर जिल्ला, कुपण्डोल स्थित सगरमाथा कम्प्लेक्समा केन्द्रीय कार्यालयको ठाउँसारी गरी कार्य संचालनमा भयो । थोरै कर्मचारी भएको अवस्थाले गर्दा केन्द्रीय कार्यालयमा तत्कालीन अवस्थामा रहेका सवै विभागको अनुभव सगाल्दै २०६९ श्रावण ९ देखि शाखाको अनुभव लिन म गोगंवु शाखामा पुगे ।

२०६९ श्रावण ९ गते देखि २०७२ बैशाख २७ गते सम्म गोगंवु शाखामा रहेर काम गरे । गोगंवु शाखामा रहँदा नै करार सेवावाट स्थायी सेवामा प्रवेश गर्ने परिक्षामा सफल भई २०७० श्रावण देखि बैकको स्थायी कर्मचारी भए । २०७२ बैशाख २८ गते देखि भदौ १ गते सम्म पोखरा शाखाको उपत्यका बाहिरको शाखा कार्यालयको कार्य अनुभव लिदै फेरि म बैकको केन्द्रीय कार्यालय प्रशासन बिभागमा सरुवा भए । २०७४ भाद्र देखि २०७५ जेष्ठ १५ गते सम्म शेयर विभागमा कार्यरत रहि शेयरलाई धेरै व्यबस्थित गरी त्यहाँ वाट शाखा प्रमूखको जिम्मेवारी लिएर नयाँ शाखा कार्यालयलाई व्यवस्थापन गर्न शाखा कार्यालय कावासोती नवलपुरमा पुगेकी छु । सिक्दै गर्दै जाँदा आज मैले यस बैकमा रहेर नौ बर्ष भन्दा बढी समयाबधि कार्य अनुभव हासिल गरे । यस बैकको केन्द्रीय कार्यालय तथा विभिन्न शाखा कार्यालयको कार्य अनुभव लिदै म अहिले शाखा कार्यालय कावासोती नवलपुरको शाखा प्रमुख पदमा कार्यरत छु ।



**अरुणा अधिकारी**
**शाखा प्रमूख,**
**नवलपुर शाखा**

यस अबसरमा राष्ट्रिय सहकारी बैंक लिमिटेडले बिगत १५ बर्ष सम्म नेपाली सहकारी अभियानमा निभाएको शीर्ष भूमिका आगामी बर्ष हरुमा समेत निरंतरता पाओस र बैंकको सफलताले थप उचाई प्राप्त गर्न सफल रहोस भनी शुभकामना ब्यक्त गर्दछु ।

# सदस्य संघ/संस्थाको प्रवर्द्धन नै हाम्रो ध्येय हो



**सिता भट्टराई**
**शाखा प्रमूख,**
**बनेपा शाखा**

राष्ट्रिय सहकारी बैंक लिमिटेड बनेपा शाखालेले काभ्रेपलाञ्चोक र सिन्धुपाल्चोक जिल्लाका सहकारी संघ/संस्थाहरुसंग कारोबार गदै आएको छ । वर्तमान अवस्थामा ग्रामिण तहका सहकारी संघ/संस्थाहरु लाई आबद्ध गराउदै वित्तीय कारोबारका साथै सहकारी संघ/संस्थाहरुले आवश्यकता महशुस गरी बैंक संग अपेक्षा गरेका सुझाव र सल्लाहहरु

प्रदान गर्ने कार्य समेत यस शाखा कार्यालयवाट उपलब्ध गराउदै आईरहेका छौ ।

हाल यस शाखामा ३३५ शेयर सदस्यबाट रु ५० करोड निक्षेप संकलन गरी कर्जा लगानी तर्फ १५ करोड छ भने मुनाफा १ करोड गर्न सफल भएको छ । बनेपा काभ्रेपलाञ्चोक र सिन्धुपाल्चोक जिल्लाको ब्यापारिक केन्द्र तथा उपत्यकासंग नजिक भएको कारण यहाँको कारोबार राम्रो बढने सम्भावना रहेको छ ।

ब्यक्तिगत रुपमा मैले शाखा प्रमुखको जिम्मेवारी पाउदा खुसी लागेको छ, म बैंकका बिभिन्न विभागमा कार्य गरेको अनुभव सगाल्दै शाखा प्रमुखको जिम्मेवारी सम्म आईपुग्दा मैले सहकारी क्षेत्रमा सिकेका अनुभवलाई कार्यान्वयन गराउने अबसर प्राप्त भएको महशुस गरेको छु, शाखा सञ्चालन गर्दा समस्या भन्दा पनी सहकारीकर्मी माझ जनसम्पर्क बढ्ने र सहकारीका बास्तविक समस्याहरु जानकारी हुने साथै त्यस समस्या समाधान गर्न बैंकको प्रतिनिधित्व गर्दै आफुले पनी नेतृत्वदायी भूमिका निभाउन पाउदा आफुमा गर्व महशुस गर्छु, मलाई शाखा प्रमुखको जिम्मेवारी दिनुभएकोमा बैंक ब्यबस्थापनलाई धन्यवाद ज्ञापन गर्छु साथै आफ्नो कर्तब्य निष्ठापूर्वक निभाउने प्रतिबद्धता ब्यक्त गर्दछु ।

# बैंकको तालिमबाट थप सिर्जनशील हुने अवसर मिलेको छ




**निता कुमारी थापा**
**शाखा प्रमूख,**
**दैलेख शाखा**

राष्ट्रिय सहकारी बैंक लिमिटेड आफ्ना सदस्य सहकारी संस्थासंग मात्र काम गर्ने बैंक भएकोले हामी कर्मचारीहरुमा फरकखालको अनुभव हुने गर्दछ । सदस्य सहकारी संस्थासंगको कारोवारले गर्दा पनि सदस्य सहकारी र त्यसमा आवद्ध सदस्यहरुको यस बैंकप्रतिको आत्मीयताले गर्दा नै यस बैंकमा काम गर्नुको आनन्द अलि फरक छ ।

दैलेख जिल्लामा ३०० भन्दा बढि सहकारी संस्थाहरु दर्ता भएपनि केही सहकारी संस्थाहरु भने संचालनमा नरहेको र संचालनमा रहेका सहकारी संस्थाहरुमध्ये १६२ वटा सहकारी संस्थाहरु आवद्ध गराउन सफल भएका छौ । भौगोलीक रुपमा विकट भएका कारण अपेक्षित रुपमा उपलब्धी हासिल गर्न नसके पनि एउटा बैंकले दिनुपर्ने सुविधा र कारोवार गर्ने सदस्य र सेवा लिने ग्राहकले बाहिर गरेको प्रशंसाले कार्य गर्ने शैली र क्षमतामा थप उत्साह प्राप्त भएको छ । हाल शाखामा थप १ जना कर्मचारी भएमा शाखाले थप उपलब्धी हासिल गर्ने मेरो विश्वास छ । बैंकले विस्तार गर्दै आएका सेवा र सहकारी संस्थाहरुको बढ्दो कारोवारले र लगानी गरिएका सहकारी संस्थाहरुले देखाएको उपलब्धिले बैंक प्रति साह्रै खुसीको अनुभुती प्राप्त हुन्छ ।

बैंकद्धारा संचालन गरिने तालिमहरुबाट थप श्रृजनशिलता हासिल हुने हुदाँ यस्ता कार्यक्रमलाई निरन्तरता दिईरहनुपर्ने देखिन्छ भने सदस्य सहकारीहरुको पनि क्षमता विकासका लागि कार्यक्रमहरु संचालन गर्नुपर्ने देखिन्छ । अन्तमा राष्ट्रिय सहकारी बैंकको कारोबार शुभारम्भ दिवसका अवसरमा बैंकको उत्तरोत्तर प्रगतिको कामना गर्दै बैंकले सदस्यमुखी सेवा प्रदान गरीरहोस भन्ने शुभकामना व्यक्त गर्दछु ।

# शाखा प्रमुखको जिम्मेवारीले आत्मविश्वास बढेको छ



**पुन्य देवी श्रेष्ठ**
**शाखा प्रमूख**
**नुवाकोट शाखा**

सहकारी क्षेत्रको एक मात्र बैंक राष्ट्रिय सहकारी बैकमा मिति २०६७/७/१७ गते देखी सेवा गर्ने मौका दिनु भएकोमा बैंक परिवार प्रति हार्दिक आभार प्रकट गर्न चाहन्छु । बैंकले दिएको जिम्मेवारीलाई ईमान्दारी र कुशलता पुर्वक समाल्दै आंउदा गत वर्षको वैशाख १ गते देखी नुवाकोट शाखा कार्यालयको प्रमुखको जिम्मेवारी पाएँ । यो जिम्मेवारीले मेरो बैंक प्रति झन थप दरिलो जिम्मेवारी र उत्तरदायित्वहरु बढेको महशुस भएको छ । सहकारी क्षेत्र एउटा गहन क्षेत्र रहेकोले यस क्षेत्रमा प्रत्यक्ष भिज्ने अवसर पाएकोमा आफुले आफुलाई गौरवान्वित महशुस गर्दछु ।

कुनै पनि महिला जिम्मेवार पदमा त्यही माथी बैंक जस्तो संवेदनशिल क्षेत्रको जिम्मेवार पदमा काम गर्न चानचुने कुरो होईन । नारी प्रति पुरुषले हेर्ने दृष्टिकोण नै सांघुरो छ । पहिलेको तुलनामा समानता त छ तर पनि न्यायोचित रुपमा कार्यनिति नै बनेको छैन नारीको हकमा, एउटा महिलाले आफ्नो कार्यालयको सम्पुर्ण कामकाज व्यवस्थित गर्नुपर्ने साथसाथै घरको पनि

जिम्मेवारी निभाउनु पर्ने हुन्छ ।

बैक संवेदनशिल संस्था भएकाले त्यसमा हुने हरेक दैनिक गतिविधि र व्यवस्थापकिय कार्यहरुलाई सुक्ष्म ढंगवाट प्रत्यक्ष निहाल्न र सम्पादन गर्ने व्यवहारिक ज्ञान मैले राष्ट्रिय सहकारी बैंकमा ८ वर्ष कार्य गर्ने अवसरले म मा आत्मविश्वासको उर्जा वढेकोछ । हुन त मैले यो क्षेत्रमा प्रमुख भएर धैरै अनुभव संगाल्ने मौका पाएको छैन, जति अनुभव गरे यो कुरा हजुरहरु माझ राख्ने मौका दिनुभएकोमा म यस बैंक प्रति धेरै आभारी छु । अवसर पाएको खण्डमा महिलाहरु हरेक क्षेत्रमा सफल हुन सक्छन भन्ने मेरो विश्वास रहेको छ, अन्त्यमा बैंकको कारोबार शुभारम्भ दिवस साउन १९ गतेको अवसरमा बैंकको उत्तरोत्तर प्रगतिको कामना व्यक्त गर्दछु ।

# महिला कर्मचारीले चलाएको तनहूँ शाखा, उदाहरणीय बन्ने प्रयासमा



**सुमित्रा अधिकारी**
**शाखा प्रमुख,**
**दमौली शाखा**

२०७३ साल श्रावण ४ गते वरिष्ठ सहायक पदमा नियुक्त भइ २०७३ भाद्र ०१ गते देखी तनहुँ दमौली शाखाबाट राष्ट्रिय सहकारी बैंकको सेवा शुरु गर्ने मौका पाएको थिए । शुरुमा नै यस शाखामा विशेष रुपमा कर्जा विभाग सम्हाल्ने मौका पनि मिल्यो । करिब २० महिना पछाडी बैकले मेरो कार्यकुशलता मुल्याङ्कन भनुम वा बैकले मलाइ गरेको विश्वास तथा बैकले मलाइ दिएको अवसरको कारणले म यस तनहुँ शाखाको शाखा प्रमुख जस्तो गरिमामय पदमा नियुक्त भए ।

एक्कासी आफ्नो काँधमा जिम्मेवारी थपिदा म विचलित नभएको त होइन तर जहाँ अवसर हुन्छ त्यहाँ चुनौती पनि हुन्छ भन्ने भनाईलाइ अवलम्बन गर्दै आफ्नो यात्रामा पाइलाहरु चाल्न थाले । एउटा रोचक कुरा यस तनहुँ शाखामा मेरा सहयोगी साथीहरु अन्य कर्मचारीहरु सबै महिला मात्र हुनुहुन्छ, कतै न कतै बाट यो पनि मेरो लागी थप चुनौती थियो । विश्वमा कयौ उदाहरणहरु छन् महिलाहरुले नेतृत्व गरेको सफलता पाएको, नेपालमा पनि त महिला राष्ट्रपति भएर सिङ्गो देश चलाएकी छिन, थप उर्जाका साथ महिलामा हुने कमजोरी पक्ष, संवेदनशिल पक्ष धकेलेर अहिले महिलाद्धारा संचालित शाखा भएको छ ।

लमजुङ्ग, गोरखा, मनाङ्ग कार्य क्षेत्र भएको हुदा टाढा टाढा सम्म पुग्नु मेरो लागी अर्को चुनौती थियो तर जब सहकारी क्षेत्रको सच्चा र इमान्दार सहकारीकर्मी भइन्छ नि त्यसपछि जति नै अप्ठ्याराहरु पनि सहज लाग्ने रैछ । पुरुष प्रधान देशमा पुरुष नेतृत्व खोज्नेहरुको जमात नभटिएको पनि होइन, तर उद्देश्यमा विचलित नहुने म र मेरो टिम अहोरात्र खटिनै रह्यौ । काम प्रति जिम्मेवार, जिम्मेवारी प्रति सजग र सर्मपण रहने हो भने जस्तोसुकै काममा पनि सफलता पाइन्छ भन्ने कुरामा म विश्वस्त छु ।

अन्तमा, लिङ्गभेद प्रणालीलाई अस्विकार गरी कार्यक्षमता, कामप्रति सर्मपण, इमान्दारिताको सही मुल्याङ्कन गरी अवसर प्रदान गर्ने राष्ट्रिय सहकारी बैकलाई हृदयदेखी आभार व्यक्त गर्न चाहन्छु र अवसर पाएको खण्डमा हरेक क्षेत्रमा महिलाले पुरुष भन्दा बढि काम गर्न सक्छन् भन्ने कुरा सम्पुर्णलाइ विश्वास दिलाउन चहान्छु ।

मेरो अनुभव र विश्वासको कुरा संगै बैंक यही मिति २०७५ असार २५ गते देखि आफ्नो स्थापनाको १६ औं बर्षमा प्रवेश गरेको अबसरमा राष्ट्रिय सहकारी बैंकको पूर्ण सफलताको शुभकामना व्यक्त गर्न चाहन्छु ।

# पारिवारीक वातावरणमा काम गर्ने अबसर छ



**सविना पोखरेल**
**शाखा प्रमुख,**
**बर्दघाट शाखा**

यस बैंकले आफ्नो सुनौलो १५ वर्ष सफलतापुर्वक पार गरी १६ औ वर्षमा प्रवेश गरेकोमा बर्दघाट शाखा परिवार तथा मेरो व्यक्तिगत तर्फबाट हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछु । यस बैंकसंग जोडिन पाउदा मैले आफुलाई एकदमै भाग्यमानी महशुश गरेको छु र दिनानुदिन फरक किसिमको अनुभव बटुली नया कुराहरु सिक्ने मौका पाएको छु । थुप्रै अवसर र चुनौतीहरुलाई पार गरी आज यो स्थानसम्म पुर्‍याउन हौसला प्रदान गरी आफ्नो कार्यक्षमता आभास गराएकोमा म यस बैंकको सम्पूर्ण परिवारप्रति हार्दिक आभार व्यक्त गर्दछु । यहा सबै कर्मचारी समान रुपले हेरिन्छौं, बैंकको उच्च व्यवस्थापन तथा व्यवस्थापनले एउटा अभिभावकको रुपमा सदैव हामीहरुलाई आफ्नो कर्तव्यबोध गराई कार्यमा प्रेरित गरेको छ । हामी सयौ कर्मचारीहरु एकै संस्था भित्र एउटै परिवार सरह सहयोगी भावनाले काम गर्छौ । यहि पारिवारिक वातावरण, लगनशिल र दक्ष व्यवस्थापन तहले गर्दा नै आज यो बैंकले आफ्नो सदस्यहरुलाई गुणस्तरीय तथा सन्तोषजनक वित्तीय सेवा दिन सफल भएको छ । अन्त्यमा आगामी वर्षहरुमा अझ गुणात्मक तथा परिणात्मक सेवा प्रदान गरी देशैभरी सहकारीको विकासमा निरन्तर पाईला चालिरहोस भन्दै उत्तरोत्तर प्रगतिको कामना गर्दछु ।

# बर्दघाटमा राष्ट्रिय सहकारी बैंकको ४३ औं शाखा उद्घाटन

## तीन खम्बे अर्थनीतिका आधारमा समृद्धिको खाका बनाऔं :मन्त्री गिरी

*नवलपरासी (बर्दघाट),*



नवलपरासी जिल्लाको बर्दघाटमा राष्ट्रिय सहकारी बैंक लिमिटेडको ४३ औं शाखाको असार १५ गते शुक्रवार विधिवत उद्घाटन गरिएको छ । शाखाको उद्घाटन प्रदेश नं. ५ का पर्यटन, वन तथा वातावरण मन्त्री लिला गिरीले गर्नु भएको थियो । सो अवसरमा बोल्दै उहाँले संविधानले अंगिकार गरेको तीन खम्बे अर्थनीतिका आधारमा समृद्धिको खाका कोर्नु पर्नेमा जोड दिनु भएको छ ।

संविधानले समाजवाद उन्मुख अर्थतन्त्रको विकासका लागि राज्य, सहकारी र निजी क्षेत्रबीचको सहकार्यको अवधारणा अगाडि बढाएकाले सोही अनुसार अगाडि बढ्ने योजना संघीय, प्रदेश र स्थानीय सरकारले बनाउन सकेमा मात्रै समृद्धिको अभियान सफल हुने उहाँको धारणा थियो ।

राज्यले लिएको नीति सही रुपमा कार्यान्वयन गर्ने हो भने नेपालको समृद्धि छिटो र सहज रुपमा हुने दावी गर्दै उहाँले सहज रुपमा कार्यान्वयन हुन नदिने प्रवृतिलाई रोक्नु पर्नेमा जोड दिनुभयो । समृद्धिका लागि सहकारीको भूमिका प्रभावकारी छ, तर सहकारी क्षेत्रलाई विभिन्न बहानामा अंकुश लगाउने काम भैरहेको उहाँको भनाइ थियो ।

सहकारीहरुलाई सक्षम बनाउनका लागि स्थापित राष्ट्रिय सहकारी बैंकलाई थप प्रभावकारी बनाउन तथा प्रदेश नं. ५ अन्तरगतका शाखाहरुसंग समन्वय गरेर अगाडि बढ्ने प्रतिवद्धता पनि उहाँले व्यक्त गर्नु भएको छ ।

कार्यक्रममा राष्ट्रिय सहकारी महासंघका सञ्चालक तथा नेफ्स्कुनका महासचिव चन्द्रप्रसाद ढकालले लामो प्रयास पछि बर्दघाटमा सहकारी बैंकको शाखा सञ्चालन गर्न सकिएकोले नवलपरासीका सहकारी संघ संस्थाहरुले बैंकको सेवा सुविधालाई अधिकतम उपयोग गर्नु पर्नेमा जोड दिनुभयो । वित्तीय लगायत संस्थाहरुको संस्थागत विकास र समन्वयकारी भूमिकाका लागि सहकारी बैंक र सहकारीहरुबीच समन्वय हुनु पर्ने भन्दै उहाले सहकारी बैंकसंगको सहकार्यमा उत्पादनका क्षेत्रमा सहकारीहरुको पूँजि लगाउनु पर्ने उहाँको भनाइ थियो ।

कार्यक्रममा बर्दघाट नगरपालिकाका प्रमुख धिरज शर्माले नगरको समृद्धिका लागि सहकारीहरुसंग समन्वयकारी भूमिका निर्वाह गर्ने प्रतिवद्धता व्यक्त गर्दै सहकारी ऐन तथा नियम सहकारी मैत्री बनाउन सहयोग गर्न अभियानकर्मीहरुलाई आग्रह गर्नु भयो ।

कार्यक्रममा पूर्व सांसद विक्रम खनाल, बर्दघाट नगरपालिकाका उपप्रमुख माया पौडेल, राष्ट्रिय सहकारी बैंकका पूर्व सञ्चालक मुक्तिनाथ पाण्डे, जिल्ला सहकारी संघ नवलपरासीका अध्यक्ष विष्णु पौडेल, उपाध्यक्ष बृहस्तपति अधिकारी, कृषि सहकारी संघका अध्यक्ष उपेन्द्र प्रधान लगायतले सहकारीहरुलाई प्रवर्द्धन र विकास गर्ने लक्ष्यका साथ स्थापित बैंकको शाखा बर्दघाटमा उद्घाटन गर्न पाएकोमा खुशी व्यक्त गर्दै सहकारीहरुसंग समन्वय गर्दै बैंकलाई प्रभावकारी रुपमा अगाडि बढाउन सहयोग गर्ने प्रतिवद्धता व्यक्त गर्नु भएको थियो ।

कार्यक्रममा बैंकको अवस्थाका बारेमा बैंकका प्रवन्ध सञ्चालक के.बी. उप्रेती र लेखा समितिका संयोजक कुलचन्द्र अधिकारीले जानकारी गराउनु भएको थियो ।

बैंकका अध्यक्ष रमेश पोखरेलले अध्यक्षताको आसनबाट बोल्दै सहकारी क्षेत्रलाई सबल, सक्षम र प्रभावकारी रुपमा अगाडि बढाउनका लागि वित्तीय लगायतका सेवा दिने गरी बर्दघाटमा स्थापना भएको शाखामार्फत सबै सहकारीहरुले जनताको आयस्तर माथि उठाउने खालका कार्यक्रम सञ्चालन गर्न आव्हान गर्नु भयो ।

कार्यक्रम अध्यक्ष पोखरेलको अध्यक्षता, सञ्चालक ज्ञानबहादुर तामाङको सञ्चालन र बर्दघाट शाखाका प्रमुख सविना पोखरेलको स्वागतमा सम्पन्न भएको थियो ।

यसैबीच शाखा उद्घाटनकै दिन सुस्ता पश्चिमका सहकारी संघ संस्थाहरुले ५ करोड भन्दा बढी निक्षेप संकलन गरेको शाखा प्रमुख सविना पोखरेलले जानकारी दिनुभयो ।

# कावासोतीमा राष्ट्रिय सहकारी बैंकको ४४ औं शाखा उद्घाटन

## पहिलो दिनमै १२ करोड निक्षेप संकलन, सहकारीलाई व्यावसायिक कार्यमा केन्द्रीत गरौं : अध्यक्ष बडाल

*कावासोती (नवलपुर)*




नेपालको सहकारी अभियानको शिर्षस्थ निकाय राष्ट्रिय सहकारी महासंघका अध्यक्ष केशव बडालले सहकारीको जागरण अभियान प्रभावकारी बन्दै गएकोले अब सहकारी क्षेत्रलाई व्यावसायिकतातर्फ केन्द्रीत गर्नु पर्नेमा जोड दिनु भएको छ ।

सहकारी क्षेत्रको एक मात्र बैंक राष्ट्रिय सहकारी बैंक लिमिटेडको ४४ औं शाखाको नवलपुरको कावासोतीमा असार १६ गते उद्घाटन गर्दै उहाँले यस्तो बताउनु भएको हो ।

सहकारीका बारेमा आम जनतालाई जानकारी गराउने, विपन्न वर्गका जनतालाई सहकारी अभियानमा सहभागी गराउने तथा सहकारीमार्फत आयआर्जन गर्ने काममा सहकारीहरु अब्बल बनिसकेकाले अबको सम्पूर्ण ध्यान व्यावसायिकतातर्फ केन्द्रीत गर्नु पर्नेमा उहाँले जोड दिनु भएको हो ।

सहकारी क्षेत्रमा रहेको श्रम, सीप र पूँजिलाई व्यावसायिक क्षेत्रमा केन्द्रीत गर्न सक्यौ भने राज्यले अंगिकार गरेको तीन खम्बे अर्थनीति अनुसार समाजवाद उन्मुख अर्थतन्त्र निर्माणमा सहजता आउने उहाँको भनाइ छ ।

सहकारीका सदस्यहरुले ब्याज कति आयो, नाफा कति भयो भन्ने र सहकारीका सञ्चालकहरुले सदस्यहरुलाई कसरी नगदमा नाफा दिन सकिन्छ भनेर होडवाजी गर्ने हो भने सहकारीको मुल लक्ष्य प्राप्ति हुन सक्दैन, अध्यक्ष बडालले भन्नुभयो-सहकारीको लक्ष्य र राज्यको उद्देश्य पुरा गर्नका लागि सहकारीहरुलाई व्यावसायिक क्षेत्रमा केन्द्रीत गर्नै पर्छ ।

राष्ट्रिय सहकारी बैंकले देशभरका सबै विषयका सहकारीहरुलाई वित्तीय लगायत शिक्षा तालिम र प्रविधिहरुका बारेमा सहयोग गर्ने भएकाले समन्वय गरेर व्यावसायिक योजनाका साथ अगाडि बढ्न उहाँले सबै सहकारीकर्मीहरुलाई आव्हान गर्नु भयो ।

कार्यक्रममा महासंघका सञ्चालक तथा नेफ्स्कुनका महासचिव चन्द्र प्रसाद ढकालले सहकारीहरुलाई उत्पादनमा केन्द्रीत गर्नका लागि वित्तीय सहयोग र आवश्यक प्रविधिका लागि समेत सहकारी बैंकसंग सहकार्य गरेर अगाडि बढ्न नवलपुर क्षेत्रका सहकारीहरुलाई आव्हान गर्नु भयो ।

सहकारीहरुको प्रवर्द्धनका लागि स्थापना भएको बैंकका पैसा नराखेर सहकारीसंग सरोकार नै नभएका वित्तीय क्षेत्रमा सहकारीको रकम राखिएको भन्दै उहाँले सहकारी क्षेत्रको सबै रकम सहकारीकै बैंकमा आउनु पर्नेमा जोड दिनुभयो ।

कार्यक्रममा नेफ्स्कुनका सञ्चालक शान्ति अधिकारी र जिल्ला वचत तथा ऋण सहकारी संघ नवलपरासीका अध्यक्ष माधवप्रसाद गौतमले सहकारी बैंकको कावासोती शाखाबाट अधिक भन्दा अधिक सेवा सुविधा लिनका लागि सहकारी संघ संस्थाहरुलाई आव्हान गर्नु भयो ।

कार्यक्रममा बैंकको अवस्थाका बारेमा बैंकका प्रवन्ध सञ्चालक के.बी. उप्रेती र लेखा समितिका संयोजक कुलचन्द्र अधिकारीले जानकारी गराउनु भएको थियो । जिल्ला सहकारी संघ नवलपरासीका सचिव तिलक पराजुलीले जिल्लाको सहकारीको अवस्था, नवलपुर क्षेत्रका सहकारीको वित्तीय तथा अन्य सेवा लगायतका विषयमा जानकारी गराउनु भएको थियो । कार्यक्रम बैंकका अध्यक्ष रमेशप्रसाद पोखरेलको अध्यक्षता, सञ्चालक रामबहादुर जिसीको सञ्चालन र कावासोती शाखाका प्रमुख अरुणा अधिकारीको स्वागतमा सम्पन्न भएको थियो । यसैबीच शाखा उद्घाटनकै दिन सुस्ता पूर्वका सहकारी संघ संस्थाहरुले १२ करोड भन्दा बढी निक्षेप संकलन गरेको शाखाका कर्मचारी नारायण ढकालले जानकारी दिनुभयो ।

नवलपुर क्षेत्रमा करिव २ सय ५० सहकारी संघ संस्था रहेका छन्, ति सहकारीले वार्षिक १० अर्ब भन्दा बढीको कारोबार गर्दै आएका छन् । सबै सहकारीले तरलताको रकम मात्रै राष्ट्रिय सहकारी बैंकमा कारोबार गरेमा वार्षिक २ अर्ब भन्दा बढीको कारोबार कावासोती शाखाबाट हुने जिल्ला सहकारी संघ नवलपरासीका सचिव तिलक पराजुलीले बताउनुभयो ।

# काठमाडौँमा बैंकको अन्तरक्रिया कार्यक्रम




*काठमाडौं,*

राष्ट्रिय सहकारी बैंक लिमिटेडका काठमाडौं जिल्लामा रहेका शाखा कार्यालयहरुको संयुक्त आयोजनामा असार ४ गते एक दिने "सहकारी बैंक र सदस्य संघ/संस्थाहरु विच अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो । कार्यक्रमको उद्घाटन राष्ट्रिय सहकारी महासंघका अध्यक्ष केशव प्रसाद बडालले गर्नुभयो ।

सो अवसरमा बोल्दै महासंघका अध्यक्ष बडालले सहकारी क्षेत्रलाई वित्तीय रुपमा सबल र सक्षम बनाउनका लागि सहकारी बैंकको योगदान अनुकरणीय रहेको बताउनु भयो । उहाँले सहकारी क्षेत्रमा देखिएका समस्या समाधान गरी सहकारीमार्फत समाजवाद उन्मुख अर्थतन्त्र निर्माणको अभियानमा जुट्न सबै सहकारीकर्मीहरुलाई आव्हान समेत गर्नु भयो ।

कार्यक्रम ३ नम्बर प्रदेशका प्रदेश सभा सदस्य पशुपति चौलागाई, बैंकका संचालक तथा लेखा समितिका पधाधिकारीहरु, नेपाल केन्द्रीय स्वास्थ्य सहकारी संघ का महासचिव खेमराज सुवेदी, जिल्ला सहकारी संघ काठमाडौँका अध्यक्ष टेक प्रसाद चौलागाई, नेस्फ्कुनका बरिष्ठ उपाध्यक्ष परितोष पौड्याल लगायतका अतिथिहरुको आथित्यता रहेको थियो ।

सो अबसरमा बोल्दै ३ नम्बर प्रदेशका प्रदेश सभा सदस्य पशुपति चौलागाइले राष्ट्रिय सहकारी बैंकले आफ्ना सेवाहरुमा सहकारीको आवश्यकता अनुसार आफु लाई परिमार्जन गराउन बैंक संचालक समितिको ध्यानाकर्षण गराउनु भयो, नेपाल केन्द्रीय स्वास्थ्य सहकारी संघ का महासचिव खेमराज स'वेदीले बैंकले सदस्यहरुलाई राम्रो सेवा प्रदान गरीरहेको प्रति प्रसंशा गर्दै यस्तै सेवालाई निरंतरता दिन आग्रह गर्नुभयो त्यस्तै सो अबसरमा जिल्ला सहकारी संघ काठमाडौँका अध्यक्ष टेक प्रसाद चौलागाई र नेस्फ्कुनका बरिष्ठ उपाध्यक्ष परितोष पौड्यालले बैंकको सफलताको शुभकामना दिनुभयो । काठमाडौं जिल्लामा बैंकका नया बानेश्वर, न्युरोड, गोंगबु, कलंकी र चाबहिल गरि ५ वटा शाखा कार्यालयहरु संचालनमा छन, सो अबसरमा उक्त ५ शाखा कार्यालयहरुसंग उत्कृष्ट र नियमित कारोवार गर्ने सहकारी संस्थालाई कार्यक्रममा प्रमुख अतिथिवाट सम्मान प्रदान गरिएको थियो ।

सम्मानित हुने संस्थाहरुमा शाखा कार्यालय गोंगबुवाट जेष्ट सेभिङ्ग एण्ड क्रेडिट को-अपरेटिभ उत्कृष्ट कारोबार तर्फ र फर्च्युन सेभिङ्ग एण्ड क्रेडिट को-अपरेटिभ नियमित कारोबार तर्फ, शाखा कार्यालय कलंकीवाट चन्द्रागिरी वचत तथा ऋण सहकारी संस्था उत्कृष्ट कारोबार तर्फ र सामुहिक परिवर्तनशील महिला सहकारी संस्था नियमित कारोबार तर्फ, शाखा कार्यालय न्युरोडवाट क्यापिटल वचत तथा ऋण सहकारी संस्था उत्कृष्ट कारोबार तर्फ र श्री लाभ वचत तथा ऋण सहकारी संस्था नियमित कारोबार तर्फ शाखा कार्यालय चाबहिलवाट नेचुरल सेभिङ्ग एण्ड क्रेडिट को-अपरेटिभ लि. उत्कृष्ट कारोबार तर्फ र गुडविल वचत तथा ऋण सहकारी संस्था नियमित कारोबार तर्फ शाखा कार्यालय नयाबानेश्वरवाट हिलटप जुनार बहुउद्देशीय सहकारी संस्था उत्कृष्ट कारोबार तर्फ र डिलाईट वचत तथा ऋण सहकारी संस्था नियमित कारोबार तर्फ लाई सम्मानित गरिएको थियो ।

काठमाडौं जिल्लाका ५०० भन्दा बढी सहकारी संघ/संस्थाका प्रतिनिधिहरुको सहभागिता रहेको कार्यक्रमको अध्यक्षता बैंकका प्रबन्ध संचालक के.वी. उप्रेतीले गर्नुभएको थियो भने कार्यक्रम बैंकका संचालक रामहरी बजागाईको स्वागत मन्तब्य र संचालक ज्ञान बहादुर तामाङको सञ्चालनमा सम्पन्न भएको थियो ।

# राष्ट्रिय सहकारी बैंक लिमिटेड

केन्द्रीय कार्यालय, कुपण्डोल, ललितपुर

## लेखा परिक्षया नभएको वित्तीय विवरण (अपरिष्कृत)

चौंथो त्रैमास आ.व. २०७४/०७५ (मिति २०७५/०३/३२)

रकम रु हजारमा

| क्र.सं. | विवरण | यस त्रैमासमा | गत त्रैमासमा | गत वर्षको यस त्रैमासमा |
|---|---|---|---|---|
| १ | **कुल पूजी तथा दायित्व (१.१ देखि १.७)** | २२,०८७,६५९ | १६,२५०,१८२ | १६,१३०,४४३ |
| १.१ | शेयर पूँजी | १,०४२,२२२ | ९८२,०२९ | ८६२,२७६ |
| १.२ | जगेडा तथा कोषहरु | ४२४,३०७ | ४४४,८६१ | २७३,२२२ |
| १.३ | ऋणपत्र तथा वण्ड | – | – | – |
| १.४ | तिर्न बाँकी कर्जा सापट | ३७५,३५१ | ९५९,४९४ | ७०४,०६१ |
| १.५ | **निक्षेप दायित्व** | १९,९६२,९८९ | १३,७२४,४०६ | १४,०३१,३७९ |
| | क. स्वदेशी मुद्रा | १९,९६२,९८९ | १३,७२४,४०६ | १४,०३१,३७९ |
| | ख.बिदेशी मुद्रा | – | – | – |
| १.६ | आयकर दायित्व | | | |
| १.७ | अन्य दायित्व | २८२,७९० | १३९,३९२ | २५९,५०५ |
| २ | **कुल सम्पती (२.१ देखि २.७)** | २२,०८७,६५९ | १६,२५०,१८२ | १६,१३०,४४३ |
| २.१ | नगद तथा बैंक मौज्दात | ६,७१३,४२१ | २,६६७,९८२ | ४,५७८,९०२ |
| २.२ | माग तथा अल्प सूचनामा प्राप्त हुने रकम | – | | – |
| २.३ | लगानी | २,५९०,११५ | १,९६०,११५ | २,४५५,११५ |
| २.४ | कर्जा सापट तथा बिल खरिद | १२,४४८,५२६ | ११,२५८,००७ | ८,७९९,१४८ |
| २.५ | स्थिर सम्पती | १८०,८०१ | १७२,९९२ | १६५,८९५ |
| २.६ | गैर बैकिङ्ग सम्पती | – | – | – |
| २.७ | अन्य सम्पती | १५४,७९६ | १९१,०८६ | १३१,३८३ |
| ३ | **नाफा नोक्सान हिसाब** | | | |
| ३.१ | ब्याज आम्दानी | १,८८४,५३९ | १,२९४,५४३ | १,२४५,९५० |
| ३.२ | ब्याज खर्च | १,१८८,२०० | ८३७,२७३ | ७५२,५६९ |
| | **खुद ब्याज आम्दानी** | ६९६,३३९ | ४५७,२७० | ४९३,३८१ |
| ३.३ | कमिशन तथा डिस्काउण्ट | १,८९२ | १,२७२ | १,७५६ |
| ३.४ | अन्य सञ्चालन आम्दानी | १००,४८६ | ६७,५११ | ६७,३६५ |
| ३.५ | सटही घटबढ नाफा/नोक्सान | – | – | – |
| | कुल सञ्चालन आम्दानी | ७९८,७१७ | ५२६,०५३ | ५६२,५०२ |
| ३.६ | कर्मचारी खर्च | १३०,४८४ | ८४,४३८ | १२९,२८० |
| ३.७ | अन्य संचालन खर्च | ८६,५५१ | ४०,७४६ | ६८,२८४ |
| | **सम्भावित नोक्सानी व्यवस्था अधिको सञ्चालन मुनाफा** | ५८१,६८३ | ४००,८६९ | ३६४,९३८ |
| ३.८ | सम्भावित नोक्सानी व्यवस्थाहरु | ४९१,५९५ | २७९,०८९ | ३६३,४०१ |
| | सञ्चालन मुनाफा | ९०,०८८ | १२१,७८० | १,५३७ |
| ३.९ | गैर संचालन आम्दानी/खर्च | (४२७) | ६० | २२ |
| ३.१० | सम्भावित नोक्सानी व्यवस्थाबाट फिर्ता | ३१६,८९७ | ११७,०४६ | २२१,६८८ |
| | नियमित कारोबारबाट भएको मुनाफा | ४०६,५५८ | २३८,८८६ | २२३,२४७ |
| ३.११ | असामान्य कारोबारबाट भएको आम्दानी/खर्च | ४३० | ४३० | २,६८३ |
| | **सम्पूर्ण कारोबार समावेश पछिको खुद मुनाफा** | ४०६,९८८ | २३९,३१६ | २२५,९३० |
| ३.१२ | कर्मचारी बोनस व्यवस्था | ३६,९९९ | २१,७५६ | २०,५३९ |
| ३.१३ | आयकर व्यवस्था | ७३,९९८ | ४३,५१२ | ४४,५१८ |
| | **खुद नाफा/नोक्सान** | २९५,९९१ | १७४,०४८ | १६०,८७३ |
| ४ | **अनुपातहरू** | | | |
| ४.१ | जोखिम भारित सम्पतीमा पूँजीको पर्याप्तता (प्रतीशत) | ११.१५ | १०.९६ | ११.२६ |
| ४.२ | निष्क्रिय कर्जा/कुल कर्जा (प्रतिशत) | २.७५ | ३.५३ | २.५८ |
| ४.३ | कर्जा नोक्सानी व्यवस्था/निष्क्रिय कर्जा | १२३.४७ | १०३.६८ | १११.५५ |
| ४.४ | पूँजिको औसत लागत | ८.४६ | ८.५० | ९.३३ |
| ४.५ | कर्जा /निक्षेप अनुपात (प्रतिशत) | ६२.३६ | ८२.०३ | ६२.७१ |

# ललितपुरमा बैंकको अन्तरक्रिया कार्यक्रम

*ललितपुर,*

राष्ट्रिय सहकारी बैंक लिमिटेडकाका तिन शाखा कार्यालयहरु मुख्य शाखा, लगनखेल र चापागाऊ शाखा कार्यालयको संयुक्त आयोजनामा ललितपुरमा असार ६ गते बैंक र सदस्य संघ/संस्थाहरु बीच एकदिने अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो ।

कृषि, भुमि व्यवस्था तथा सहकारी राज्य मन्त्री राम कुमारी चौधरीले अन्तरक्रिया कार्यक्रमको उद्घाटन गर्नु भएको थियो । सो अवसरमा बोल्दै मन्त्री चौधरीले चौधरीले राष्ट्रिय सहकारी बैंकले आफ्नो लगानी वढी भन्दा बदी उत्पादनशील क्षेत्रमा लगाउनु पर्नेमा जोड दिनुभयो । राष्ट्रिय सहकारी महासंघका संचालक एवं जिल्ला सहकारी संघ ललितपुर अध्यक्ष माधव दुलाल, नेफ्स्कुनका संचालक नानी काजी शाक्य, ललितपुर बचत संघका अध्यक्ष रामशरण शर्मा घिमिरे लगायतका सहकारीकर्मीहरु रहनु भएको थियो ।

अन्तरक्रिया कार्यक्रममा राष्ट्रिय सहकारी महासंघका संचालक माधव दुलालले सहकारी बैंक र सहकारी संस्थाको सम्बन्ध सम्बन्धमा चर्चा गर्नुभएको थियो, नेफ्स्कुनका संचालक नानी काजी शाक्यले सहकारी बैंकले सबै प्रकृतिका सहकारीको विकासमा खेलेको भूमिका सम्बन्धमा आफ्नो मंतब्य राख्नुभयो, ललितपुर बचत संघका अध्यक्ष रामशरण शर्मा घिमिरेले सहकारी बैंकको भूमिका नेपाली




सहकारी अभियानमा महत्वपूर्ण भएकोले अझै सफलताको शुभकामना दिनुभयो ।

सो अन्तरक्रिया कार्यक्रममा सहकारीकर्मीहरुबाट बैंक र सहकारी क्षेत्रको समकालीन विषयमा उठान भएका जिज्ञासाहरुको सहजिकरण बैंकका प्रवन्ध संचालक के. बि. उप्रेती गर्नु भएको थियो, सो अबसरमा ललितपुर जिल्लाको मुख्य शाखा, लगनखेल र चापागाऊ शाखा कार्यालयमा गत आर्थिक वर्षमा उत्कृष्ट र नियमित सहकारी संघर तथा संस्थाहरुको प्रतिनिधिहरुलाई सम्मान समेत गरिएको थियो, जस अन्तर्गत लगनखेल शाखावाट सुमेरु सेभिङ्ग एण्ड क्रेडिट को अपरेटिभ लि. उत्कृष्ट कारोबार तर्फ र शुभलाभ बहुउद्देश्यीय सहकारी संस्थालाई नियमित कारोबार तर्फ त्यस्तै मुख्यशाखा कार्यालयवाट लालीगुराँस सहकारी संस्था उत्कृष्ट कारोबार तर्फ र नेपाल बहुउद्देशीय केन्द्रिय सहकारी संघलाई नियमित कारोबार त्यस्तै चापागाउँ शाखावाट तिलेश्वर बहुउद्देशीय सहकारी संस्था उत्कृष्ट कारोबार तर्फ र ग्रामिण कृषि विकास सहकारी संस्था नियमित कारोबारतर्फ सम्मान स्वरुप प्रशंसा प्रत्र वितरण गरीको थियो । ५०० भन्दा बढी सहकारी संघ/संस्थाहरुको प्रतिनिधिहरुको उपस्थिति रहको सो कार्यक्रम बैंकका प्रवन्ध सञ्चालक के.बी.उप्रेतीको अध्यक्षता, बैंकका संचालक राम शरण शर्मा घिमिरे स्वागत र संचालक रामहरि बजगाईको सञ्चालनमा सम्पन्न भएको थियो ।

# वार्षिक योजना तथा बजेट निर्माण सम्बन्धी कार्यक्रम

*ऊर्लाबारी मोरंङ,*

राष्ट्रीय सहकारी बैंक लिमिटेडको शाखा कार्यालय ऊर्लाबारी र सहकारी कर्मचारी संगठन ऊर्लाबारीको संयुक्त आयोजनामा असार १० गते एक दिने "बार्षिक योजना तथा बजेट निर्माण सम्बन्धी" कार्यक्रम सम्पन्न भएको छ । ऊर्लाबारीमा सम्पन्न कार्यक्रममा बैंकको ऊर्लाबारी शाखाका शाखा व्यवस्थापन उप-समिति संयोजक केशव प्रसाद पोखरेलले सहजीकरण गर्नु भएको थियो । कार्यक्रमको उदेश्य, बैंकको अवस्था र आगामी योजनाका बारेमा बैंकको ऊर्लाबारी शाखाका प्रमुख मुना के.सी. ले जानकारी गराउनु भएको थियो । ऊर्लाबारी क्षेत्रमा रहेका करिब ५० भन्दा बढ़ी सहकारी संस्थावाट १०० प्रतिनिधिहरुको कार्यक्रममा सहभागिता रहेको थियो ।



# बागलुङमा बैंकको अन्तरक्रिया कार्यक्रम




*बाग्लुंग,*

सहकारी र राज्य मिलेर समृद्धिको अभियान सफल पार्नुपर्छः मन्त्री गुरुङ

प्रदेश नं.४ का आर्थिक मामिला तथा योजनामन्त्री किरण गुरुङले समृद्धीको अभियानलाई प्रभावकारी रुपमा अगाडि बढाउनका लागि सहकारी क्षेत्रसंग सहकार्य गर्न प्रदेश सरकार प्रतिवद्ध रहेको बताउनु भएको छ ।

राष्ट्रिय सहकारी बैंक लिमिटेडले असार १० गते बागलुङमा आयोजना गरेको बैंक र सदस्य संघ संस्थाहरुबीचको अन्तरक्रिया तथा पुरस्कार वितरण कार्यक्रमको उद्घाटन पछि बोल्दै उहाँले यस्तो बताउनु भएको हो ।

प्रदेश सरकारले पर्यटन, उर्जा, कृषि र उद्योगलाई प्राथमिकीकरण गरेर विकासमा जुट्ने योजना बनाएको जानकारी गराउदै उहाँले त्यसका लागि सहकारी क्षेत्रमा रहेको श्रम, सीप र पूँजिलाई परिचालन गर्न आव्हान गर्नु भयो ।

समाजवाद उन्मुख अर्थतन्त्रका लागि स्थानीय स्रोतहरुको अधिकतम परिचालन आवश्यक रहेको र त्यसका लागि सहकारी नै उत्तम विकल्प हुने उहाँले बताउनु भयो ।

सन २०२२ सम्म प्रदेशमा २० लाख पर्यटक भित्र्याउने, प्रतिव्यक्ति आय २ हजार ५ सय बनाउने लक्ष्यका साथ प्रदेश सरकार विकास अभियानमा जुटेको भन्दै उहाँले त्यसका लागि सहकारी र निजी क्षेत्रसंग सहकार्य गरेर अगाडि बढ्ने प्रतिवद्धता व्यक्त गर्नु भएको थियो ।

कार्यक्रममा संघीय संसदका सदस्य डा.सूर्य पाठकले सहकारी, निजी र राज्य मिलेर गरिव तथा विपन्न जनताको आर्थिक सामाजिक अवस्था सुधारका लागि सक्रिय भएर अगाडि बढ्नु पर्नेमा जोड दिनु भयो ।

कार्यक्रममा नेफ्स्कुनका सञ्चालक चण्डीप्रसाद शर्मा, केन्द्रीय सूचना तथा सञ्चार सहकारी संघका लेखा सदस्य खीमबहादुर कार्की, जिल्ला सहकारी संघ बागलुङका अध्यक्ष दिपक गौतम, उपाध्यक्ष अशोकगोविन्द राजभण्डारी, बहुउद्देश्यीय सहकारी संघका अध्यक्ष दुर्गाबहादुर कुँवर, स्वास्थ्य सहकारी संघका अध्यक्ष सिता शर्मा, जिल्ला वचत तथा ऋण सहकारी संघ पर्वतका अध्यक्ष शेषकान्त रेग्मी, रिहागाद बहुउद्देश्यीय सहकारी संस्था म्याग्दीका अध्यक्ष सुनिता मल्ल, पुरस्कृत संस्थाको तर्फबाट अभियान बहुउद्देश्यीय सहकारी संस्थाका अध्यक्ष देवी शर्मा लगायतले मन्तव्य व्यक्त गर्नु भएको थियो ।

कार्यक्रम बैंकका प्रवन्धक सञ्चालक के.बी. उप्रेतीको अध्यक्षता, सञ्चालक रामबहादुर जिसीको सञ्चालन र बागलुङ शाखाका प्रमुख सन्तोष घिमिरेको स्वागतमा सम्पन्न भएको थियो । कार्यक्रममा बैंकको परिचय, वर्तमान अवस्था र आगामी योजनाका बारेमा बैंकका सञ्चालक ज्ञानबहादुर तामाङले सहजीकरण गर्नु भएको थियो ।

सोही अवसरमा बैंकको बागलुङ शाखामा आर्थिक वर्ष २०७३/०७४ मा उत्कृष्ट कार्य गर्ने सिवाइसी वचत तथा ऋण सहकारी संस्था लिमिटेड र नियमित कारोबार गर्ने अभियान बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडलाई प्रमुख अतिथि मन्त्री गुरुङले सम्मान गर्नु भएको थियो । बागलुङ, पर्वत, म्याग्दीका १ सय जना सहकारी संघ संस्थाका प्रतिनिधिहरुको सहभागिता रहेको कार्यक्रममा सहकारी बैंक र सदस्य संघ संस्थाहरुबीच सहकार्य, सहकारी अभियानलाई प्रभावकारी बनाउने लगायतका विषयमा छलफल गरिएको थियो ।

२०६५ सालमा स्थापना भएको सहकारी बैंकको बागलुङ शाखामा सो क्षेत्रका २ सय ४५ सहकारी संघ संस्था शेयर सदस्य, २ करोड ८० लाख शेयर रकम, २० करोड निक्षेप र १२ करोड लगानी रहेको शाखा प्रमुख सन्तोष घिमिरेले जानकारी दिनुभयो ।

# स्याङ्जामा बैंकको अन्तरक्रिया कार्यक्रम

*वालिंग, स्याङ्जा*

“सहकारीमार्फत जनतालाई स्वरोजगार गराउन ध्यान दिनुपर्छः राज्यमन्त्री अर्याल”

स्वास्थ्य तथा जनसंख्या राज्यमन्त्री पद्मा अर्यालले तीन खम्बे अर्थनीति अनुसारनै सहकारी क्षेत्रलाई प्राथमिकतामा राखेर नीति निर्माण र योजना बनाउनु पर्नेमा जोड दिनु भएको छ ।

सरकारले ल्याएको बजेटले कृषिलाई अत्यन्तै प्राथमिकता दिएको उल्लेख गर्दै उहाँले कृषि क्षेत्रलाई सवल र सक्षम बनाउनका लागि सहकारी क्षेत्रलाई पनि उत्तिकै प्राथमिकता दिनु पर्ने उहाँको भनाइ छ ।

राष्ट्रिय सहकारी बैंक लिमिटेडले असार ११ गते स्याङ्जाको वालिङमा आयोजना गरेको सहकारी बैंक र सदस्य संस्थाहरुबीच अन्तरक्रिया तथा पुरस्कार वितरण कार्यक्रमको उद्घाटन पछि बोल्दै उहाँले यस्तो बताउनु भएको हो ।

जनतालाई बढी भन्दा बढी प्रतिफल दिने गरी उद्यमशिलताको विकास गर्नका लागि सहकारी क्षेत्रमा रहेको श्रम, सीप र पूँजिलाई परिचालनका लागि राज्यले सहयोगी भूमिका निर्वाह गर्नु पर्ने भन्दै उहाँले त्यसका लागि सक्दो पहल गर्ने बताउनु भयो ।

संविधानले नै तीन खम्बे अर्थनीति अन्तर्गत समाजवाद उन्मुख अर्थतन्त्र निर्माण गर्ने लक्ष्य लिएको र त्यसका लागि स्थानीय स्रोत साधनको अधिकतम परिचालनका लागि सहकारी क्षेत्रको भूमिका प्रभावकारी हुने बताउनुभयो । कार्यक्रममा बैंकका अध्यक्ष रमेश प्रसाद पोखरेलले सहकारी अभियानलाई थप प्रभावकारी बनाउन बैंकको महत्वपूर्ण सहयोग रहने जानकारी गराउनु भयो।



उहाँले सहकारी ऐनले उल्लेख गरेको कर समायोजनका विषयमा सुधार हुने अपेक्षा समेत व्यक्त गर्नु भयो ।

कार्यक्रममा बैंकका प्रवन्धक सञ्चालक के.बी. उप्रेतीले बैंकको सेवा सुविधा र आगामी कार्ययोजनाका बारेमा जानकारी गराउदै सहकारी क्षेत्रको प्रवर्द्धनका लागि सहकारी बैंकसंग सहकार्य गर्न सबै सहकारी संघ संस्थाहरुलाई आग्रह गर्नु भयो। कार्यक्रममा केन्द्रीय दुग्ध उत्पादक सहकारी संघका पूर्व अध्यक्ष ढाकाराम अर्याल, राष्ट्रिय सहकारी बैंक वालिङ शाखा समन्वय उपसमितिका संयोजक पूण्यप्रसाद अर्याल, वचत तथा ऋण सहकारी संघ स्याङ्जाका अध्यक्ष रविन्द्रप्रसाद श्रेष्ठ, भीरकोट उद्योग वाणिज्य संघका अध्यक्ष भक्तबहादुर केसी, वालिङ उद्योग वाणिज्य संघका अध्यक्ष शोभाकान्त पौडेल, अखिल नेपाल किसान महासंघका प्रदेश सचिव सन्तोष केसी लगायतले सहकारी क्षेत्रलाई अगाडि बढाउन सहकारी बैंकको भूमिका प्रभावकारी रहेको र आगामी दिनमा सहकारीहरुलाई उत्पादन, प्रशोधन र बजारीकरणमा केन्द्रीत गर्ने थप कार्यक्रम अगाडि बढाउन सुझाव दिनु भएको थियो ।

बैंकका अध्यक्ष रमेश पोखरेलको अध्यक्षता, सञ्चालक रामबहादुर जिसीको सञ्चालन र वालिङ शाखा प्रमुख सुवास आचार्यको स्वागतमा सम्पन्न कार्यक्रममा बैंकको परिचय, वर्तमान अवस्था र आगामी योजनाका बारेमा बैंकका सञ्चालक ज्ञानबहादुर तामाङले सहजीकरण गर्नु भएको थियो ।

सोही अवसरमा बैंकको वालिङ शाखामा आर्थिक वर्ष २०७३/०७४ मा उत्कृष्ट कार्य गर्ने उपकार वचत तथा ऋण सहकारी संस्था लिमिटेड र नियमित कारोबार गर्ने दर्शन वचत तथा ऋण सहकारी संस्था लिमिटेडलाई प्रमुख अतिथि स्वास्थ्य राज्यमन्त्री पद्मा अर्यालले सम्मान गर्नु भएको थियो ।

स्याङ्जा जिल्लाका १ सय भन्दा बढी सहकारी संघ/संस्थाका प्रतिनिधिहरुको सहभागिता रहेको कार्यक्रममा सहकारी बैंक र सदस्य संघ संस्थाहरुबीच सहकार्य, सहकारी अभियानलाई प्रभावकारी बनाउने लगायतका विषयमा छलफल गरिएको थियो ।

# बुटवलमा बैंकको अन्तरक्रिया कार्यक्रम

## सहकारीमार्फत कृषि क्षेत्रमा क्रान्ति ल्याउनुपर्छ :मन्त्री पौडेल



रुपन्देही, बुटवल,

प्रदेश न. ५ का कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्री आरती पौडेलले नेपालको समृद्धिका लागि कृषि क्षेत्रमा आमुल परिवर्तन आवश्यक रहेको बताउनु भएको छ । उहाँले कृषिमा क्रान्ति गर्नका लागि सहकारी क्षेत्रलाई प्रभावकारी रुपमा अगाडि बढाउनु पर्नेमा जोड दिनुभयो ।

राष्ट्रिय सहकारी बैंक लिमिटेडले असार १३ गते रुपन्देहीको बुटवलमा आयोजित सहकारी बैंक र सदस्य संस्थाहरुबीच अन्तरक्रिया तथा पुरस्कार वितरण कार्यक्रमको उद्घाटन पछि बोल्दै उहाँले यस्तो बताउनु भएको हो ।

उत्पादन गर्ने उत्पादक किसानहरुले कम रकम पाउने, उत्पादित वस्तु उपभोग गर्ने उपभोक्ताहरुले धेरै मूल्य तिर्न पर्ने तर बिचौलियाले धेरै नाफा पाउने अवस्था विद्यमान रहेको भन्दै उहाँले सहकारी क्षेत्रलाई विचौलियाको अन्त्यका लागि अग्रसर गराउनु पर्नेमा जोड दिनुभयो । उत्पादकलाई थप उत्पादन गर्न प्रेरित गर्न तथा उपभोक्तालाई सुपथ मूल्यमा गुणस्तरीय वस्तु खान पाउने अवस्था सिर्जन ागर्नका लागि सहकारी क्षेत्र सचेत र प्रभावकारी बन्नु पर्ने उहाँको सुझाव छ ।

सहकारीहरुले विपन्न वर्गका जनतासंग रहेको रकम जम्मा गरेर ठुलो रकम बनाएको भन्दै अब सहकारी क्षेत्रमा रहेको रकमलाई देशको समृद्धिको अभियानमा जोडाउनु पर्नेमा जोड दिनुभयो ।

५ नं. प्रदेशको समृद्धिका लागि सहकारी अभियानलाई प्रभावकारी बनाउने गरी नीति तथा कार्यक्रम र बजेट समेत विनियोजन गरिएको भन्दै उहाले सहकारी अभियानसंग समन्वय गरेर बजेट कार्यान्वयन गर्ने प्रतिवद्धता व्यक्त गर्नु भयो । प्रदेशमा सहकारी ऐन निर्माणको क्रममा रहेको जानकारी गराउदै उहाँले प्रदेश नं. ५ को सहकारी ऐन सहकारीमैत्री बन्नेमा ढुक्क हुन सहकारीकर्मीहरुलाई आग्रह गर्नु भयो ।

कार्यक्रममा बैंकका अध्यक्ष रमेश प्रसाद पोखरेलले सहकारी ऐन अनुसारको कर समायोजन गर्नका लागि अन्य ऐनहरुसंग समायोजन गर्न आवश्यक रहेको भन्दै सरकारले समायोजनका लागि कार्यदल गठन गरेको र सहकारी ऐनको भावना अनुसार नै कर समायोजन हुने गरी छलफल अगाडि बढेको बताउनु भएको छ । कार्यक्रमका सहभागीहरुले राखेका जिज्ञासाहरुको जवाफ दिदै बैंकका प्रवन्धक सञ्चालक के.बी. उप्रेतीले सहकारीहरुमार्फत समाज रुपान्तरणको अभियानमा अग्रसर रहने सहकारी संघ संस्थाहरुको प्रवर्द्धनका लागि बैंक अग्रभागमा रहेर सहयोग गर्ने प्रतिवद्धता व्यक्त गर्नु भयो ।

कार्यक्रममा विशिष्ठ अतिथि राष्ट्रिय सहकारी महासंघका सञ्चालक तथा जिल्ला सहकारी संघ रुपन्देहीका अध्यक्ष भीम तुलाचन, नेपाल वचत तथा ऋण केन्द्रीय सहकारी संघका सञ्चालक कृष्ण नेपाल, जिल्ला दुग्ध उत्पादक सहकारी संघ रुपन्देहीका अध्यक्ष लेखनाथ पाण्डे, सहकारी विषयमा विद्यावारिधी गर्नु भएको सहकारी विज्ञ डा. खगराज शर्मा लगायतले राज्यले सहकारीमार्फत गरिवी निवारणका क्षेत्रमा गर्ने रकम सहकारी बैंकमार्फत परिचालनल गर्नु पर्नेमा जोड दिनु भएको थियो ।

बैंकका अध्यक्ष रमेश पोखरेलको अध्यक्षता, सञ्चालक रामबहादुर जिसीको सञ्चालन र बुटवल शाखाका प्रमुख नरेश पाण्डेको स्वागतमा सम्पन्न कार्यक्रममा बैंकको परिचय, वर्तमान अवस्था र आगामी योजनाका बारेमा बैंकका सञ्चालक ज्ञानबहादुर तामाङले सहजीकरण गर्नु भएको थियो । सोही अवसरमा बैंकको बुटवल शाखामा आर्थिक वर्ष २०७३/०७४ मा उत्कृष्ट कार्य गर्ने गरिमा वचत तथा ऋण सहकारी संस्था लिमिटेड बुटवल र नियमित कारोबार गर्ने कल्याणकारी बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडलाई प्रमुख अतिथि प्रदेश नं. ५ का कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्री आरती पौडेलले सम्मान गर्नु भएको थियो ।

रुपन्देही जिल्लाका १ सय ५० भन्दा बढी सहकारी संघ संस्थाका प्रतिनिधिहरुको सहभागिता रहेको कार्यक्रममा सहकारी बैंक र सदस्य संघ संस्थाहरुबीच सहकार्य, सहकारी अभियानलाई प्रभावकारी बनाउने लगायतका विषयमा छलफल गरिएको थियो ।

# दाङमा बैंकको अन्तरक्रिया कार्यक्रम
# 'सहकारीलाई स्थानीय उत्पादनको बजारीकरणमा केन्द्रीत गरौं'

दाङ,

समाजवाद उन्मुख अर्थतन्त्र निर्माणका लागि स्थानीय उत्पादन बढाउनु पर्ने र त्यसको बजारीकरण समेत उत्पादकहरुबाटै गर्नु पर्नेमा दाङको घोराहीमा आयोजित एक कार्यक्रमका सहभागीले जोड दिएका छन् ।

राष्ट्रिय सहकारी बैंक लिमिटेडले असार १४ गते आयोजना गरेको सहकारी बैंक र सदस्य संस्थाहरुबीच अन्तरक्रिया तथा पुरस्कार वितरण कार्यक्रमका सहभागीहरुले यस्तो बताएका हुन् ।




सहकारीका शेयर सदस्यहरुलाई सीप, प्रविधि र पूँजि उपलब्ध गराई उत्पादन बढाउन प्रोत्साहन गर्ने र उनीहरुले उत्पादन गरेका वस्तुहरुको संकलन र बजारीकरणका लागि सहकारीलाई केन्द्रीत गर्नु पर्नेमा सहभागीहरुको जोड थियो । राज्यले समाजवाद उन्मुख अर्थतन्त्रको विकास गर्ने लक्ष्य लिएको छ, राज्यले लिएको लक्ष्य पुरा गर्नका लागि स्थानीय स्रोतको अधिकतम परिचालन आवश्यक रहेको भन्दै सहभागीहरुले त्यसका लागि किसानलाई उत्पादनमा, सहकारीलाई संकलन र बजारीकरणमा लगाउनु पर्ने बताएका थिए ।

कार्यक्रममा जिल्ला समन्वय समिति दाङका संयोजक जितेन्द्रमान नेपालीले राजनीतिक क्रान्ति सकिएकाले अबको सम्पूर्ण ध्यान आर्थिक क्रान्तिमा लगाउनु पर्ने र त्यसका लागि उत्पादन बढाउने, उत्पादित वस्तुको व्यवस्थित बजारीकरणमा ध्यान दिनु पर्नेमा जोड दिनुभयो । उहाँले उत्पादन गर्न जनतालाई र संकलन र बजारीकरणमा सहकारीलाई लगाउन सकियो भने मात्रै राज्यले लिएको लक्ष्य पुरा हुने धारणा राख्नु भयो ।

कार्यक्रममा तुलसीपुर उपमहानगरपालिकाका प्रमुख घनश्याम पाण्डेले स्थानीय तहलाई समृद्ध बनाउनका लागि सहकारी सबैभन्दा उपयुक्त माध्यम हुने भएकाले सबै स्थानीय तहले सहकारीसंग समन्वय गरेर अगाडि बढ्नु पर्नेमा जोड दिनुभयो । तुलसीपुरको समृद्धिका लागि सहकारीसंग समन्वय गरेर काम गर्ने प्रतिवद्धता व्यक्त गर्दै तुलसीपुर उपमहानगरपालिकामा सहकारी बैंकको शाखा सञ्चालन गर्न समेत माग गर्नु भयो ।

कार्यक्रममा बैंकका अध्यक्ष रमेश प्रसाद पोखरेलले न्यायसंगत तथा व्यवहारिक रुपमा सहकारी क्षेत्रको कर समायोजन हुने बताउनु भयो । उहाँले सहकारीमा युवाहरुलाई बढी भन्दा बढी सहभागी गराउने गरी योजना निर्माण गरेर सहकारी क्षेत्र अगाडि बढ्नु पर्नेमा जोड दिनुभयो । कार्यक्रमका सहभागीहरुले राखेका जिज्ञासाहरुको जवाफ दिदै बैंकका प्रवन्धक सञ्चालक के.बी. उप्रेतीले सहकारी क्षेत्रको सबै भन्दा धेरै सदस्य भएको, धेरै शाखा तथा सञ्जाल रहेको र बढी कारोबार भएको सहकारी बैंकमार्फत दिइने सेवालाई समयक्रमसंगै विकास र विस्तार गरिने बताउनुभयो । उहाँले सहकारी क्षेत्रको सबै बजेट निर्धक्क भएर सहकारी बैंकमा जम्मा गर्न आव्हान गर्नुभयो ।

अन्तरक्रिया कार्यक्रमको उद्देश्य तथा औचित्यका बारेमा बैंकका सञ्चालक रामबहादुर जिसीले जानकारी गराउनु भएको थियो । कार्यक्रममा जिल्ला सहकारी संघ दाङका अध्यक्ष गोविन्द प्रसाद शर्मा, वचत तथा ऋण सहकारी संघका अध्यक्ष अञ्जनकुमार पौडेल, राष्ट्रिय सहकारी बैंक दाङ शाखा समन्वय उपसमितिका संयोजक भरतबहादुर बुढाथोकी, कृषि सहकारी संघका अध्यक्ष पदमा आचार्य, घोराही उपमहानगरपालिकाका सहकारी शाखा प्रमुख प्रेम केसी लगायतले मन्तव्य व्यक्त गर्नु भएको थियो । बैंकका अध्यक्ष रमेश पोखरेलको अध्यक्षता, सञ्चालक हरिहरनाथ योगीको स्वागत र दाङ शाखाका प्रमुख नारायण बेलबासेको सञ्चालनमा सम्पन्न कार्यक्रममा बैंकको परिचय, वर्तमान अवस्था र आगामी योजनाका बारेमा बैंकका सञ्चालक ज्ञानबहादुर तामाङले सहजीकरण गर्नु भएको थियो ।

सोही अवसरमा बैंकको दाङ शाखामा आर्थिक वर्ष २०७३/०७४ मा उत्कृष्ट कार्य गर्ने हातेमालो वचत तथा ऋण सहकारी संस्था लिमिटेड र नियमित कारोबार गर्ने साझेदारी वचत तथा ऋण सहकारी संस्थालाई सम्मान गरिएको थियो । दाङ, प्युठान, रुकुम र सल्यान जिल्लाका २ सय ५० भन्दा बढी सहकारी संघ संस्थाका प्रतिनिधिहरुको सहभागिता रहेको कार्यक्रममा सहकारी बैंक र सदस्य संघ संस्थाहरुबीच सहकार्य, सहकारी अभियानलाई प्रभावकारी बनाउने लगायतका विषयमा छलफल गरिएको थियो ।

२०६९ सालमा स्थापना भएको दाङ शाखामा साविकको राप्ती अञ्चलका ३ सय ५० वटा सहकारी संघ संस्थाहरु सदस्य, करिव २ करोड शेयर रकम, २० करोड निक्षेप र २० करोड कर्जा लगानी रहेको शाखा प्रमुख नारायण बेल्वासेले जानकारी दिनुभयो ।

# नेपालगञ्जमा बैंकको अन्तरक्रिया कार्यक्रम

## गरिबी निवारणमा जाने राज्यको रकम सहकारी बैंकमार्फत परिचालन गर्न माग

बाँके,

राज्यले गरिवी निवारण र विपन्न वर्गका जनताका लागि गर्ने सम्पूर्ण लगानी राष्ट्रिय




सहकारी बैंकमार्फत सहकारी क्षेत्रमा लैजान बाँकेका सहकारीकर्मीहरुले माग गरेका छन् ।

राज्यले सहकारीमार्फत परिचालन गर्ने सम्पूर्ण बजेट सहकारी बैंकमार्फत परिचालन गर्न सकेमा मात्रै लक्षित वर्गमा पुग्ने समेत बताएका छन् ।

राष्ट्रिय सहकारी बैंक लिमिटेडले असार १४ गते बाँकेको नेपालगञ्जमा आयोजना गरेको अन्तरक्रिया कार्यक्रमका सहभागीहरुले उत्पादन, प्रशोधन र बजारीकरणका क्षेत्रमा राज्यले गर्ने सम्पूर्ण रकम सहकारी क्षेत्रमार्फत नै लगानी गर्नु पर्नेमा जोड दिएका हुन् ।

राज्यले सहकारीले तीन खम्बे अर्थनीतिका रुपमा लिए पनि सहकारी क्षेत्रलाई हेर्ने दृष्टिकोणमा अझै सकारात्मक धारणा नआएको भन्दै सहभागीले मुलुकलाई समाजवाद उन्मुख अर्थव्यवस्थातर्फ लैजानका लागि सहकारी क्षेत्रसंग समन्वय गर्न आग्रह गरेका छन् ।

कार्यक्रममा उद्घाटन मन्तव्य व्यक्त गर्दै प्रदेश नं. ५ का सांसद इन्द्रप्रसाद खरेलले प्रदेश नं. ५ ले अगाडि बढाएको समृद्ध प्रदेश सुखी जनता भन्ने नारालाई सफल बनाउनका लागि सहकारीहरुसंग सहकार्य अनिवार्य रहेको बताउनुभयो । उहाँले उत्पीडित वर्गका जनताका लागि प्रदेश सरकारले ल्याएका मुख्यमन्त्री आवास, कृषि तथा उत्पादन र प्रशोधन लगायतका कार्यक्रममा सहकारी क्षेत्रसंग साझेदारी आवश्यक रहेको र त्यसो गर्न सकेमा प्रभावकारी हुने धारणा राख्नु भयो । सांसद खरेलले सहकारी क्षेत्रमा रहेको निश्चित रकम सामाजिक सेवामा लगाउन समेत आग्रह गर्नु भयो ।

कार्यक्रममा प्रदेश नं. ५ का सांसद विजयबहादुर यादवले गरिवी निवारणका लागि सहकारी क्षेत्रको प्रवर्द्धनमा आफ्नो तर्फबाट सक्दो सहयोग गर्ने प्रतिवद्धता व्यक्त गर्नु भयो ।

कार्यक्रममा बैंकका अध्यक्ष रमेश प्रसाद पोखरेलले युवाहरुलाई स्वदेशमै बस्ने वातावरण सिर्जना गर्नका लागि प्रविधिको उपयोगमार्फत कृषिमा आधुनिकीकरण आवश्यक रहेको बताउनु भयो ।

कार्यक्रमका सहभागीहरुले राखेका जिज्ञासाहरुको जवाफ दिदै बैंकका प्रवन्धक सञ्चालक के.बी. उप्रेतीले सहकारीहरुलाई व्यवसायिक बनाउनका लागि पूँजि, प्रविधि र आवश्यक शिक्षा तालिमका लागि सहकारी बैंक सदैव सहयोग गर्न तत्पर रहेको बताउनुभयो ।

अन्तरक्रिया कार्यक्रमको उद्देश्य तथा औचित्यका बारेमा बैंकका सञ्चालक रामबहादुर जिसीले र बाँके जिल्लाको सहकारीको अवस्थाका बारेमा जिल्ला सहकारी संघ बाँकेका अध्यक्ष प्रेम सुवेदीले जानकारी गराउनु भएको थियो ।

कार्यक्रममा राष्ट्रिय सहकारी विकास बोर्डका सञ्चालक देव बहादुर के.सी, जिल्ला वचत तथा ऋण सहकारी संघ बाकेका अध्यक्ष बिनोद कुमार शाह, कोहलपुर सहकारी सञ्जालका संयोजक मिना सिग्देल लगायतले सहकारी बैंक र सदस्य सहकारी संस्थाहरुबीच समन्वय गरेर सहकारी क्षेत्रको योगदानलाई माथि उठाउन आवश्यक रहेको धारणा राख्नु भएको थियो । उहाँहरुले कोहलपुरमा रहेका शाखामा कारोबार गर्न गाह्रो भएकाले कोहलपुरमा समेत शाखा सञ्चालन गर्न माग गर्नु भएको थियो ।

बैंकका अध्यक्ष रमेश पोखरेलको अध्यक्षता, सञ्चालक हरिहरनाथ योगीको सञ्चालन र कोहलपुर शाखाका प्रमुख किरण के.सी.को स्वागतमा सम्पन्न कार्यक्रममा बैंकको परिचय, वर्तमान अवस्था र आगामी योजनाका बारेमा बैंकका सञ्चालक ज्ञानबहादुर तामाङले सहजीकरण गर्नु भएको थियो । सोही अवसरमा बैंकको कोहलपुर शाखामा आर्थिक वर्ष २०७३/०७४ मा उत्कृष्ट कार्य गर्ने साकार कृषि सहकारी संस्था लिमिटेड राप्ती सोनारी-६, बाँके, नियमित कारोबार गर्ने सहकारी संस्था लिमिटेड कोहलपुर-११ बाँकेलाई सम्मान गरिएको थियो ।

बाँके र बर्दिया जिल्लाका २ सय भन्दा बढी सहकारी संघ संस्थाका प्रतिनिधिहरुको सहभागिता रहेको कार्यक्रममा सहकारी बैंक र सदस्य संघ संस्थाहरुबीच सहकार्य, सहकारी अभियानलाई प्रभावकारी बनाउने लगायतका विषयमा छलफल गरिएको थियो ।

२०६९ साल बैशाख २४ गते स्थापना भएको कोहलपुर शाखामा बाँके र बर्दियाका ३ सय वटा सहकारी संघ संस्थाहरु सदस्य, करिव १ करोड शेयर रकम, १२ करोड निक्षेप र १४ करोड कर्जा लगानी रहेको शाखा प्रमुख किरण खत्रीले जानकारी दिनुभयो ।

# बनेपामा बैंकको अन्तरक्रिया कार्यक्रम

*बनेपा काभ्रे,*

राष्ट्रिय सहकारी बैंक लिमिटेडको बनेपा शाखा कार्यालयको आयोजनामा काभ्रेपलाञ्चोक र सिन्धुपाल्चोक जिल्लाका सहकारी संघ/संस्थाहरु बिच असार ७ गते एक दिने अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो ।



कार्यक्रमको प्रमुख अतिथि जेष्ठ सदस्य अर्गानिक कफि उत्पादक संघका अध्यक्ष रवीनाथ तिमल्सिना रहनु भएको थियो । अन्तरक्रिया कार्यक्रममा जिल्ला समन्वय समितिका प्रमुख उद्धव प्रसाद के.सी., नेफ्सकुनका संचालक सदस्य उद्धव सापकोटा लगायत अतिथिहरुले मन्तव्य व्यक्त गर्न' भएको थियो । कार्यक्रममा सहकारी बैंकको भूमिका थप प्रभावकारी कसरी बनाउने र ग्रामीण भेगका सहकारी संस्थाहरुलाई कसरी समेटने सहितको शुभकामना मंतब्य जिल्ला समन्वय समितिका प्रमुख उद्धव प्रसाद के.सीले राख्नुभएको थियो, कार्यक्रममा नेफ्सकुनका संचालक उद्धव सापकोटाले सबै खाले सहकारी संघ/संस्थाको विकास र प्रबर्द्धनका लागी स्थापित राष्ट्रिय सहकारी बैंक भएकोले सबै सहकारीलाई समेटी अगाड़ी बढन र सोही अनुसारका कार्यहरु ल्याउन बैंक संचालक समितिको ध्यानाकर्षण गराउनु भयो ।

बैंकका तालिम विभागका प्रमुख रामबाबु आचार्यले बैंकको समग्र अवस्था तथा बनेपा शाखाको आर्थिक गतिबिधिको बारेमा प्रस्तुतिकरण दिनु भएको थियो । यसै गरि उपस्थित संघ/संस्थाका प्रतिनिधिहरुले उठाउनु भएको प्रश्न एंव जिज्ञासाहरुको सहजिकरण बैंकको प्रबन्ध संचालक के.बि. उप्रेतीले गर्नु भएको भयो ।

सो अन्तरक्रिया कार्यक्रमको अवसरमा गत आर्थिक बनेपा शाखा कार्यालयमा उत्कृष्ट र नियमित वित्तीय कारोबार गर्ने क्रमश विन्धाबासिनी बचत तथा ऋण सहकारी संस्था लि. र मोडल बचत तथा ऋण सहकारी संस्था लि. लाई प्रशंसा पत्र वितरण गरिएको थियो । १५० भन्दा बढी संस्थाको संस्थाको उपस्थिति रहेको कार्यक्रम बैंकका प्रवन्ध सञ्चालक के.बी.उप्रेतीको अध्यक्षता, लेखा समिति संयोजक कूलचन्द्र अधिकारीको स्वागत र सञ्चालक ज्ञान बहादुर तामांगको सञ्चालनमा सम्पन्न भएको थियो ।

# कर्मचारी खैयरगुलीलाई बैंकको श्रद्धाञ्जली

*ललितपुर,*

राष्ट्रीय सहकारी बैंक लिमिटेडको केन्द्रीय कार्यालय अन्तरगत कर्जा विभागमा कार्यरत कर्मचारी अभिषेक खैयरगुलीको दुर्घटनामा परी निधन भएको छ । बैंकका कर्मचारी खैयरगुलीको निधनप्रति शोक व्यक्त गर्दै बैंकले असार २३ गते श्रद्धाञ्जली सभा सम्पन्न गरेको छ ।

श्रद्धाञ्जली सभामा बैंकका प्रबन्ध संचालक के.बी. उप्रेती, संचालकहरु रामशरण शर्मा घिमिरे, ज्ञान बहादुर तामांग, रामहरी बजागाई, नायव महाप्रबन्धक बद्री गुरागाई, सहायक महाप्रबन्धक हरिकृष्ण सापकोटा सहित बैंकका सबै विभागका विभागीय प्रमुखहरु, बैंकको काठमाण्डौ उपत्यकामा रहेका शाखाका प्रमुखहरु सहित केन्द्रीय कार्यालयका कर्मचारीहरु एवं स्काईप मार्फत सबै शाखाका कर्मचारीहरुको सहभागीता रहेको थियो । शोक सभामा बोल्ने बक्ताहरुको स्वर्गीय खैयरगुलीको बैंक प्रतिको लगनशीलता, मृदूभाषी बोली, उहाले बैंकलाई पुर्याउनु भएको योगदान र कार्यहरुको सम्झना ग दैं शोक सन्तप्त परिवार लाई धर्यधारण गर्ने शक्ति मिलोस भनी कामना गर्नुभएको थियो, शोकसभामा बोल्दै प्रबन्ध संचालक के.वी. उप्रेतिले खैयरगुलीको असमायिक निधनले सम्पूर्ण बैंक परिवार अत्यन्तै मर्माहत भएको बताऊदै उहाको योगदान लाई सम्झिनु भयो ।

वि.स. २०७० सालमा बैंकको सेवामाँ प्रबेश गरेका खैयरगुलीले बैंकका शाखा कार्यालयहरु बनेपा, पोखरा, चाबहिल, लाहान सहित कर्पोरेट कार्यालयमा कार्य गरी योगदान गर्नुभएको थियो, खैयरगुलीको यही असार २३ गते गृहजिल्ला बनेपामा सवारी दुर्घटनामा परी अल्पायुमै असमायिक निधन भएको थियो ।

# अन्तर्राष्ट्रिय कार्यक्रममा बैंकको सहभागिता

ललितपुर,

बैंकका अध्यक्ष रमेश प्रसाद पोखरेल दक्षिण कोरियामा अन्तर्राष्ट्रिय सहकारी महासंघ एसिया प्रशान्त क्षेत्रको आयोजनामा भएको क्रेडिट तथा बैकिङ सहकारीको क्षमता विकास कार्यशाला गोष्ठीमा सहभागी हुनुभएको छ। कार्यक्रम १८ जुन देखि २३ जुन २०१८ सम्म संचालन भएको थियो। सो अवसरमा उहाँले नेपालको प्रतिनिधित्व गर्दै कन्ट्रि रिपोर्ट समेत प्रस्तुत गर्नुभएको थियो, उहाले अबसरमा उहाले त्यस स्थानका विभिन्न सफल क्रेडिट युनियन तथा वित्तिय कारोबार गर्ने संस्थाहरुको अवलोकन भ्रमण समेत गर्नुभयो।

त्यसै गरी World Council of Credit Unions (WOCCU) को आयोजनामा जुलाई १४ देखि १९ सम्म Suntec Convention Centre, सिंगापूरमा आयोजना भएको "World Credit Union Conference" र ICA-AP, Committee of Uni/Campus, ANGKASA को आयोजनामा जुलाई २२ देखि २६ सम्म Penang, Malaysia मा आयोजना भएको "INTERNATIONAL SCHOOL COOPERATIVE SEMINAR" मा बैंकले सहभागिता जनाएको छ।

बैंकको तर्फवाट बैंक World Credit Union Conference कार्यक्रममा बैंकका संचालक सरिता भट्टराई ततथा INTERNATIONAL SCHOOL



COOPERATIVES EMINAR मा बैंकका संचालकद्वय सरिता भट्टराई र ज्ञान बहादुर तामांग तथा बैंकको शेयर सदस्य विकू बचत तथा ऋण सहकारीको तर्फवाट प्रेम प्रसाद सापकोटाले सहभागिता जनाउनु भयो।

उक्त कार्यक्रममा World Credit Union Conference मा विश्वभरवाट WOCCU मा आबद्ध बचत तथा ऋण सहकारीवाट प्रतिनिधित्व गर्ने प्रतिनिधिहरुको सहभागिता रहेको थियो, यस कार्यक्रममा बचत तथा ऋण सहकारी र सहकरीमा महिलाको आबद्धता बढाउने सम्बन्धमा विभिन्न प्रस्तुतिकरणहरु भएका थिए, त्यस्तै INTERNATIONAL SCHOOL COOPERATIVE SEMINAR मा क्याम्पस तथा विश्वविद्यालय मार्फत कसरी सहकारी शिक्षा बढाउने एबं दीगो विकास लक्ष्य हासिल सम्बन्धका बृहत विषयहरुमा अन्तरक्रिया भएको थियो।

त्यसै गरी CICTAB को आयोजनामा जुलाई २३ तारिक देखि २३ तारिक सम्म भारतमा आयोजना भएको "Cooperative Governance for BOD of Cooperative and Financing Institutions" नामक अन्तर्राष्ट्रिय कार्यक्रममा बैंक तर्कबाट बैंकका शेयर सदस्य चाईना ट्रेड बहुउद्देश्यीय सहकारी संस्थाका CEO राजेन्द्र कुमार श्रेष्ठले सहभागिता जनाउन जनाउनु भयो। सो कार्यक्रमको प्रमुख उद्देश्य सहकारी तथा वित्तीय संस्थाहरुमा सस्थागत सुशासन कायम राख्न संचालक समितिको कस्तो भूमिका रहन्छ संग केन्द्रित रहेको थियो।

त्यसै गरी, ACCU को आयोजनामा जुलाई २३ तारिक देखि २८ तारिक सम्म Bangkok को Thailand मा संचालन भएको "Supporter Membership Exposure Program" नामक अन्तर ाष्ट्रिय कार्यक्रम बैंकको तर्फबाट बैंकको शेयर सदस्य जनसचेतन साकोसबाट मिन प्रसाद दहाल, बिन्दबासिनी साकोस बाट सन्त कुमार श्रेष्ठ र चाईना ट्रेड बहुउद्देश्यीय सहकारी संस्थाबाट तुल्सी श्रेष्ठ, रेशम कुमार श्रेष्ठ र दुर्गा बहादुर श्रेष्ठ ले सहभागिता जनाउनु भएको छ।

संस्था परिचय

# संस्थाको नामः एकता बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड

**हल्दिबारी गाउँ पालिका वडा नं. २ झापा**

**अध्यक्ष** : गंगा प्रसाद सिवाकोटी

**संस्थाको पृष्ठभूमि** : सहकारी सिद्धान्त मुल्य र मान्यता अनुशार सदस्यहरुको आर्थिक तथा सामाजिक उत्थान गर्न बिभिन्न किसिमका व्यवसाय र उद्योग संचालन गर्न बहुउद्देश्यीय सहकारी संस्था को गठन र संचालन गर्न मिति २०५९/३/२४ गते डिभिजन सहकारी कार्यालय झापामा १३८ जना सदस्यहरु मिलेर स्थापना गरिएको थियो ।

संस्था स्थापनाको उद्देश्य : सदस्यहरुको सामाजिक आर्थिक हितलाई ध्यानमा राखि निम्न बमोजिमको काम कारबाही गर्नु संस्थाको उद्देश्य हुनेछ ।

- परम्परागत कृषि पेशालाई आधुनिकीकरण गरि व्यवसायिक पेशाको रुपमा परिवर्तन गर्न आवश्यक कार्य गर्ने ।
- सदस्यहरुको खाँचो पूरा गर्न एकजुट भई कार्य गर्न प्रोत्साहन गर्ने ।
- निम्न वर्गका महिला सदस्यहरुलाई समुहमा आवद्ध गरि सामुहिक रुपमा काम गर्ने प्रेरणा जगाई आयमुलक कार्यहरु संचालन गर्ने ।
- सदस्यहरुमा नियमित रुपमा बचत गर्ने बानीको बिकास गरि व्यवसाय संचालन गर्न आवश्यक ऋणको व्यवस्था गर्ने ।
- महिला वर्गको आर्थिक तथा सामाजिक उत्थानको निम्ति आवश्यक शिक्षा स्वास्थ्य सुरक्षाको समाजमा ब्याप्त परम्परागत अन्धबिश्वास कुरिती कुसंस्कार हटाउन एकजुट भई काम गर्ने ।
- सदस्यहरुको सिप ज्ञान तथा दक्षताको अभिबृद्धी गरि रोजगारी बढाउने कार्य गर्ने साथै बालबालिका र असहाय महिलाहरुको हितमा एकजुट भई कार्यगर्ने ।
- चलअचल सम्पत्ति आर्जन गर्ने खरिद बिक्रि गर्ने, हस्तान्तरण गर्ने धरौटी तथा बन्धक राखि कार्यहरु गर्ने ।
- कृषि सामाग्री उपभोग्य बस्तुको सुपथ मुल्यको पसल संचालन गरि गुणस्तर युक्त सामाग्रीहरु सदस्यहरुलाई उपलब्ध गराउने ।
- उत्पादित बस्तुहरु संकलन तथा प्रशोधन गरि बजार ब्यवस्था गर्ने ।

**सदस्य संख्या** : महिला ११४७

पुरुष १११३

अन्य ४७

**जम्मा** २३०७

**कार्यक्षेत्र** : झापा जिल्लाको हल्दिबारी १ देखि ५ सम्म र बिर्तामोड न.पा.वडा नं.७, ८, ९, १०

**वर्तमान अवस्थाः** एकता बहुउद्देश्यीय सहकारी संस्थाको कार्य प्रक्षेपण भन्दा माथि रहेको स्थितिमा छ । तथापी केही चुनौतिहरुको सामना गर्नु परिरहेको छ अन्य सहकारीहरु जस्ले यस क्षेत्रमा सेवा केन्द्रहरु संचालन गरिरहेको छन आकर्षक सेवा सुविधा प्राप्त गराउने भनी आर्थिक रुपमा आकर्षण गराउनु ।

**वित्तीय तथा आर्थिक अवस्था** :

**शेयरः** १,४०,३८,०००।-

**बचतः** ५३५२६०००।-

**कर्जा लगानीः** ७,४७,७२,०००।

**बाहिरी कर्जा लिएकोः** १,०७,९०,०००। (सहकारी बैक ५०,००,००० लघु कर्जा २०



लाख धितो कर्जा

तालिम तथा शिक्षाका कार्यक्रम संचालन तथा सहभागिता : सहकारी शिक्षा तालिमः ५ पटक प्रत्येक वडामा ३०० सहभागी हुनेगरि **कृषि तालिमः** १ (१४०९ सहभागी)

**स्वरोजगार तालिम :**

१ पटक २१ जना सहभागी

**ब्यक्तित्व बिकास तालिमः**

७ दिवसिय १०० जना भन्दा माथि

**स्वास्थ्य शिबिर :**

गाईनो सम्बन्धी १ रक्तदान १

**चुनौती तथा समस्या :**

- अन्य बैक तथा सहकारीहरुसँग कडा प्रतिस्पर्धा रहेको
- कृषि क्षेत्रका आश्रित ऋणीहरुबाट समयमा ब्याज तथा किस्ता प्राप्त गर्न नसक्नु
- बाहिरी बाट प्राप्त कर्जाको ब्याज महंगो भएको
- भवन र गोदामको अभाव

**सम्भावना र अभ्यासहरु :**

- कृषि यान्त्रिकिकरणमा प्रवेश
- सहकारी खेतिको सुरुवात
- रसायनिक मल बिउबिजन बिक्रि बितरण
- रेमिट्यान्स सेवा
- कृषि ब्यवसायलाई प्रवर्द्धन

**भावी कार्यक्रम :**

- धानको बिउ उत्पादन गरि बिक्रि वितरण गर्ने
- तोरि खेतिलाई प्रोत्साहन गरि तोरि मिलको स्थापना
- धान संकलन प्रशोधन, भण्डारण र बिक्री वितरण
- तोरिको तेल तथा धानमा सम्पूर्ण सदस्यहरुलाई आत्मानिर्भर गराउने
- २ बिगाहा जग्गा खरिद गरिने
- हाल ७ बिघाहा जग्गा लिजमा लिएर बिउ उत्पादन गर्ने धान रोपेको । त्यस पछि तोरि फलाउने र तेल र धानमा आत्मानिर्भर गराउने संस्थाको मुख्य लक्ष्य रहेको
- तोरी मिलको स्थापना गर्ने

**संस्थाबाट प्रवर्द्धित ब्यवसायहरु**

**१.सावना गृल** उद्योग, संचालक सावना मुर्मु

कुल लगानी २० लाख (संस्थाबाट १० लाख)

रोजगार ३ जनालाई दिएको मासिक ३००,००० को बिक्रि

**२. दिर्गराज तामाङ्ग** संचालक कुखुरा तथा बंगुर ब्यवसायी

कुल लगानी १५ लाख रोजगार ३ जना, मासिक कुल आम्दनी ३००,०००/

**३. पुण्य प्रसाद दाहाल,**

गाई पालन २ बिघाह जग्गा घासको लागि

कुल लगानी ७००,००० दैनिक ५० लि दुध बिक्रि मासिक आम्दानी ६६०००/

रोजगार २ जना

**४. रोशन सिवाकोटी**

लगानी ९ लाख

घासको लागी जग्गा १० कठ्ठा

दैनिक ५० लि दुध बिक्रि

रोजगार २ जना

*"आयो टप्प टिपी लग्यो टारेर टर्दैन त्यो ।*
*ईन्द्रै बिन्ती गरुन भुकेर पदमा मान्दैन त्यो ।"*

# हार्दिक समवेदना



**जन्मः**
**वि.सं. २०४९/०७/०७**

**स्वर्गारोहणः**
**वि.सं. २०७५/०३/२३**

## स्व. अभिषेक खैयरगुली

**यस बैंकका वरिष्ठ सहायक श्री अभिषेक खैयरगुलीको मिति २०७५/०३/२३ गते सवारी दुर्घटनामा परी अल्पायुमानै स्वर्गारोहण भएकोमा दिवंगत आत्माको चिरशान्तीको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं ।**

**राष्ट्रिय सहकारी बैंक लिमिटेड परिवार ।**
**कुपण्डोल, ललितपूर**
**फोन नंः ०१-५१८०१८२**

# आर्थिक सम्बृद्धिमा सहकारी

सहकारी, आर्थिक क्रान्तिको जनलहरमा ।
गाउँ बस्ती, तराई मधेस, पहाड, हिमाल, शहर बजारमा
छरियर रहेको, पुजीलाई संगठीत सहकारी संस्थामा
किसान मजदुर श्रमजिवि सबैलाई सहकारी अभियानमा ।।

गरिब धनि महिलापूरुष, समान सदस्यता भएमा
सहकारी अभियानको मुल्य मान्यता र समग्र आर्थिक, क्षेत्रमा
पैस ी वर्षको सहकारी निरन्तरता सफलताको चरणमा
सहकारीमय संघियता, स्रोत प्रदेश स्थानिय तह सबैमा ।।

गाउँ गाउँमा सहकारी, घरघरमा रोजगारी
सदस्य बीचको कारोवारमा सहकारी संस्थाको जिम्मेवारी
हामी हाम्रो सरकारको आर्थिक ब्यानर सहकारी
सहकारीमा विकृति र विसंगतिको अन्त्य गरी ।।

सरकारको नारा सम्बृद्धि र विकाशको बारेमा
पैतिस हजार सहकारी संघ संस्था स्थानिय सरकारमा
सहकारी अभियानको एकमात्र राष्ट्रिय सहकारी बैंक लि.को सम्बन्धमा
पन्ध्र वर्ष पुरा भई सोह्र वर्षका लागि निरन्तर सेवामा ।।

चौवालिस शाखा केन्द्रसम्मको सेवा रहेकोमा
सबै सरकार सहकारीकै मूल्य मान्यतामा
देशै भरिका सहकारी संघ संस्था नयाँ परिवर्तनमा
राष्ट्रिय सहकारी बैंक लि.को सफलताको पक्षमा ।।

आर्थिक सम्बृद्धिमा सहकारी जनताको आर्थिक सरोकारमा सहकारी
कारोवार संचालनको जन्म दिन देखि सयुक्त कार्यक्रम सम्बन्धमा ।



**कुलचन्द्र अधिकारी**
संयोजक,
लेखा समिति, राष्ट्रिय सहकारी बैंक लिमिटेड

## सहकारी बैंकका सञ्चालक जि.सी. सम्मानित

*म्याग्दी,*

बेनी नगरपालिका वडा नं. ६ वडा कार्यालयले सहकारी क्षेत्रमा गरेको योगदानको कदर गर्दै राष्ट्रिय सहकारी बैंक



लिमिटेडका सञ्चालक रामबहादुर जिसीलाई ०७५ साउन १ गते सम्मान गरेको छ ।

वडामा निर्वाचित भएको १ वर्षको समयमा पटक पटक वडाका महिला तथा विपन्न वर्गका जनतालाई सहकारी सचेतना, वित्तीय साक्षरता, उद्यमशिलता लगायतका विषयमा उत्प्रेरित गरी वडाको विकासमा योगदान गरेकोले जिसीलाई सम्मान गरिएको वडा अध्यक्ष कृष्ण बाँनियाले बताउनु भयो ।

वडावासीलाई सहकारी र व्यवसाय प्रवर्द्धनका लागि जनचेतना प्रदान गर्न निरन्तर साथ दिने तथा आयआर्जनका लागि उत्प्रेरित गर्ने कार्यले हामीलाई प्रभावित बनाएको छ, उहाँले हाम्रो वडा मात्रै होइन, देशभरका अति दुर्गम र पिछडिएको क्षेत्रमा पुगेर सहकारीमार्फत समाज रुपान्तरणमा गरेको योगदानको कदर स्वरुप सम्मान पत्रले सम्मान गरिएको उहाँले बताउनु भयो ।

साढे दुइ दशक देखि सहकारी अभियानमा क्रियाशिल जिसीले ग्रामिण क्षेत्रका सहकारीहरुको प्रवर्द्धनका साथै सहकारीका सदस्यहरुलाई सहकारीको महत्व र सहकारीमार्फत गर्न सकिने व्यवसायका बारेमा निरन्तर सहजीकरण गर्दै आउनु भएको छ ।

## सहकारी डिप्लोमा अलमुनाई एशोसियशनको संयोजकमा बैंकका संचालक भट्टराई

*ललितपुर,*

९६ औं अन्तर्राष्ट्रिय सहकारी दिवसको अवसर पारेर राष्ट्रिय सहकारी महासंघले राष्ट्रिय सहकारी बैंकका सञ्चालक सरिता भट्टराईको संयोजकत्वमा ७ सदस्यीय कोअपरेटिभ डिप्लोमा अलमुनाई




एशोसियसन गठन गरेको छ । सहकारी क्षेत्रको प्रवर्द्धनका लागि कोअपरेटिभ डिप्लोमा कोर्षमा सहभागीहरु बीच ०७५ असार २१ गते आयोजित कार्यक्रमका सहभागीहरुबीच कोअपरेटिभ डिप्लोमा अलमुनाई एशोसियशन गठन गरिएको हो ।

समितिका सदस्यहरुमा राजेन्द्र पौडेल, गोविन्द्र घिमिरे, शुभ अधिकारी, खोम बगाले, लक्ष्मी शाक्य, कल्पना श्रेष्ठ रहनु भएको छ । भारतीय सहकारी महासंघ र राष्ट्रिय सहकारी महासंघको सहकार्यमा सन् २००५ देखि जारी तीन महिने कोअपरेटिभ डिप्लोमा कोर्ष अध्ययन पूरा गरेका नेपाली सहकारीकर्मीहरुलाई संगठित गरेर मुलुकको सहकारी अभियानको गुणात्मक विकासमा योगदान दिने उद्देश्यले सो अन्तरक्रिया कार्यक्रम आयोजना गरिएको थियो । महासंघको सिफारिसमा हालसम्म सो कोर्ष पूरा गर्ने नेपाली सहकारीकर्मीहरुको संख्या ६३ जना पुगेको अन्तरक्रिया कार्यक्रमको अबसरमा जानकारी गराईएको थियो । कार्यक्रम राष्ट्रिय सहकारी महासंघका अध्यक्ष केशवप्रसाद बडालको अध्यक्षतामा सम्पन्न भएको थियो । सरिता भट्टराईले सन् २००८ मा राष्ट्रिय सहकारी संघ भारतबाट डिप्लोमा गर्नु भएको हो ।

# बैंकको नायव महाप्रबन्धकमा गुरागाईं

राष्ट्रिय सहकारी बैंक लिमिटेडको नायव महाप्रबन्धकमा बद्रि कुमार गुरागाईं नियुक्त हुनुभएको छ । बैंकको कर्मचारी छनौट उप-समितिको सिफारिसमा बैंकका प्रबन्ध सञ्चालक के.बी. उप्रेतीले २०७५ असार ११ गते देखि लागु हुने गरि २ बर्षका लागि नायव महाप्रबन्धक पदमा नियुक्त गर्नु भएको हो । गुरागाईं चार्टर्ड अकाउन्टेड समेत हुनुहुन्छ, उहाले बैंक तथा सहकारी



क्षेत्रमा १० बर्ष लामो अनुभव सम्हाली सक्नु भएको छ, उहामा बिगतमा समेत बैंकमा ३ बर्ष भन्दा बढी नायव महाप्रबन्धक पदमा कार्य गरेको अनुभव रहेको छ ।

बैंकको कर्पोरेट कार्यालयमा २०७५ असार ७ गते बैंकका प्रबन्ध संचालक के.बी. उप्रेती सहित बैंक उच्च व्यवस्थापनका कर्मचारीहरुद्वारा गुरागाईलाई स्वागत गरिएको थियो ।

# ब्यवसायिक उत्पादनमा अगाडी बढ्दै कृषकहरू

**कंचनपुर,**

प्रदेश ७ को कंचनपुर जिल्लाका कृषकहरुलाई ब्यवसायिक कृषि कार्यमा प्रोत्साहन गर्दै कंचनपुर स्थित मेगा कृषि सहकारी संस्थाले राष्ट्रिय सहकारी बैंकको सहयोगमा मेगा कृषि मार्ट संचालनमा ल्याए संगै भीमदत्त नगरपालिकामा रहेका कृषकलाई राहत मिलेको छ, कंचनपुरको भिमदत्त नगरपालिका-४ मा रहेको मेगा कृषि सहकारी संस्थाको प्रयासमा संस्थामा आबद्ध कृषकहरुलाई कृषि कार्य गर्ने सामग्री देखि किटनाशक औषधी, रासायनिक तथा जैविक मल तथा उन्नत जातका विउ बिजनहरु संस्थाले संचालन गरेको कृषि मार्टमा सुपथ मूल्यमा पाए संगै त्यस क्षेत्रका कृषकहरु खुसी बनेका हुन ।

मुलत कृषिमा आबद्ध भएका कृषक सदस्य बनाई संस्थाले कृषि उत्पादनलाई बढाई सदस्यको जीवनस्तर विकास गर्न धेरै पहिले देखि कृषि मार्ट सञ्चालन गर्ने लक्ष्य राखेको थियो तर आवश्यक पूंजी नहुदा संस्थाको उक्त लक्ष्य पूरा हुन सकेको थिएन, २०७२ सालमा राष्ट्रिय सहकारी बैंक लिमिटेड धनगढी शाखा स्थापना भए संगै बैंकवाट किस्ताबंदी कर्जा लिई संस्थाले मेगा कृषि मार्ट संचालनमा ल्याएको संस्थाका




प्रवन्ध सञ्चालक सुनिल सेट्टीले जानकारी दिनुभयो । संस्थाका सदस्यहरुलाई लघु तथा कृषि उद्यममा प्रोत्साहित गर्न सहकारी बैंक मार्फत लघुवित्त कर्जा लिई आफ्ना सदस्यहरुलाई भैसी पालन, माछा पालन, कुखुरा पालन, व्यापार ब्यबसायमा लगानी गरेको सेट्टीले बताउनुभयो ।

पहिले यस क्षेत्रका कृषकमा खेती कसरी गर्ने, मल तथा विउ बिजन कहाबाट ल्याउने, कृषि प्रविधिका सामग्री कसरी ल्याउने भन्ने जानकारी थिएन, अन्यौल थियो, सामान पाई हाले पनि महँगोमा खरीद गर्नुपर्ने समस्याका कारण समस्या झेल्दै आएका थिए, जव कृषि मार्ट सञ्चालनमा आयो संस्थाका सदस्यहरुले ट्याक्टर, जेनेरेटर, वाटर पम्प, घास काट्ने मेशिन, जुस बनाउने मेशिन, मोटरहरु, गार्डेन सामग्री, कृषि औषधि, कृषि औजारहरु, उन्नत जातका तरकारी तथा फलफूलका विउविजन, किटनाशक विषादी तथा रासायनिक एवं जैविक मलको लागी दु:ख पाउनु परेन ।

भिमदत्त नगरपालिका वार्ड नम्बर ३ बस्ने पुष्पराज जोशी मेगा कृषि सहकारी मार्फत लघु कर्जा लिई ३० वटा उन्नत जातका गाई तथा भैसी पालन गर्दै आईरहेका छन, उनले दुध तथा तरकारी विक्री गरेर मासिक २ लाख भन्दा बढ़ी आम्दानी गर्दै आईरहेका छन, मेगा कृषि सहकारीले आफुलाई कृषि उपज गर्न उत्प्रेरित गरेको उनको भनाई छ, संगैका साथी भाई बिदेश गएर कमाऊन नसकेको रुपया आफुले देशमै बसेर आम्दानी गर्न सकेकोमा आफुलाई गर्व लागेको उनको भनाई छ, भिमदत्त नगरपालिका वार्ड १८ बस्ने प्रशान्ति वियाल मेगा कृषि सहकारी संस्थाको सदस्य बनेकोमा आफुलाई गर्व गर्छिन उनले संस्थाको सहयोगमा ३ वटा पोखरी बनाई माछापालन गरेकी छन, देशमा महिलालाई पछाड़ी पारिएको कुरा चलिरहदा उनी भने महिला पुरुष बराबर नै सक्षम बनेको आफुलाई उदाहरण प्रस्तुत गरेकी छन, विधिवत् र वैज्ञानिक ढंगले कुखुरा पालन सम्बन्धी ज्ञान नहुदा समस्यामा रहेका चारणी बोहराले मेगा कृषिको साथले अहिले भिमदत्त नगरपालिका वार्ड १९ मा १ हजार ५ सय भन्दा बढ़ीको कुखुरा फर्म सञ्चालन गर्दै आईरहेकी छन, संस्थामा आबद्धता पश्चात ज्ञान र सीपको अभाव भएंन आवश्यक सिप तथा फर्म सञ्चालनको लागी संस्थावाट सहूलियत कर्जा पाए पछि ब्याबसयिक जिवनमा सहजता आउनुका साथै उत्पादकत्व समेत बढेको उनको भनाई छ ।

यी त केही प्रतिनिधि पात्र मात्र हुन मेगा कृषि सहकारी मार्फत भिमदत्त नगरपालिकाका २ सय भन्दा बढ़ी कृषकहरु संस्थावाट लघु कर्जा लिई बिभिन्न उद्यम तथा ब्यवसायिक उत्पादनमा लागेका छन, संस्थाले न्यून जीवनस्तर भएका महिलाहरुलाई समुहमा आबद्ध गराएर समेत ऋण लगानी समेत छ, प्रति ब्यक्ति तथा न्यूनतम १० जनाको समूह बनाई समेत लघु कर्जा लगानी गरिएको संस्थाले जनाएको छ, संस्थाले संचालन गरेको कृषि मार्टले सदस्यहरुको ब्यबसायलाई आवश्यक सामग्रीहरु सुलभदरमा उपलब्ध गराई रहेको छ, संस्थाले राष्ट्रिय सहकारी




बैंकको सहयोगमा १० बर्षका लागि सटर भाडामा लिई मेगा कृषि मार्ट सञ्चालनमा ल्याएको छ भने मार्टवाट सामान खरिद गरि कृषि ब्यबसायमा लाग्ने सदस्यलाई सहुलियत दरमा फाइनान्स सुविधा समेत प्रदान गरेको छ ।

सदस्यहरु संस्था प्रति खुसी र आभारी छिन, संस्थाका प्रबन्ध सञ्चालन सुनील सेट्टी राष्ट्रीय सहकारी बैंकको सहयोगमा सदस्यहरुको मुहारमा खुसी ल्याउन पाएकोमा आफुलाई खुशी ब्यक्त गर्नु हुन्छ । हाल संस्थामा ३ हजार, ८ सय ५५ जना सदस्य रहेको र संस्थाले गत आर्थिक बर्षमा १ करोड़ २० लाख शेयर पूंजी सहित बार्षिक ४५ लाख मुनाफा आर्जन गर्न सफल भएको प्रबन्ध सञ्चालन सेट्टीले जानकारी दिनुभयो । भविष्यमा कंचनपुर जिल्ला भर संस्थाको कार्य क्षेत्र बिस्तार गरी राष्ट्रिय सहकारी बैंकको सहयोग लिई अन्य धेरै सदस्यहरुको मुहारमा खुसी ल्याउने लक्ष्य संस्थाले लिएको समेत सेट्टीले बताउनु भयो । राष्ट्रिय सहकारी बैंकको शाखा कार्यालय २०७२ मा धनगढीमा स्थापना भए धनगढी शाखा वाट संस्थाले नियमित कारोवार गरेको तथा संस्थालाई बिभिन्न समयमा धितो कर्जा र लघु कर्जा गरी २ करोड़ लगानी गरिएको बैंकको धनगढ़ी शाखा प्रमुख कृष्ण रावलले जानकारी दिनुभयो ।